# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'नेपाली बालमनोवैज्ञानिक उपन्यासको सर्वेक्षण' रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

## १.३ विषयपरिचय

बालमनोविज्ञानलाई प्रमुख आधार बनाएर लेखिएका उपन्यासले बालबालिकाको चौतर्फी विकासमा सहयोग पुऱ्याउँछन् । यस प्रकारका उपन्यासमा बालपात्रको प्रयोग गरी उनीहरूको मानसिक अवस्थाको चित्रण गरिएको हुन्छ । यिनै बालमानसिकताको सूक्ष्म विश्लेषण गर्ने पद्धतिलाई बालमनोविज्ञान भनिन्छ । यसरी नेपाली उपन्यासमा बालमनोविज्ञानको प्रयोग भई लेखिएका उपन्यासहरूको सर्वेक्षणात्मक अध्ययन, भैसकेको छैन तर बालउपन्यासमा बालमनोविज्ञानको प्रयोग भएका उपन्यासहरूको केही मात्रामा अध्ययन भएको पाइन्छ । बालमनोविज्ञानले बालबालिकाहरूको आन्तरिक मनोवृत्तिहरूलाई वैज्ञानिक तरिकाले सूक्ष्म विश्लेषण गर्छ । नेपाली उपन्यासमा प्रयोग भएका बालपात्रहरूको बालमनोवैज्ञानिक सर्वेक्षणात्मक अध्ययन गर्नु यस शोधकार्यको प्रमुख विषय रहेको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्रका निम्नलिखित समस्याहरू रहेका छन् ।

क. बालमनोविज्ञान सैद्धान्तिक आधारहरू के – कस्ता रहेका छन् ?

ख. नेपाली बालमनोविज्ञानिक उपन्यासको परम्परा के कस्तो रहेको छ ?

ग. नेपाली उपन्यासमा बालपात्रको मनोविज्ञानको प्रयोग कसरी भएको छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य समस्याकथनमा देखापरेका समस्याहरूको समाधान गर्नु रहेको छ । प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नलिखित रहेका छन् ।

क.	बालमनोविज्ञानको सैद्धान्तिक रूपरेखा प्रस्तुत गर्नु

ख.	बालमनोविज्ञानको प्रयोग भएका नेपाली उपन्यासहरूको परम्पराको अध्ययन गर्नु,

ग.	नेपाली उपन्यासमा प्रयोग भएका बालपात्रहरूको बालमनोवैज्ञानिक विश्लेषण गर्नु

## १.६	पूर्वकार्यको समीक्षा

नेपाली उपन्यासमा बालमनोविज्ञानको प्रयोग भएका उपन्यासहरूको समष्टिगत रूपमा सर्वेक्षणात्मक अध्ययन अहिलेसम्म भएको छैन तर बालसाहित्य अर्न्तगत बालकथा, बालउपन्यासमा बालमनोविज्ञान प्रयोग भएका कथा तथा बालउपन्यासको भने केही मात्रामा बालमनोवैज्ञानिक अध्ययन भने भैआएको छ तसर्थ यस शोधपत्र अगावै भएका प्रमुख कार्यलाई मात्र यहाँ प्रस्तुत गरिएको छ ।

क.	मुरारीप्रसाद रेग्मी, 'सर्पदंश एक मनोवैज्ञानिक अध्ययन' रूपरेखा, (२०३२)

प्रस्तुत लेखमा नायक कम्मुले आमाको स्नेहको अभावले गर्दा उसमा घ्राण संवेदनाको जागृति हुन जान्छ जसले गर्दा चेतन यथार्थ जीवनवाट पलायन भई अचेतन दिवास्वप्नमा मग्न हुन पुगेर उसले अनैतिक कार्य गर्न पुगेको हो भनी कम्मु पात्रको मनोवैज्ञानिक विश्लेषण गरेका छन् ।

ख)	मोदनाथ प्रश्रित, 'नानीहरूलाई कसरी असल बनाउने' (२०४४)निबन्ध संग्रह

प्रस्तुत निबन्धसग्रहमा नानीहरूलाई कसरी मनोवैज्ञानिक ढंङ्गले असल बनाउन सकिन्छ भन्ने समस्याको समाधान गर्ने प्रयास गरिएको छ । बाबुआमाको लागि बालबच्चासंग व्यवहार गर्ने उपायहरूको मनोवैज्ञानिक ढंङ्गले सल्लाह र सुझाव दिने प्रयास गरिएको छ ।

ग)	रामप्रसाद भट्टराई 'उपन्यासकार रमेश विकल र उनका उपन्यास 'अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०४९)

रमेश विकलको बालउपन्यास 'विक्रम र नौलो ग्रह' उपन्यासको संक्षिप्त परिचय उपशीर्षकमा त्यस उपन्यासका बालपात्रहरू बलजगतबाटै टिपिएका र बालसुलभ मस्तिष्क अनुरूप रहेका छन् भन्ने कुराको चर्चा गरिएको छ ।

घ)	कृष्णचन्द्रसिंह प्रधान 'तारिणीका उपन्यास र यौन मनोविश्लेषण' (गरिमा), (२०५१)

प्रस्तुत लेखमा सर्पदंश उपन्यास बालमनोविज्ञानमा आधारित रहेको र यसले उनीहरूको अवचेतनमा अवस्थित सुसुप्त वासनाको वालसुलभ आनन्द र त्यसप्रति बढ्दो मोह, चाख र जिज्ञासाको विश्लेषण गरिएको छ ।

ङ)	गार्गी शर्मा 'गोठालेका बालपात्रहरू', नेपाली साहित्य मन्दिर प्रकाशन (२०५५)

प्रस्तुत कृतिमा मनोवैज्ञानिक कथाकार गोविन्द ब. मल्ल गोठालेका कथा र उपन्यासका अध्ययनका क्रममा बालमनोविज्ञानको विकासक्रम र बालमनोविज्ञानका विभिन्न आयामको चर्चा गरिएको छ ।

च)	नेत्रनारायण रेग्मी, 'नेपाली बालसाहित्यमा बालमनोविज्ञानको अवस्था' अप्रकाशित स्नातकोत्तर शोधपत्र वि.स.(२०६०)

प्रस्तुत शोधपत्रमा बालमनोविज्ञानको जानकारीका साथै बालउपन्यासकार प्रेमा शाहको बालउपन्यासको मनोविश्लेषणात्मक विवेचना गरिएको छ ।

छ)	दुर्गा बहादुर घर्ती, 'मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान' विद्यावारिणी शोधप्रबन्ध,(२०६०)

प्रस्तुत शोधपत्रमा मनोविश्लेषणात्मक उपन्यासहरूको पात्रहरूको विश्लेषण गर्ने क्रममा बाल लिविडोको प्रयोग भएको उपन्यास 'सर्पदंश'का बालपात्रहरूको मनोवैज्ञानिक ढंङ्गले विश्लेषण गरिएको छ ।

ज)	राम पौडेल, 'आधुनिक नेपाली कथाका बालपात्रको मनोवैज्ञानिक विश्लेषण', विद्यावारिधि शोधप्रबन्ध, (२०६०)

प्रस्तुत शोधप्रबन्धमा आधुनिक कथाहरूमा प्रयोग गरिएका बालपात्रको मनोविश्लेषणात्मक अध्ययन गर्ने क्रममा बालमनोविज्ञानको विस्तृत रूपमा अध्ययन गरिएको छ ।

झ)	प्रमोद प्रधान, 'नेपाली बालसाहित्यको इतिहास', काठमाडौँ वगर फाउन्डेशन नेपाल प्रकाशन (२०६१)

प्रस्तुत समालोचनात्मक कृतिमा बालसाहित्यकारको परिचर्चा र उनीहरूको कृतिको समीक्षा गर्ने क्रममा बालमनोविज्ञानको चर्चा गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली उपन्यास लेखन परम्परामा बालमनोविज्ञानको प्रयोग भएर लेखिएका उपन्यासहरू कमै छन् । बालउपन्यासमा भने बालमनोविज्ञानको प्रयोग भएर कृतिहरू लेखिएका भएपनि तिनमा निहित प्रशस्त बालमनोवृत्तिका पाटाहरूलाई केलाएर अध्ययन भएको पाइँदैन । नेपाली उपन्यासमा यस किसिमको बालमनोविज्ञानको अध्ययनले बालबालिकालाई बुझ्ने दिशामा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ । प्रस्तुत शोधकार्य यही विषयतर्फ उन्मुख रहेको छ । नेपाली बालमनोवैज्ञानिक

उपन्यासको अध्ययन अनुसन्धानद्वारा बालमनोवैज्ञानिक समीक्षाप्रतिको विकासमा टेवा पुऱ्याउनु प्रस्तुत शोधकार्यको औचित्य रहेको छ ।

### १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य नेपाली बालमनोवैज्ञानिक उपन्यास परम्परामा प्रयोग भएका बालपात्रहरूको बालमनोवैज्ञानिक विश्लेषणमा मात्र केन्द्रित रहको छ । यस शोधपत्रमा बालमनोविज्ञानको प्रयोग भएका उपन्यासहरूको सर्वेक्षणात्मक अध्ययनलाई मात्र समेटिएको छ ।

### १.९ शोधविधि

प्रस्तुत शोधपत्रमा सामाग्रीसङ्कलनअर्न्तगत पुस्तकालयसम्बन्धी पद्धतिको प्रयोग गरिएको छ भने सामाग्री विश्लेषण गर्ने क्रममा साहित्यिक समीक्षा प्रणालीलाई मूल आधार बनाइएको र आवश्यकता अनुसार ऐतिहासिक एवं विश्लेषणात्मक आदि पद्धतिलाई अपनाइएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

शोधपत्र संगठित एवम् व्यवस्थित गर्नको लागि प्रस्तुत शोधपत्रमा निम्न बमोजिमको रूपरेखा रहेको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद | शोध परिचय |
| दोस्रो परिच्छेद | बालमनोविज्ञानको सैद्धान्तिक परिचय |
| तेस्रो परिच्छेद | नेपाली उपन्यासमा बालमनोविज्ञानको प्रयोगको ऐतिहासिक अध्ययन |
| चौथो परिच्छेद | बालमनोविज्ञान प्रयोग भएका उपन्यासको बालपात्रको सर्वेक्षणात्मक अध्ययन |
| पाचौं परिच्छेद | निष्कर्ष |

## दोस्रो परिच्छेद

# बालमनोविज्ञानको सैद्धान्तिक रूपरेखा

### २.१ विषयप्रवेश

मनोविज्ञानको महत्त्वपूर्ण शाखाका रूपमा रहेको बालमनोविज्ञानमा बालकको सम्पूर्ण क्रियाकलापको अध्ययन गरिन्छ । "बालमनोविज्ञान प्राणीको बाल्यावस्था अर्थात् उसको आमाको गर्भमा अस्तित्वमा आएको समयदेखि लिएर उसको परिपक्वताको पूर्वअवस्था सम्मको जीवनको वातावरणको सर्म्पकबाट उत्पन्न क्रिया र मनोदशाहरूको अध्ययन गर्ने विज्ञान हो ।"[१]

मानवजीवनको सबैभन्दा महत्त्वपूर्ण आधारशीला वाल्यावस्था हो, भावी जीवनको सम्पूर्ण रूपरेखा बाल्यजीवनले निर्धारण गर्छ । यस सन्दर्भमा फ्रायडले भनेका छन् "वयस्क भएर व्यक्तिले कुनै नयाँ व्यवहार देखाउदैन बरु उसका प्रत्येक व्यवहारहरू वाल्यावस्थाको कुनै व्यवहार रूप हुन् ।"[२] तसर्थ बाल्यअवस्थामा बालबालिकालाई विशेष ध्यान पुऱ्याउनुपर्छ ।

बालमनोविश्लेषकहरू भन्छन्, "बालकहरू अंहकारी, डरपोक, परोपकारी, असमाजिक स्वार्थी प्रवृत्तिका कुरा उसका आफन्ती तथा नजिकको वातावरणबाट प्राप्त व्यवहारहरूको फल हो ।"[३] तसर्थ बालबालिकाहरूलाई उचित दिशा प्रदान गर्न बालमनोविज्ञानको अध्ययन प्रत्येक व्यक्तिको लागि अनिवार्य हुन्छ । प्राचीन कालदेखि महत्त्व दिँदै आएको बाल्याअवस्थाको अध्ययन बालमनोविज्ञानको रूपमा स्थापित भएको छ । मनोविज्ञानको महत्त्वपूर्ण शाखाका रूपमा बालमनोविज्ञानको अध्ययन मनोविज्ञानको विकास र अध्ययनपछि भएको हो । तसर्थ बालमनोविज्ञानको ऐतिहासिक पृष्ठभूमिमा रहेको मनोविज्ञानको इतिहास खोल्नु जरुरी छ ।

### २.२ मनोविज्ञानको पृष्ठभूमि

अन्य सबै विज्ञानहरूको जन्म भएसरी मनोविज्ञानको जन्म पनि हाम्रा पूर्वजहरूको जिज्ञासा र कुतूहलताको कारणले भएको हो । आफ्नो अगाडि भएको जीवनजगत्को स्वरूप र सम्बन्धका कारण आदिम मानिसले गरेका जिज्ञासाका कारण नै ज्योतिष, भौतिकशास्त्र, जीवशास्त्र जस्ता विज्ञानको उत्पत्ति भएको हो ।

---

[१] जगदानन्द पाण्डे, **बालमनोविज्ञान** तारा पव्लिकेशन कामाक्षा वाराणसी, सन् १९६६पृष्ठ १

[२] सरयुप्रसाद चौवे , **बालविकास तथा पारिवारिक सम्बन्ध,** विनोद पुस्तक मन्दिर आगरा सन् १९७५,पृष्ठ २१

[३] पूर्ववत्, पृ.५

मनोवैज्ञानिकहरूको विश्लेषणअनुसार पूर्वप्राचीन कालमा जब मानिसले गुफामा आफ्नो जीवन व्यतीत गर्दथ्यो, त्यसबेला पनि उसले विभिन्न किसिमका सपनाहरू (सिकार खेलेको, जंगली जनावरसंग लडेको, सर्पले टोकेको आदि) देख्ने गर्दथ्यो । उसले आफ्ना जीवनयापनका क्रममा विभिन्न समस्याहरू भोग्ने गर्दथ्यो । यसप्रकार मानव विकासको सुरुवातबाट नै मानिसका विविध किसिमका समस्याहरूबाट मनोविज्ञानको जन्म भएको हो । यसरी आदिम मानिसहरूले गरेका विभिन्न अनुभूतिहरू, विभिन्न प्रश्नहरूको उत्तरमा के भनियो भने "मानिसभित्र अर्को एउटा मान्छे हुन्छ जो अत्यन्त अदृश्य हुन्छ जो निद्रा तथा मृत्युको अवस्था छोडेर सदैव शरीरमा बन्दी रहन्छ ।"[४] यस्तो मनलाई प्रेतछाया मानियो तर यो आफैमा सन्तोषजनक उत्तर हुन सकेन ।

मनोविज्ञानको लागि प्रयुक्त हुने पश्चिमी शब्द Psychology मूलतः दुई ग्रिसेली शब्द psyche र logas मिलेर बनेको हुन्छ । psyche को अर्थ आत्मा हो भने logas को अर्थ विज्ञान अथवा विचार विमर्श भन्ने हुन्छ । यसरी हेर्दा psychology को अर्थ आत्माको विज्ञान भन्ने हुन्छ । यसरी आत्मा वा मनको अध्ययन दर्शनशास्त्रको मूल विषयवस्तु बन्यो ।

दर्शनशास्त्रको माध्यमबाट मानिसको मनको अध्ययन गर्ने परम्परा सर्वप्रथम ग्रीसका दार्शनिकहरूबाट भएको हो । सर्वप्रथम मानवमनको अध्ययन गर्ने दार्शनिक प्लेटो हुन् । उनले विचार र मनका बीचको सम्बन्ध स्थापित गरेका छन् । विचार अभौतिक हो भन्दै उनले विचारलाई भौतिक शरीरभन्दा भिन्न अस्तित्वका रूपमा प्रस्तुत गरे । यसरी शरीरभन्दा मनको अस्तित्व अलग हुन्छ भन्ने धाराणामा असहमति जनाउँदै आफ्नो बलियो तर्क प्रस्तुत गरे । उनका अनुसार, "मन शरीरको एउटा प्रक्रिया हो जसरी दृष्टि आँखाको क्रिया हो त्यस्तैगरी मन पनि शरीरको क्रिया हो ।[५]

यी कथनहरूको आशय के हुन्छ भने अनुभव र व्यवहारलाई बुझ्नको लागि त्यसलाई उत्पन्न गर्ने शारीरिक क्रियाहरूको अध्ययन आवश्यक हुन्छ । अरस्तुका अनुसार, मन शारीरिक क्रियाकलापको क्रियाव्यापार अथवा क्रिया हो । यसरी यो विचार मनोविज्ञानलाई विज्ञानको रूपमा स्थापित गर्नमा महत्त्वपूर्ण कदमका रूपमा देखापर्‍यो ।

Psychology शब्दको पहिलो प्रयोग सन् १५७६मा रुडोल्फ गोयकले गरेका हुन् तर यस शब्दको व्यापक प्रयोग भने १७ औं शताब्दीबाट भएको पाइन्छ ।

---

[४] अनुवादक आत्मराम शाह, **मनोविज्ञान**, राजकमल प्रकाशन सन् १९६६पृ

[५] अनुवादक आत्मराम शाह, पूर्ववत्, पृ. ६ ।

मनोविज्ञान जन्मकालदेखि १६ औं शताब्दीसम्म दर्शनशास्त्रको एक शाखाका रूपमा रह्यो । मनोविज्ञानलाई एउटा स्वतन्त्र विज्ञानको अध्ययनका रूपमा १८९७ मा विल्हेम उटले लाइपाजि विश्वविद्यालयमा मनोवैज्ञानिक संस्थानको स्थापना भएपछि भएको हो ।

## २.३ मनोविज्ञानको परिभाषा

पश्चिमी शब्द Psychology को शाब्दिक अर्थअनुसार मनोविज्ञानले मनको विज्ञान भन्ने अर्थ दिन्छ । १७ औँ शताब्दीमा मनोविज्ञानलाई मनको विज्ञानको रूपमा परिभाषित गर्ने यसका अग्रणीका रूपमा दार्शनिक पोप्पोनाजीलाई मानिन्छ । यदि मनोविज्ञानलाई मनको विज्ञानको रूपमा मान्ने हो भने मन शब्दलाई पनि आत्माजस्तै रहस्यमय वस्तुसँग सम्बन्धित मान्नुपर्ने ।

यदि आत्मालाई शरीरको प्रकियाअन्तर्गत राख्ने हो भने आत्मा अदृश्य हुनाले त्यो वैज्ञानिक अनुसन्धानको सीमाभन्दा बाहिरको विषय बन्न जान्छ । अतः मन तथा आत्मालाई आधुनिक मनोविज्ञानको विषय मान्न सकिँदैन । जुन विषयलाई वैज्ञानिक रीतिअनुसार अनुसन्धान निरीक्षण र परीक्षण गर्न सकिदैन त्यस विषयलाई कुनै पनि विज्ञानको रूपमा ग्रहण गर्न सकिँदैन । यसपछि भने १९ औँ शताब्दीका कतिपय मनोवैज्ञानिकहरूले मन र मष्तिस्कको क्रियाकलापलाई चेतनाको रूपमा व्याख्या गरे र भने “मनोविज्ञान चेतनाको विज्ञान हो ।”[६] चेतना व्यक्तिको आन्तरिक अनुभूति हो जो व्यक्तिपिछे फरक–फरक हुन्छ त्यसैले व्यक्तिको अध्ययनको लागि उसले गरेका आन्तरिक अनुभूतिहरूको समुचित अध्ययन गर्नु आवश्यक हुन्छ । हाल आएर आधुनिक मनोवैज्ञानिकहरूले चेतनालाई मनोविज्ञानको विषय मान्दैनन् । उनीहरूका अनुसार “अनुभूति निजी आत्मनिष्ट हुन्छ अतःकेवल अनुभव गर्ने व्यक्तिले नै आफ्नो चेतन अनुभूतिहरूको वर्णन गर्दछ त्यसैले विज्ञानले नितान्त व्यक्तिगत विषयको अध्ययन गर्दैन अतः यो परिभाषा पनि अमान्य भएको छ ।”[७]

२० औँ शताब्दीमा आएर आधुनिक मनोवैज्ञानिकहरूले मनोविज्ञानलाई, “मनोविज्ञान व्यवहारहरूको विज्ञान हो ।”[८] भनी परिभाषित गरेका छन् । व्यवहार भन्नाले खेल्नु, कुद्नु, घर बनाउनु जस्ता क्रिया मात्र नभएर त्यस्तो क्रिया जसबाट ज्ञान प्राप्त गरिन्छ,जस्तै भाव, सुखःदुःख, हर्ष, विषाद भय क्रोध यी सबै व्यक्तिका क्रियाकलापहरू हुन् । जीवनमा गरेका हरेक क्रियाकलाप मानिसका व्यवहारहरू हुन् ।

---

[६] रामप्रसाद पाण्डेय, पूर्ववत् पृ.३ ।

[७] अनुवादक आत्मराम शाह, **मनोविज्ञान**, राजकमल प्रकाशन, सन् १९६६, पूर्ववत् पृ.३ ।

[८] शर्मा एण्ड शर्मा , **शिक्षा मनोविज्ञान**, एम.के पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, वि.स २०६०, पृ. १

चाहे भित्तालाई एकनासले हेरिराख्नु, चोरलाई पक्रिन दौडिनु तथा बसेर कुनै लेख लेख्नु जस्ता कुनै लक्ष्यप्राप्तिका निम्ति गरिने कार्यहरू व्यक्तिका व्यवहारहरू हुन् ।

मानिस बुद्धिजीवी प्राणी हो तसर्थ मानिसले आफ्नो बौद्धिक क्षमताका कारण विभिन्न पदार्थ र नयाँनयाँ घटनाका विषयका बारेमा जानकारी प्राप्त गर्दछ । यसरी जानकारी प्राप्त गर्दा मानिसले विभिन्न किसिमका क्रियाकलापहरू गर्दछ भने विभिन्न व्यवहारहरू पनि देखाउने गर्दछ । यी विभिन्न क्रियाकलाप तथा व्यवहारहरूलाई उसको अनुभव भनिन्छ । मानिसको अनुभव तथा व्यवहार भनेको के हो ? मानिस यस्ता व्यवहारहरू किन गर्दछ ? केका लागि गर्दछ र कसरी गर्दछ ? भनी अध्ययन गर्ने शास्त्रलाई मनोविज्ञान भनिन्छ । अर्थात् सामन्यतया व्यक्तिको उमेरअनुसारको सम्पूर्ण मानसिक क्रियाकलाप बताउन सक्ने विद्यालाई मनोविज्ञान भनिन्छ ।

## २.४ मनोविज्ञानको क्षेत्र

"मनोविज्ञानले गर्भाधानबाट लिएर शैशव, बाल्यावस्था, किशोरावस्था, वयस्कता तथा त्यसभन्दा अगाडि वृद्धअवस्थासम्मका सर्म्पूण व्यक्तिको जीवनकालका क्रियाकलापको अध्ययन गर्दछ ।"[९] मनोविज्ञानले बालक र वयस्कको साधारण र असाधारण मानिसको तथा मानिस र पशुको तुलनात्मक मानसिक अध्ययन गर्ने कार्य पनि गर्दछ । यसले प्रत्येक व्यक्तिको आचरणको विभिन्नतामा रुचि राख्दछ । अझ त्यस भन्दा पनि बढी क्रियाकलापका सामान्य नियमहरूसँग सम्बन्ध राख्दछ जो अत्यन्त विषम व्यक्तिहरूप्रति समान रूपमा लागु हुन्छ । उदाहरणका लागि मानिसले सिक्नु, सोच्नु र संवेगको नियमअन्तर्गत पर्दछ यसकारण मनोविज्ञान व्यक्तिका क्रियाहरूको विज्ञान हो । यहाँ शब्दको प्रयोगले केवल हिड्नु, डुल्नु र बोल्नुजस्ता गत्यात्मक क्रियालाई मात्र संकेत गर्दैनन्। देख्नु, सुन्नु, याद गर्नु र सोच्नु जस्तो ज्ञानात्मक क्रियाहरू हाँस्नु चिल्लाउनु जस्तो संवेगात्मक क्रियाहरू तथा प्रसन्न तथा उदास हुनु जस्ता क्रियाकलापहरू पनि यस अन्तर्गत पर्दछन् ।

मनोविज्ञानको मूल विषय नै मानवका व्यवहारहरूको अध्ययन गर्नु हो । मानिसका व्यवहारहरू निरन्तर समयसँगै परिवर्तनशील भैरहन्छन् । समाजमा उसले भेट्ने भौतिक पदार्थहरू र मानिसहरूप्रति उसको व्यवहार बदलिरहन्छ । मानवको स्वभावलाई बुझ्न ज्ञानविज्ञानका धेरै क्षेत्रहरूको योगदान रहेको छ । "इतिहास पनि मानवस्वभावको अध्ययन हो, किनभने मानवजातिको परिवर्तनशील व्यवहार संस्कृति रीतिरिवाज र विचारको अध्ययन इतिहासले गर्दछ ।"[१०]

---

[९] हंसराज भाटिया, **मनोविज्ञान,** पृ. ४ ।

[१०] हंसराज भाटिया, **मनोविज्ञान,** वाराणसी ज्ञानमण्डल लिमिटेड,(बनारस) स्रंवत २०१७ पृ.१

त्यस्तैगरी अर्थशास्त्रले पनि मानिसले कुन प्रकारको काम गर्दछ,कसरी कमाउँदछ त्यस्तैगरी कमाएको सीमित पैसाले आफ्ना असीमित आवश्यकताको कसरी परिपूर्ति गर्दछ, कसरी आफ्ना सन्तानहरूको भरपोषण गर्दछ भनी मानिसका जीवनयापनका कार्यकलापको अध्ययन गर्दछ । त्यस्तैगरी शरीरविज्ञानले शरीरको रचना र प्रत्येक अङ्गका कार्यहरूको अध्ययन गर्दछ । यसरी शरीरविज्ञानले मानव स्वभावको अध्ययन गर्ने भए पनि यसको उद्देश्य केही फरक छ तर मनोविज्ञानको मुख्य लक्ष्य भनेको, मान्छेको इच्छा, चाहना, प्रयत्न अनुभव र विचारको अध्ययन गर्नु हो । मान्छेले कस्तो प्रक्रियाले ज्ञान प्राप्त गर्दछ, कसरी सोच्दछ, विचार गर्दछ,डराउने र रीस देखाउने गर्दछ, कसरी जीवनयापनको क्रियाकलापमा भाग लिन्छ, कसरी साथीहरूसँग घुलमिल गर्दछ आदि विषयमा मनोविज्ञानले चासो राख्दछ ।

मनोविज्ञानको विकासक्रमसँगसँगै यसका विभिन्न शाखाप्रशाखाहरूको विकास हुँदै गैरहेको छ । ती विभिन्न शाखाप्रशाखाहरूको विकास भए पनि यसले मूल रूपमा प्राणीका क्रियाकलापहरूको व्यवहारहरूको अध्ययन गर्दछ । ती प्रत्येक शाखाहरू एकअर्कामा परस्पर सम्बन्धित छन् । मनोविज्ञानका शाखाहरूअन्र्तगत सामान्य मनोविज्ञान, प्रयोगात्मक मनोविज्ञान, बालमनोविज्ञान, पशुमनोविज्ञान, शारीरिक मनोविज्ञान, सामाजिक मनोविज्ञान, औद्योगिक मनोविज्ञान आदि पर्दछन् ।

## २.५ बालमनोविज्ञानको अध्ययनको इतिहास

मनोविज्ञानको विकास सँगसँगै बालमनोविज्ञानको अध्ययन पनि हुन थाल्यो । मनोविज्ञान तथा बालमनोविज्ञानको ऐतिहासिक आधारभूमि दर्शनशास्त्र हो । यस विषयमा मनोविज्ञानको पृष्ठभूमितिर पनि केही केलाइयो । खासगरी मनोविज्ञानकै एक प्रकार रहेको बालमनोविज्ञानको स्वतन्त्र अध्ययन भने सत्रौं शताब्दीबाट प्रारम्भ भयो । शिक्षाप्रणालीमा वैज्ञानिक पद्धतिको अध्ययन गर्ने उद्देश्यले सन् १६२८ मा सर्वप्रथम जोन कमेनियसले आफ्नो पुस्तक ‘स्कुल अफ इन्फेन्सी’ को प्रकाशन गरे । तर यो पुस्तकको लाभदायिता केबल धनीवर्गको लागि मात्र भयो । यस पुस्तकको प्रतिफलदेखि निराश भएका कमेनियशले पुनः १६५७ तिर ‘आर विस पिक्टस ’(चित्र रूपमा संसार) नामक दोस्रो पुस्तकको सृजना गरे । यस पुस्तकको मूल उद्देश्य अनुसार “पहिले चित्रद्वारा स्थूल तथ्यहरूको परिचय लिने र पछि तिनीहरूको सूक्ष्म नाम जान्ने, अनि मूर्त एवं अर्मूत तत्त्वहरूको ज्ञान प्राप्त गर्नु हो ।”[११] यस पुस्तकद्वारा कमेनियसले

[११] श्रेष्ठ र अर्जेल, **बालमनोविज्ञान**, रत्न पुस्तक भण्डार, काठमाडौं, २०२६, पृ.५ ।

शिक्षाप्रणालीमा बालकहरूको व्यक्तिगत क्षमता र मूलप्रवृत्तिहरूको स्वतन्त्र विकास हुनुपर्दछ भन्ने मान्यता अघि सारे ।

यसरी कमेनियसले सुरुवात गरेको बालमनोविज्ञानको अध्ययनपरम्परालाई अठारौँ शताव्दीमा आएर जान लाँक (John Locke)रुसो (Roussau), हर्वार्ट (Herbart),फ्रोब्रेल पेस्तालोजी, मन्टेसरी आदिले गहन अध्ययनका साथ अगाडि बढाएको पाइन्छ । यीमध्येमा फ्रोबेलले प्रथमपटक किण्डरगार्डन (Kindergarden) प्रणालीको सुरुवात गरेर उनी यसका जन्मदाता बन्न पुगे । त्यस्तैगरी अठारौँ शताब्दीको उत्तरार्धतिर 'अवलोकन पद्धति' अर्थात बालबालिकाहरूको वैज्ञानिक पद्धतिबाट अध्ययन गर्ने परम्पराको विकास भएको पाइन्छ । यस पद्धतिको सुरुवात "सन् १७७४ मा मनोवैज्ञानिक पेष्टालोजीद्वारा आफ्नो तीन वर्ष छ महिनाको बालकको अध्ययनबाट भएको हो ।"[१२] उनले यसभन्दा अगाडि प्रयोगमा नआएको जीवनी पद्धतिबाट बालबालिकाको अध्ययन गर्ने परम्परालाई अघि बढाए । तर्सथ पेस्तालोजी नै प्रथमपटक बालमनोविज्ञानको वैज्ञानिक अध्ययन गर्ने व्यक्ति हुन् । यसरी उनी अठारौँ शताव्दीमा बालमनोविज्ञानको वैज्ञानिक अध्ययन गर्ने प्रमुख व्यक्ति पनि हुन् । अठारौँ शताब्दीमा बालमनोविज्ञानको अध्ययन यसप्रकार व्यापक रूपमा भएको पाइन्छ भने उन्नाईसौँ शताब्दीको प्रारम्भतिर यस विषयको नयाँ खोजमूलक अध्ययन नभए पनि उत्तरार्धतिर भने मिर्मिराउँदो प्रगति भएको देखिन्छ । उन्नाइसौँ शताब्दीका प्रारम्भिक वर्षहरूमा जर्मनीका जोहोन फ्रेडरिक हर्बर्ट (Johan Freidrich Herbert) ले बालकलाई रङ्गीन, चम्किला र आर्कषण वस्तुलाई राम्र्री देखाएर शिक्षा दिनुपर्ने कुरामा जोड दिए ।

त्यस्तै डार्बिनले सन् १८७१ मा 'मानिसको अवतरण (१८७२), 'मानिस र जनावरका भावनाको अभिव्यक्ति' शीर्षक पुस्तक लेखे । उनले उक्त पुस्तकमा पशु र बच्चाहरूको संवेगको अध्ययन समानरूपले गर्न सकिन्छ भन्ने मान्यता अघि सारेका थिए । उनले सन् १८७७ मा 'एउटा शिशुको जीवनवृत(A Biographycal Sketch of an infant )लेखेर टाइजमनले प्रारम्भ गरेको एउटै बच्चाको प्रत्यक्ष अवलोकनद्वारा तरिकाबद्ध जीवनीपरक घटनावृतलेखनको परम्परालाई अघि बढाएपछि उनी बालमनोविज्ञानका पिता भनेर चिनिन थाले ।

डार्विनको परम्परामा सन् १८८८मा प्रेयेरले 'बालकको मन(The mind of the child) सन् १९००मा मिलिसन्टले एउटा बालकको बायोग्राफी (The Biography of

[१२] पूर्ववत् पृ ८

baby), सन् १९०९मा बालकको विषयमा टिप्पणी (Notes on the development of child ) लेखहरू लेखे । २० औं शताब्दीको प्रारम्भमा जे जति बालमनोविज्ञानको विकास भयो त्यसले बालमनोविज्ञानलाई अलगै शाखाको रूपमा स्थापित हुने पृष्ठभूमि तयार गरेको देखिन्छ । त्यसैको परिणाम स्वरूप "१९३० तिर बालमनोविज्ञान एक मनोविज्ञानको रूपमा स्थापित भयो ।"[१३] यसरी २०औं शताव्दीमा बालमनोविज्ञानका क्षेत्रमा भएका नवीन वैज्ञानिक विकासका कार्यहरूको चर्चा तल गरिन्छ ।

यस सन्दर्भमा पूर्वप्रचलित जीवनीपद्धतिलाई छोडेर बालकहरूको शारीरिक, भावात्मक, सामाजिक, भाषिक, धार्मिक, नैतिक र खेलकुद आदि विभिन्न विषयको आधारमा बालमनोविज्ञानको अध्ययन गर्न थालियो । त्यसैगरी बालकहरूलाई उनीहरूको मानसिक स्तर अनुसार समूह विभाजन गरी अध्ययन गरिन थालियो । यसअनुसार मन्दबुद्धि, अपसमायोजित र तीब्र बुद्धिगरी तीन श्रेणीमा बाँडेर बालकहरूको अध्ययन गरिन्छ । त्यसैगरी बालकको बाह्य वातावरण जाति, लिङ्ग, जीवनस्तर आदिका आधारमा बालकको स्तर निर्धारण गर्ने परिपाटीको विकास भयो र स्तर अनुसारको शिक्षा दिने प्रचलन पनि भयो ।

बालबालिकाहरूलाई परेका अप्ठारा अवस्थाको समुचित अध्ययन र समाधानका उपायहरूतर्फ सचेत र वैज्ञानिक विधिको अवलम्बन गर्नेजस्ता कार्यहरू यस २०औं शताव्दीमा भएका देखिन्छन् । यसरी विभिन्न राष्ट्रहरूमा बालमनोविज्ञानको विकास धेरै थोर रूपमा भएको पाइन्छ । हाम्रो देश नेपालमा पनि विभिन्न लेखकहरू, संघ संस्थाले आ-आफ्ना मनोवैज्ञानिक ढंगले बालबालिकाको आवश्यकतालाई बुझेर विभिन्न सृजनात्मक रचनाहरू रचेको पाइन्छ ।

## २.६ बालमनोविज्ञानको परिचय

मनोविज्ञानको महत्त्वपूर्ण शाखाको रूपमा रहेको बालमनोविज्ञानको सम्बन्ध मानवजीवनको महत्त्वपूर्ण आधारशिला रहेको बाल्यजीवन विभिन्न अवस्थाहरूसँग सम्बन्धित हुन्छ । मनोविज्ञान जसरी स्थापित विज्ञान हो त्यसरी नै बालमनोविज्ञान पनि स्थापित मनोविज्ञान हो ।" बालमनोविज्ञानले जन्मको समयमा बालकमा कुन – कुन शारीरिक मानसिक क्षमता वर्तमानमा रहेको हुन्छ त्यसको विकास कसरी भएको हुन्छ बालकको समुचित विकासमा कुन – कुन अङ्गको आवश्यकता हुन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा बालमनोविज्ञानले विकासात्मक दृष्टिकोणले बाल्यजीवन विभिन्न

[१३] एम.ए शाह, **मनोविज्ञान**, आगरा विश्वविद्यालय आगरा, १९६९, पृ ३

अवस्थाहरूको अध्ययन गर्दछ ।"[१४] बालमनोविज्ञानको अध्ययनको विषय भनेको परिवेशअनुसार बालकले देखाउने मानसिक क्रियाकलापहरूको अध्ययन हो तर मानसिक क्रियाकलापहरूलाई बुझ्न शारीरिक क्रियाकलापहरूलाई बुझ्न आवश्यक हुन्छ ।

मानवजीवनको सुरुवात बाल्याअवस्थाबाट हुन्छ यही अवस्थाबाट भावी जीवनको निर्धारण पनि हुन्छ । यस सन्दर्भमा एडलर भन्छन्,"पूरै जीवनको ढाँचा शैशव अवस्थामा देखापर्दछ ।"[१५] त्यस्तै बाल्यावस्थामा व्यक्तिलाई जस्तो जस्तो अनुभव हुन्छ त्यस्तै सिक्दै जान्छ र त्यही अनुसार बालक प्रवृत्तिहरूको निर्माण हुन्छ ।

पछि गएर पनि त्यस्तै मनोवृत्तिहरूले बालकका व्यवहारहरूलाई अभिप्रेरित गर्दछन् । आजको बालक भोलिको देशको कर्णधार हो । "नागरिक राष्ट्ररूपी वृक्षको फलफूल, पात, हाँगा हो भने बालक त्यस वृक्षको जड हो । त्यसैले मूलजडले उचित हावापानी माटो, सूर्यको ताप समुचित मात्रामा पायो भने मात्र त्यसले वृक्षको रूप धारण गर्दछ । "[१६] तसर्थ बाल्यावस्था भावी जीवनको पूर्वाधार हो । प्रत्येक बाबुआमाले बालबालिकाको सामाजिक, मानसिक, शारीरिक, बौद्धिक संवेगात्मक विकासमा उचित ध्यान पुऱ्याउनुपर्छ । बाल्यावस्था कुमालेको काँचो माटो हो । जसरी कुमालेले काँचो माटोलाई जस्तो रूप दिन चाहन्छ त्यही अनुसार बनाउँदछ, त्यस्तैगरी बालबालिकालाई हामीले जस्तो शिक्षा र वातावरण दिन सक्यौँ त्यही अनुसारका उसका व्यवहारहरू बन्दै जान्छन् । यस सन्दर्भमा वाटसनले भनेका छन्, "यदि कुनै बालकलाई पूर्ण रूपमा मेरो नियन्त्रणमा दियो भने मैले जस्तो बनाउन चाहन्छु त्यही अनुसारको विशेषज्ञ बनाउन सक्छु जस्तो कि डाक्टर, वकिल, कलाकार, सफल व्यवसायी अर्थात् चाहे भने भिखारी तथा चोर पनि"[१७] यसर्थ बालबालिकाहरूप्रति हाम्रा कर्तव्यहरू छन् । उनीहरूलाई उचित वातावरण र शिक्षा दिनुपर्दछ ।बालबालिकालाई उचित वातावरण दिन सकियो भने मात्र उनीहरूको सकरात्मक विकास हुन्छ ।

बालकले भविष्यमा देखाउने उसका विभिन्न चरित्र तथा व्यक्तित्वसम्बन्धी धेरै गुणहरू मातापिता तथा अभिभावकद्वारा प्राप्त व्यवहारमा धेरै हदसम्म निर्भर गर्दछन् । बालकले भविश्यमा देखाउने विभिन्न प्रवृत्तिहरू र ऊ कस्तो स्वभावको बन्ने हो भन्ने लक्षण उसले बाल्याअवस्थामा देखाउँदछ । बालकहरूको मानसिक प्रवृत्तिको जग

---

[१४] जगदानन्द पाण्डेय, **बालमनोविज्ञान**, तारा पब्लिकेशन वाराणसी, सन् १९६६, पृ.२

[१५] डा. सरयुप्रसाद चौबे, **बालविकास तथा पारिवारिक सम्बन्ध**, विनोद पुस्तक मन्दिर, १९७५ पृ.२१

[१६] अयोध्याप्रसाद अचल, **बालमनोविज्ञानको रूपरेखा**, मोतिलाल वनारसीदास, १९५७, पृ.७ ।

[१७] अयोध्याप्रसाद अचल, **बालमनोविज्ञानको रूपरेखा** पूर्ववत् पृ.१९

शिशुहरूले गरेका अमनोवैज्ञानिक व्यवहारमा पाउन सकिन्छ । बालबालिकाको मूल प्रवृत्ति वा आन्तरिक इच्छाको परिपूर्ति हुन नसके उनीहरूको विकास सही दिशातिर जान सक्दैन । मानिसमा जे जस्तो प्रवृत्ति रहेको छ त्यो बालकको स्वभाव वा प्रवृत्तिको विकसित रूप हो भन्ने कुराको विस्तृत विश्लेषण मनोवैज्ञानिक फ्रायड, एडलर र युङ्गले गरेका छन् । बालबालिकाको राम्रो चरित्रगत स्वभावहरूको विकास गर्ने कार्य बाल्यावस्थामा हुनुपर्दछ अन्यथा ठूलो भैसकेपछि उसको व्यवहारमा परिवर्तन ल्याउन गाह्रो मात्र हैन कि असम्भव प्रायः हुन्छ ।

## २.७ बालविकास

बालमनोविज्ञानका बालकका सबै क्रियाकलापहरूको निश्चित पूर्ण र क्रमबद्ध ज्ञान प्राप्त गर्नको लागि अग्रसर हुन्छ । यसको मूल उदेश्य बालकका क्रियाकलापहरूमा समान रूपमा लागु हुने सामान्य र सर्वमान्य सिद्धान्तको खोजी गर्नु हो । बालमनोविज्ञानले बालबालिकाहरूको क्रियाकलापहरू जसरी व्यक्त हुन्छन् । त्यही अनुरूप बालकको अध्ययन गर्दछ । उनीहरू बोल्छन् त कसरी बोल्छन्, सोच्छन् त कसरी सोच्छन् ? बालबालिकाको साधारण, असाधारण, राम्रो, नराम्रो, सङ्गत विसङ्गत सबै क्रियाकलापहरूको अध्ययन बालमनोविज्ञानले गर्दछ ।

बाल्यावस्था भन्नाले बालक आमाको गर्भावस्थामा अस्तित्वमा आएदेखि लिएर उसको परिपक्वता आउनुभन्दा अगाडिको जीवनसँग सम्बन्धित छ । बालकको जीवनको सुरुवात उसको आमाको गर्भमा बीजारोपण भएदेखि नै हुन्छ, त्यो समयदेखिनै हुर्कन र बढ्न थाल्दछ । मूलरूपमा जब बालक आमाको गर्भबाट बाहिर आउँछ तब उसले बाहिरी वातावरणसँग समायोजन गर्दै सर्वप्रथम शारीरिक सन्तुलनतर्फ लाग्दछ । यसरी बालमनोविज्ञानले बालकको विकासात्मक पद्धतिको आधारमा अध्ययन गर्दछ ।

बालविकास भन्नाले बालक आमाको गर्भमा अस्तित्वमा आएको समयदेखि परिपक्वता आउनुभन्दा अगाडिका उसका शारीरिक, मानसिक, भाषिक, संवेगात्मक क्रिंयात्मक क्रियाकलापहरू पर्दछन् । त्यसपछि नै मानवको विकास सुसङ्गंठित रूपमा अगाडि बढ्दछ । विकासको प्रत्येक अवस्था बितेको अवस्थाको प्रतिफल हो । जस्तो कि बालक हिड्नुभन्दा अगाडि उभिन सिक्दछ । पहिला बस्न सिकेर मात्र हिड्न सिक्दछ । यसरी बालबालिकाको विकास शारीरिक र मानसिक विकास क्रमिक रूपमा भइरहन्छ । बालक बाह्य पारिवारिक सामाजिक वातावरणसँग समायोजन गर्दै अनि सामाजिक, भाषिक, संवेगात्मक नैतिक व्यक्तित्व विकास गर्दै समाजसँग घुलमिल हुन पुग्दछ ।

बालकको शारीरिक र मानसिक विकासको लागि उसको वंशानुगत गुण, पारिवारिक वातावरण र सामाजिक वातावरणको भूमिका महत्त्वपूर्ण हुन्छ । तसर्थ बालविकासका क्रममा देखापर्ने मूलभूत क्रियाकलापहरूको वर्णन तल गरिन्छ ।

### २.७.१ भाषिक विकास

बालकको व्यक्तित्व तथा सामाजिक विकासमा भाषाको महत्त्वपूर्ण हात रहेको हुन्छ । बालकले भाषा पहिले सङ्केतको माध्यमद्वारा सिक्दछ । बालकले आफ्नो प्रसन्नतालाई हाँसेर व्यक्त गर्दछ, भोकलाग्यो भने रुन्छ र आफ्नो आमालाई देख्यो भन्ने विशिष्ट ध्वनिले बोलाउँदछ । यसरी बालकले सुरुसुरुमा स्वर ध्वनिहरूको उच्चारण गर्दछ भने त्यसपछि मात्र व्यञ्जन ध्वनिहरू उच्चारण गर्न सिक्दछ । यसरी बालकले आफ्नो पारिवारिक वातावरण र सामाजिक वातावरणसँग घुलमिल हुँदै भाषिक क्षमतालाई बढाउँदै लैजान्छ । सामाजिक वातावरण र पारिवारिक वातावरण पाउनुभन्दा अगावै जब बालकले आफ्ना ध्वनि अवयवहरूको नियन्त्रण गर्न सिक्दछ अनि मात्र उसले आफ्नो नजिकको मान्छेको भाषाको अनुकरण गर्न सिक्दछ । सामाजिक र पारिवारिक वातावरणमा बालकको शारीरिक र मानसिक विकाससँगसँगै भाषिक क्षमताको विकास गर्दै लैजान्छ । बालबालिकाको भाषिक विकास उमेरअनुसार बढ्दै जाने हुँदा १५ वर्षसम्मको उमेरलाई तीन – तीन वर्षको समूहमा बाँधी ५ तहमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

#### क. ० – ३ वर्षको समूह

बालकले सर्बप्रथम संकेत भाषाका माध्यमद्वारा आफ्नो इच्छा र चाहनाहरूलाई व्यक्त गर्दछ । बालकले भाषालाई पैतृक सम्पत्तिका रूपमा प्राप्त गर्दैन बरु उसले भाषासम्बन्धी कौशल आर्जित गरेर सिक्दछ । बालकले संकेतका माध्यमद्वारा आफ्नो भावना पोख्न सिकेपछि उसले सर्वप्रथम अ र उ जस्ता स्वरध्वनिहरू उच्चारण गर्दछ । त्यसपछि मात्र त र द जस्ता व्यञ्जन ध्वनिहरू उच्चारण गर्दछ । एकवर्ष पुग्नुभन्दा अगावैका बालकहरूले कुनै पनि ध्वनिको तुरुन्त अनुकरण गर्न असम्भव हुन्छ । बालकहरूले बोल्नुभन्दा अगावै भाषालाई बुझ्ने कोसिस गर्छ । अनि मात्र बोल्ने अभ्यास गर्दछ । "चार महिनाको शिशुले ध्वनिदिशातिर आफ्नो टाउको घुमाउँदछ । नौ महिना अधिकांश शिशुले आफ्नो अभिभावकको आदेशलाई क्रियात्मक रूपमा पालना गर्दछ ।

शव्द छनौट गर्ने क्षमताको विकाससम्बन्धी स्थितिको अन्वेषणकर्ता स्मिथका अनुसार १ वर्षको बालकले तीन शब्दको ज्ञान गर्छ भने ३ वर्षको बालकले ८९६

शब्दसम्मको ज्ञान गर्छ ।"[१८] यस उमेरका बालबालिकाहरू निदरी गीतलाई मन पराउने हुन्छन् । सङ्गीतको धुनमा आफ्नो शरीरलाई चलायमान गराउने गर्छन् । ३ वर्षको उमेरसम्म आइपुग्दा उनीहरूले बोलेको वाक्य बुझिने हुन्छ ।

## ख. ४ – ६ वर्षको समूह

३ वर्ष पूरा गरेपछि बालकहरू जिज्ञासु हन्छन् । यो वस्तुको नाम के हो ? त्यो वस्तुले के गर्छ भनी सोध्ने हुन्छन् । त्यसैले साढे ३ वर्षको एउटा सामान्य बालकले यो कुर्सी, यो टेबुल यसको उपयोग के हुन्छ भनी बताउन सक्ने हुन्छन् । त्यस्तै यो उमेरमा खासगरी बालकहरू आफूभन्दा ठूलाहरूसँग गफ गर्न मन पराउने हुन्छन् । भाषिक विकास हुने क्रममा लिङ्गको आधारमा अर्थात् केटा र केटीको भाषिक अनुकरण सीप फरक हुन्छ । मनोवैज्ञानिकहरूको अन्वेषणमा केटाभन्दा केटीले डेढदेखि साढे चार वर्षसम्मको अवस्थामा अझ बढी स्पष्ट रूपमा बोल्दछन् । केटाभन्दा केटीले अझ बढी लामो वाक्यको प्रयोग गर्दछन् । "स्मिथका अनुसार ६ वर्षको उमेरसम्ममा २५६३ शब्दसम्म ज्ञानभण्डार बढ्छ ।"[१९] यस उमेरका बालबालिकाहरूले खासगरी ठूला ठूला अक्षर प्रयोग भएका किताबहरू, बालचित्र प्रयोग भएका कथा, कविताहरू रुचाउँछन् । कवितालाई भाका हालीहाली चिच्याईचिच्याई गीत गाउने गर्छन् । उनीहरू आफूभन्दा ठूलालाई जनावर र राजारानी परीका लोक कथाहरू भन्न लगाई आनन्द लिन मन पराउने हुन्छन् ।

## ग. ७ – ९ वर्षको समूह

यस वर्षसमूहका बालबालिकाहरूमा भाषिक क्षमताको विकास निकै नै भैसकेको हुन्छ । यस उमेरका विद्यार्थीहरू रचनात्मक र सिर्जनात्मक कार्यहरूमा अग्रसर हुन्छन् । उनीहरू पारिवारिक वातावरण, शैक्षिक वातावरण र सामाजिक वातावरणको परिवेशसँग राम्रोसँग घुलमिल भएका हुन्छन् तसर्थ आफ्ना इच्छा, चाहाना, उत्सुकतालाई व्यक्त गर्न सक्ने हुन्छन् । यस उमेरका बालबालिकाहरू चित्रात्मक रचनाहरूभन्दा कथा-कहानी भएका रचनाहरूप्रति आर्कषित देखिन्छन् । यिनीहरू दुईवटा वस्तुबीचको समानता र असमानता छुट्याउन सक्ने हुन्छन् । व्याकरणिक हिसाबले संयुक्त वाक्य र मिश्रवाक्य जस्ता लामा र जटिल वाक्य प्रयोग गर्न सक्ने देखिन्छन् । मनोवैज्ञानिक स्मिथका अनुसार, "यो उमेर समूहका बालबालिकाहरूमा

---

[१८] M.C cartap laguage development of the pre school child

[१९] Termal L.M The management of Intelligence , Houghtan Mittln Co. Boston , 1916,p22

३६०० शब्दजतिको शब्दभण्डार विकास भएको हुन्छ ।"[२०] त्यसैले यो उमेरसम्म आइपुग्दा भाषिक क्षमता तीव्रतर भएको हुन्छ । यिनीहरू भूत, वर्तमान र भविष्यप्रति उत्सुक देखिन्छन् । यिनीहरू साहित्यमा प्रयोग भएका सजिला विम्वहरूलाई बुझ्न सक्ने हुन्छन् ।

घ. १० – १२ वर्षको समूह

यस वर्ष समूहका बालबालिकाहरूमा तर्कशक्ति र विचारशक्तिको विकास भएको हुन्छ । यस उमेरका बालबालिकाहरूले रहस्यात्मक शब्दहरू प्रयोग गर्दछन् । खासगरी केटाहरूले भन्दा केटीहरूले यस्ता शब्दको बढी प्रयोग गर्दछन् । उमेरको वृद्धिसँगसँगै बौद्धिक स्तरको वृद्धि पनि हुने हुनाले उनीहरू जटिल वाक्यहरू प्रयोग गर्छन् । यिनीहरूले साहित्यिक भाषा बुझ्न सक्ने क्षमताको विकास गरेका हुन्छन् । स्टीनफोर्डको अन्वेषणअनुसार, "१० वर्षको उमेरमा ५४०० शब्द र १२ वर्षको उमेरमा ७२०० शब्दहरूको भाषिक क्षमताको विकास यस उमेरसमूहमा भएको हुन्छ ।"[२१]

यसरी यस उमेरका बालबालिकाहरूमा यथार्थपरक घटनाहरू पढेर त्यसको भावलाई बुझ्नसक्ने क्षमता र बिम्ब र प्रतीकको प्रयोग गर्न सक्ने क्षमताको विकास भएको हुन्छ ।

ङ. १३ – १५ वर्ष

बालमनोविज्ञानको सिद्धान्त अनुसार यस उमेर समूहका बालबालिकाहरूको अवस्थालाई किशोर अवस्था भनिन्छ । यस उमेरका बालबालिकाहरू न केटाकेटी जस्ता हुन्छन् न परिपक्वता नै प्राप्त गरिसकेका हुन्छन् । त्यसैले यतिखेरका उमेरका बालबालिकाहरू केटाकेटीको व्यवहार गरेको रुचाउँदैनन् । उनीहरूमा वयस्कमा हुनुपर्ने ज्ञान सीप क्षमताको विकास भैसकेको हुन्छ । उनीहरू वयस्कले पढ्न रुचाउने साहित्यिक रचनाहरू नै पढ्न रुचाउने हुन्छन् ।

## २.७.२ संवेगात्मक विकास

विभिन्न परिस्थितिहरूबाट उत्पन्न हुने भय, क्रोध, ईर्ष्या, आश्चर्य, हाँसो आदिलाई संवेग भनिन्छ । मनोवैज्ञानिक भाषामा प्रिय एवम अप्रिय अनुभूतिहरूलाई भाव भनिन्छ । माथिका भावहरू कतिपय प्रिय लाग्छन् कतिपय अप्रिय लाग्छन् । भाव र संवेग उस्तै लाग्छन् तर यी दुवैमा भिन्नता छ । भाव उत्पन्न हुँदा व्यक्ति सामान्य

---

[२०] टि.यम.यल, पूर्ववत्, पृ. १८ ।

[२१] टि. यम. यल, पूर्ववत्, पृ. १९ ।

स्थितिमा रहन्छ । संवेगको अवस्थामा व्यक्तिले विभिन्न प्रतिक्रियाहरू देखाउँदछ । संवेग परिस्थितिको प्रत्यक्षीकरण, स्मरण अथवा कल्पनाबाट उत्पन्न हुन्छ । संवेगको परिभाषालाई स्पष्ट गर्दै जगदानन्द पाण्डे भन्छन्, "संवेग कुनै परिस्थितिको प्रत्यक्षीकरण, स्मरण वा कल्पनाबाट उत्पन्न हुने भावनात्मक प्रक्रिया हो जसको परिणामस्वरूप शरीरमा विभिन्न परिवर्तन हुन्छ र ऊ कुनै न कुनै प्रकारको प्रतिक्रिया देखाउँछ ।"[२२] अतः मनोवैज्ञानिक कारणहरूको प्रतिफल नै संवेगको अनुभूति हुन्छ । संवेगको विभिन्न परिवर्तन कुनै परिस्थितिको प्रतिक्रियास्वरूप हुन्छ ।

त्यस्तैगरी संवेगसम्बन्धी विशद वर्णन मेक्डुगलले गरेका छन् । उनका अनुसार, "प्राणी मात्रको मस्तिष्कमा यी मूल प्रवृत्तिहरू संस्कारको रूपमा रहन्छन् । जसको कारणबाट प्राणीमात्रले कुनै विशेष प्रकारको चीजमा ध्यान दिन्छ,उसको उपस्थितिमा विशेष प्रकारको वेदना अथवा संवेगको अनुभूति गर्दछ र आखिर विशेष प्रकारको काममा प्रवृत हुन्छ ।"[२३] मूल संवेगहरू जन्मजातदेखि नै संस्कारका रूपमा बालकहरूमा रहन्छ । उमेरको वृद्धिसँगसँगै बालकमा शारीरिक विकास मात्र देखिदैन कि संवेगको मात्रादेखि नै त्यसको क्रम पनि वृद्धि हुँदै जान्छ । जतिजति संवेगहरूको विकास हुँदै जान्छ त्यति उसको अनुहार र अभिव्यक्तिमा पनि विचित्रता आउन थाल्दछ ।

मूल प्रवृत्तिको संख्या सम्बन्धमा विद्वानहरूमा मतैक्य देखिदैन तर मनोवैज्ञानिक मेक्डुगलले यसको संख्या चौधवटा बताएका छन् । मूलप्रवृत्तिको सम्बन्ध संवेगसँग रहन्छ । यिनै चौधवटा मूल प्रवृत्तिहरू र ती प्रवृत्तिसँग सम्बन्धित संवेगहरू क्रमागतरूपमा तल दिइन्छ ।

| मूल प्रवृत्ति | सम्बन्ध संवेग |
|---|---|
| १. खाद्यानुसन्धान प्रवृत्ति | भोक |
| २. पलायन प्रवृत्ति | भय |
| ३. द्वन्द्व प्रवृत्ति | क्रोध |
| ४. उत्सुकता | आश्चर्य |
| ५. रचना | रचनात्मक आनन्द |
| ६. संग्रह | संग्रह भाव |
| ७. विकर्षण | घृणा |

[२२] जगदानन्द पाण्डेय, **बालमनोविज्ञान,** तारा पब्लिकेशन वाराणसी, १९६६, पृ.९२

[२३] प्रो. दीर्घमान श्रेष्ठ र हरिप्रसाद अर्जेल, **बालमनोविज्ञान,** रत्न पुस्तक भण्डार , भोटाहिटी पृ.५२

| | |
|---|---|
| ८. शरणागत हुनु | करुणा |
| ९. कामप्रवृत्ति | कामुकता |
| १०. शिशुरक्षा | स्नेह |
| ११. सामाजिक प्रवृत्ति | एकाकीपन |
| १२. आत्मप्रकाशन | उत्साह |
| १३. विनीतभाव | आत्महीनता |
| १४. हाँस्नु | प्रसन्नता |

यी १४ वटा मूल प्रवृत्ति र तिनीहरूसँग सम्बन्धित संवेगहरूमा विद्वानहरूको मतैक्यता देखिँदैन तथापि बालकहरूमा देखापर्ने संवेगात्मक विकासका दृष्टिले तीन प्रकारको विभाजन गरिएको छ, ती हुन् । आत्मरक्षासम्बन्धी संवेग, सन्तानसम्बन्धी संवेग र समाजसम्बन्धी संवेग

**२.७.२.१ आत्मरक्षा सम्बन्धी संवेग**

माथि दिइएका चौधवटा संवेगहरूमध्ये आठवटा संवेगहरू आत्मरक्षासम्बन्धी संवेगहरू हुन् । भोक, भय, क्रोध, आश्चर्य, रचनात्मक आनन्द, संग्रहभाव, घृणा, करुणा बालकका आत्मरक्षासम्बन्धी संवेगहरू हुन् । यी संवेगहरूलाई पनि बालकहरूको उमेर समूह अनुसार निम्न पाँच तहमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

**क. ० – ३ वर्षको समूह**

बालबालिकामा भोकसम्बन्धी संवेग जन्मनेवित्तिकै सुरु हुन्छ । बालकमा संस्कारका रूपमा रहेको खाद्यानुसन्धानसम्बन्धी मूल प्रवृत्तिले गर्दा भोक लाग्नेवित्तिकै ऊ रुन थाल्दछ । मनोवैज्ञानिक विज्रेसका अनुसार, "लगभग डेढ वर्षसम्म निश्चयात्मक रूपमा बालकद्वारा अनुभूति गरिएका संवेगहरूलाई नामकरण गर्न गाह्रो हुन्छ ।"[२४] यद्यपि कुनै न कुनै परिस्थितिमा बालकहरूले विभिन्न संवेगहरू देखाएका हुन्छन् । एक महिनाको शिशुलाई यताउता पल्टायो भने बेखुसी व्यक्त गर्दै रुन थाल्दछ । तीन चार महिनाको रोइराखेको शिशु आमाको काख पाउने वित्तिकै चुप लाग्दछ । यसबाट उसले आनन्दको संवेग प्राप्त गरेको थाहा लाग्दछ । विज्रेसका अनुसार," तीन महिनाका अवस्थामा शिशुले आनन्द र दुःखको संवेगलाई देखाउँदछ ।

[२४] डा. सरयुप्रसाद चौबे ,बालविकास एवंम पारिवारिक सम्बन्ध, विनोद पुस्तक मन्दिर, आगरा, सन् १९७५, पृ.११७

छ महिनाका अवस्थामा बालकमा डर, घृणा, रीस पनि आउँछ । एक वर्षको हुँदा उसले माया र हर्षको संवेग देखाउँछ । डेढ वर्षको हुँदा बालकले ईर्ष्याको संवेग पनि देखाउन थाल्दछ र दुई वर्षको अवस्थामा बालकले पहिलाभन्दा पनि अझ बढी खुसी आनन्द, तथा डर र क्रोधलाई देखाउन समर्थ हुन्छ ।"[२५] रचनात्मक आनन्दको संवेगअन्तर्गत उनीहरूमा चित्रहरू हेरेर आनन्द लिने प्रवृत्ति देखापर्दछ ।

**ख. ४ – ६ वर्षको समूह**

बालकको उमेर अनुभवहरूमा जति-जति वृद्धि हुँदै जान्छ । उति-उति उसका संवेगगत जटिलताहरू बढ्दै जान्छन् । यस उमेरका बालबालिकाहरू स्कुलशिक्षामा प्रवेश गरिसकेका हुन्छन् । उनीहरूमा आत्मरक्षासम्बन्धी सम्पूर्ण संवेगहरू विकसित भएका हुन्छन् । यस उमेरसमूहका बालबालिकाले रिस उठेको समयमा हातखुट्टा फालेर भुईमा फालिनु, जोडले चिच्याउनु, सामान जति जथाभावी फाल्नु जस्ता क्रोधगत संवेगहरू देखाउदँछन् । ५, ६ वर्षको बच्चाले आफ्नो क्रोधको संवेग व्यक्त गर्न नराम्रो अपशब्द निकाल्दछ । यस उमेर बालकहरू अँध्यारोमा एक्लै हुँदा भयमूलक संवेग देखाउँदछन् । यस उमेरका बालकले आत्मरक्षाका लागि आफूभन्दा ठूलोको आज्ञा उलङ्घन गरेर उक्त संवेग प्रकट गर्दछन् । यस उमेरका बालबालिकाहरूले आफैँ कथा भन्ने र आफूभन्दा ठूलालाई कथा भन्न लगाएर आनन्द प्राप्त गर्दछ ।

**ग. ७ –९ वर्षको समूह**

यो उमेरसमूहका बालबालिकाहरूको आत्मरक्षासम्बन्धी सम्पूर्ण संवेगहरू विकसित भैसकेका हुन्छन् । उमेरको वृद्धिसँगसँगै यस उमेरका बालबालिकाको भयगत संवेग हराउँदै जान्छ र उनीहरू आत्मविश्वासी र निडर भएर जान्छन् । उनीहरूमा रचनात्मक आनन्दको संवेग बढ्दै गएका कारण उनीहरू बालसाहित्यमा बढी रुचि लिन्छन् । आफूभन्दा साना र दुःखीप्रति करुणाको भाव व्यक्त गर्दछन् । सात वर्षका बालकहरूमा उत्पन्न क्रोध संवेगमा एकाएक अरूलाई हात हाल्न जाइलाग्दैनन् । अरूको कुरा सुन्नमा उनीहरूमा धैर्यको विकास हुन्छ ।

**घ. १० – १२ वर्षको समूह**

यस उमेरसमूहका बालबालिकामा परिपक्वताका संवेगहरू देखापर्दछन् । यिनीहरू क्रोधको समयमा एकअर्कामा बहस गरिरहेको देखिन्छन् । उनीहरू आफ्नो झगडालाई सुल्झाउन आफूभन्दा ठूलोसँग समाधानका लागि जाने गर्छन् । यस उमेर

---

[२५] पूर्ववत् , पृ.११२

समूहका बालबालिकाहरूमा भय संवेग कम हुँदै जान्छ । त्यस्ता परिस्थितिहरूमा मात्र भय संवेग देखिने हुन्छ जतिखेर बालबालिकाहरूमा ईर्ष्या संवेग घट्दै गएको हुन्छ । आफ्नो उमेर र योग्यतामा गौरव बढेको हुन्छ । त्यसैले आफूभन्दा सानालाई उनीहरू सहानुभूति प्रदान गर्दछन् । उनीहरूको कल्पना र भावुकतामा वृद्धि हुँदै जान्छ ।

ङ. १३ – १५ वर्षको समूह

यस उमेरसमूहका बालबालिकालाई किशोर भनिन्छ । यो उमेर यौवनावस्थाको व्यवहार देखाउने कि किशोर अवस्थाको व्यवहार देखाउने भनी दोधारको अवस्था हो । यस उमेरका बालबालिकाहरू उत्तेजित, निडर, महत्त्वकांक्षी हुन्छन् । जसले गर्दा उनीहरू विभिन्न असामाजिक कार्यहरूमा संलग्न हुन्छन् जसले गर्दा तिनमा भय र दुःखका संवेगहरू देखापर्दछन् । यस उमेरका बालबालिकाहरू दिवास्वप्नमा हराएर आफू इन्जिनियर डक्टर बनेको सपना देखी आनन्दमा रमाउने गर्छन् । यस उमेरका बालबालिकाले आफ्नो क्रोधको संवेगलाई बाह्य रूपमा प्रकट गर्दैनन् मात्र तिनको अनुहारमा देखिन्छ । यो उमेर समूह परिपक्व अवस्थाको उमेर हो । त्यसैले संवेगहरूको प्रकटीकरणमा सचेतता देखिन्छ ।

## २.७.२.२ **सन्तानसम्बन्धी संवेग**

सन्तानसम्बन्धी संवेगअन्तर्गत कामुकता, स्नेह जस्ता संवेगहरू पर्दछन् । कामप्रवृत्तिसँगको सम्बन्ध कामुकतासँग हुन्छ भने स्नेहसँगको सम्बन्ध शिशुरक्षासँग हुन्छ । कामुकता उमेरको वृद्धिसँगसँगै देखापर्दछ । खासगरी केटीहरूमा केटाहरूमा भन्दा चाँडो यौनाङ्गहरूको विकास हुन्छ । छिटो छिटो शारीरिक विकास भएका बालबालिकामा दश-बाह्र वर्षको उमेरमा र ढिलो परिपक्वता प्राप्त गर्ने बालबालिकाहरूमा बाह्र-तेह्र वर्षसम्मको अवस्थामा कामुकताको लक्षण देखापर्दछ । तर पूर्णरूपमा कामप्रवृत्ति भने देख्न सकिँदैन । जब बालबालिकाहरू किशोर अवस्थामा पुग्दछन् तबमात्र उनीहरूमा स्पष्टरूपमा कामुकताका प्रवृत्तिहरू देखापर्दछ । जसले गर्दा विपरीत लिङ्गप्रति आर्कषण बढ्दछ । स्नेहसम्बन्धी संवेग शिशुरक्षासँग सम्बन्धित हुन्छ तर यसअन्तर्गत ठूलाले सानालाई गर्ने माया पनि पर्दछ ।

क. ० – ३ वर्षको समूह

स्नेह अथवा प्यारसम्बन्धी संवेग बच्चामा ६, ७ महिनामा देखापर्दछ । जो उसको नजिक हुन्छ र जसले उसलाई सेवा गर्छ उसलाई देखेर ऊ प्रसन्नता व्यक्त गर्दछ । १०,१२ महिनाको शिशुले आफ्नो आमाको मुखमा केही राखिदिएर आफ्नो स्नेहको प्रदर्शन गर्दछ । डेढ सालको बालकले चुम्बन दिएर आफ्नो मायाको प्रर्दशन

गर्दछ । सुरुसुरुमा शिशुमा आफ्नो आमाबुबाप्रति मात्र संवेग सीमित रहन्छ । जतिजति उसको उमेर बढ्दै जान्छ त्यति नै उसको प्रेमको क्षेत्र बढ्दै जान्छ । यस उमेरका बालबालिकाले आफ्नो खेलौनालाई खेलाउदै आनन्दको संवेग प्राप्त गर्दछन् त्यसैले आफ्नो खेलौनालाई खेलाउने र थपथपाउने गरेको देखिन्छ ।

### ख. ४ – ६ वर्षको समूह

यस उमेरसमूहका बालबालिकाहरूले आफ्नो उमेरसमूहका बालबालिकाहरूलाई साथी बनाउँदछन् । उनीहरूसँग खेल्ने नाच्ने निदाउने गर्ने हुनाले उनीहरूप्रति स्नेह प्रकट गरेको देखिन्छ । यस उमेरका बालबालिकाहरू आफ्नो खेलौनालाई अति माया गर्ने गर्छन् । ती खेलौनाहरूबाट टाढिन र छुटिन चाहदैनन् । यस उमेर समूहका केटीहरूले आफ्नो गुडियालाई अति माया गर्ने गर्छन् । उसको लागि त्यो गुडिया नै सर्वोपरि हुन्छ । तिनीहरू साना बालकहरूलाई काखमा लिने र खेलाउने काम गर्दछन् । तिनीहरूमा खेलौनालाई बालकको रूपमा स्नेह गर्ने जस्ता स्नेह संवेगका क्रियाकलापहरू देखिन्छन् । बाबुआमाले आफ्नो छोराछोरीप्रति धेरै नै स्नेह दिँदा पनि उनीहरूमा नकरात्मक प्रभाव पर्दछ । तसर्थ बाबुआमा सजग हुनुपर्दछ । बालकलाई घरमा मात्र सीमित नराखी समाजमुखी पनि बनाउँदै लैजानुपर्छ ।

### ग. ७ – ९ वर्षको समूह

यस उमेरसमूहका बालबालिकामा स्नेह संवेग परिपक्व रूपमा देखापर्दछ । बालबालिकाहरू मूलतः आफ्नै उमेरसँगसँगैको साथीसमूह बनाउने हुन्छन् । आफ्नो आमाबुबासँग भन्दा पनि साथीहरूसँग खेल्न मन पराउने हुन्छन् । एक अर्कामा मिलेर खेल खेल्दा, खानेकुरा खाँदा, एकलाई गीत गाउन पठाई आफू नाँच्दा स्नेह संवेग प्रकट गरेको देखिन्छ । उनीहरू आफूभन्दा सानालाई स्नेह प्रकट गर्ने गर्दछन् । बालसाहित्यअर्न्तगत कथा कविता पढ्न रुचाउने हुन्छन्, आफ्नो साथीको दुखद क्षणमा दुःख व्यक्त गर्ने हुन्छन् र परोपकारी भावनाको साथ आफ्नो कार्यको सम्पादन गर्दछन् ।

### घ. १० – १२ वर्षको समूह

यस उमेरसमूहका बालबालिकाको उमेर यौवनाअवस्थामा पुग्नुभन्दा अगाडिको उमेर हो । तीब्र शारीरिक वृद्धि हुनेहरूमा यौनाङ्गहरूको विकास हुने अवस्था हो । यिनीहरूमा स्नेहसम्बन्धी संवेग पूर्णरूपले देखापर्दछ । यस उमेर समूहका बालकहरूमा स्नेह, प्रेम, संवेग निकै बढेको हुन्छ । स्नेहका कारण आफूभन्दा सानालाई सहयोग गर्ने, आफ्ना भाइबहिनीहरूलाई सकरात्मक विकासमा ध्यान दिने, दया र मायाभाव प्रकट

गर्ने हुन्छ । यस उमेरसमूहका बालबालिकाहरू आफ्नो जाति, संस्कृति र राष्ट्रप्रतिको ममता, स्नेह देखाउन समेत सक्षम हुन्छन् ।

### ङ. १३ – १५ वर्षको समूह

यो उमेर समूहका बालबालिकालाई किशोर भनिन्छ । यो उमेरका बालबालिकामा यौनाङ्गको पूर्णरूपले विकास भएको हुन्छ । त्यसैले तिनमा कामुकताका संवेगहरू देखापर्दछन् । जसले गर्दा तिनमा विपरीत लिङ्गप्रति आर्कषण बढेको देखिन्छ । यिनीहरू आफ्नो अधिकांश समय विपरीत लिङ्गी साथीसँग बिताउन मन पराउने हुन्छन् । यस उमेरका बालबालिकामा संवेगहरू तीब्रतर रूपमा विकास भएको हुन्छ । जसले गर्दा उनीहरू हठी, निडर महत्त्वाकांक्षी हुन्छन् र उनीहरू असमाजिक क्रियाकलापमा समेत संलग्न हुँदा उनीहरू दुःखी चिन्तित हुने हुन्छन् । स्नेह संवेग पनि परिपक्व अवस्थामा पुगेको हुन्छ । उनीहरूमा मन, वचन कर्मले हरेक पक्षमा सहयोगी भावना, दया, माया, स्नेह आदिका साथ कार्य सम्पादन गर्ने स्वभावको विकास हुन्छ । यस उमेरमा तीब्र संवेगको विकासका कारणले बालबालिकाहरू नकरात्मक कार्यतिर आर्कषित हुने सम्भावना रहन्छ । तसर्थ उनीहरूलाई घरपरिवारबाट उचित स्नेह माया प्रकट गर्नुपर्दछ ।

## २.७.२.३ समाजसँग सम्बन्धित संवेग

समाजसम्बन्धी संवेगअन्र्तगत एकाकीपन, उत्साह, आत्महीनता, प्रसन्नता आदि संवेगहरू पर्दछन् । समाज सम्बन्धी संवेग शिशुहरूमा एकदम गौणरूपमा देखिन्छ । जतिजति उमेरको विकास हुँदै जान्छ त्यति त्यति समाजसम्बन्धी संवेगहरू देखा पर्दै जान्छ । बालबालिकाहरूको सामाजिक र मानसिक विकाससँगसँगै संवेगहरू बढ्दै जाने हुँदा पाँच समूहमा उमेर विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### क. ० – ३ वर्षको समूह

यो उमेरसमूहका बालबालिकाम खासगरी प्रसन्नताको संवेग देखापर्दछ । साना–साना शिशुले आफ्नो आमालाई देख्यो भने खिस्स हाँसेर आफ्नो प्रसन्नता व्यक्त गर्दछ । डेढ वर्षको अवस्थामा बच्चाहरूमा ईर्ष्याको भावना जागृत हुन्छ । आफ्नो आमाको दूध अरू बच्चाले चुसेको देख्दा त्यस बालकमा ईर्ष्याको भावना जागृत हुन्छ । यो उमेरसमूहका बालबालिकामा आत्महीनता, एकाकीपन जस्ता संवेगहरू देखापर्दैनन् ।

### ख. ४ – ६ वर्षको समूह

यस उमेरका बालबालिकामा शारीरिक विकास तीब्र गतिमा भएको हुन्छ । तसर्थ एकाकीपना, उत्साह आत्महीनता प्रसन्नताजस्ता संवेगहरू देखापर्दछन् । आफ्नो

साथीहरूको माझमा कुनै कार्य सम्पादन गर्न पाउँदा उसले धेरै उत्साहको संवेग देखाउँछ । यो उमेर आफ्नो काम आफै गर्ने आत्मनिर्भरतातिर लाग्ने उमेर हो जस्तो कि आफूले लगाएको लुगा फेरी अर्को लुगा लगाउनु । यस्ता कार्यहरू सम्पादन गर्न बालबालिका उत्साही हुन्छन् । आफ्ना साथीको गुटभित्र खेल्न पाउँदा र आफ्नो आदेशमा साथीहरूलाई कुनै कार्य गर्न लगाउँदा प्रसन्नता र आत्मविश्वासका संवेगहरू देखापर्दछन् । यो उमेर बालसाहित्यमा रुचि राख्ने उमेर भएकोले बालसाहित्यको सामाग्रीको अध्ययन गर्न पनि ऊ उत्साही देखिन्छ । आफ्नो साथीको व्यवहारले कहीलेकाँही आत्महीनताको महसुस गर्दछ ।

### ग. ७ – ९ वर्षको समूह

यो उमेर समूहका बालबालिकाहरूमा समाजसँग घुलमिल हुँदा एकाकीपन, उत्साह, आत्महीनता जस्ता संवेगहरूको विकास भैरहेको हुन्छ । यी उमेरका बालबच्चाहरू सामाजिक कार्यहरू गर्नमा उत्साही हुन्छन् । उनीहरू आफूबाट साथीहरूका बीचमा कुनै कार्य गरी देखाउन नपाउँदा आत्महीनताको महसुस गर्दछन् । यो उमेर समूहका बालकहरू सृजनात्मक कार्यमा उत्साह देखाउँछन् र आफू साथीसंगीहरूसँग टाढिन पर्दा एक्लोपनको महसुस गर्दछन् । साथीभाइहरूका बीचमा आत्मप्रशंसा गर्ने र कार्यको सफलतामा प्रसन्न हुने जस्ता संवेगहरू तिनमा देखापर्दछन् ।

### घ. १०–१२ वर्षको समूह

यो उमेरसमूहका बालबालिकाहरूको शारीरिक र मानसिक विकास तीब्रतर रूपमा वृद्धि भएको हुन्छ र साथसाथै समाजसम्बन्धी संवेगहरू उत्साह, एकाकीपन, प्रसन्नता जस्ता संवेगहरू देखापर्दछन् । यी बालबच्चाहरू सामाजिक कार्यमा उत्साहपूर्वक लागेका हुन्छन् । कतिपय बालबालिकाहरू घरको झै –झगडा जस्ता वातावरणले गर्दा आफूलाई एक्लो महसुस गर्न पुग्दछन् । जस्तो किसिमको स्वस्थ सामाजिक वातावरण बच्चाले पाउँछ त्यही अनुसारको उसका संवेगहरू देखापर्दछन् तसर्थ बालबालिकालाई उचित सामाजिक वातावरण दिनुपर्दछ । यसका लागि अभिभावकहरूले राम्रो वातावरण सृजना गराइदिनुपर्छ ।

### ङ. १३ – १५ वर्षको समूह

यो उमेरका बालबालिकाहरू भनेका किशोर अवस्थाका बालबालिकाहरू हुन् । खासगरी उत्साह र उदासीनताजस्ता सामाजिक संवेगहरू तिनीहरूमा देखापर्दछन् । यो उमेरसम्ममा सम्पूर्ण संवेगहरू परिपक्व अवस्थामा देखापर्छन् र हरेक कार्यमा धेरै नै

उत्साह देखिन्छन् । यही उमेरमा यौनाङ्गहरू पनि पूर्ण रूपमा विकसित हुँदै आउँछन् । यस अवस्थामा कामुकता जस्ता संवेगहरू पनि तीव्रतर रूपमा देखापर्दछन् । जसले गर्दा असामाजिक उनीहरू कार्यहरूमा संलग्न हुन पुग्छन् र अपराधिक क्रियाकलापमा पनि संलग्न हुन पुग्छन् । उदास हुन पुग्छन् अनि एकदमै कम आत्मविश्वास हुने र जतासुकै असफलता हात लाग्ने जस्ता कार्य भएमा तिनमा उदासीनताका संवेगहरू देखापर्दछन् ।

### २.७.२.३ सामाजिक विकास

बालकमा सामाजिकताको विकास बालमनोविज्ञानको महत्त्वपूर्ण विषय हो । मानव सामाजिक प्राणी हो । मानवले सम्पूर्ण जीवनयापन समाजमा बसेर गर्दछ । मानवजीवनको सबैभन्दा महत्त्वपूर्ण आधार भनेको बाल्यावस्था हो । जब बालक जन्मन्छ उसले श्वासप्रश्वास, मूत्रत्याग, दूध चुस्ने, सुत्ने कार्य गर्दछ तर शिशु जन्मदा ऊ न त सामाजिक हुन्छ न त असामाजिक हुन्छ । जब बालकका क्रियाहरूले उसको आवश्यकतालाई सन्तुष्ट गर्दछ त्यसकै सहाराबाट सामाजिक क्रियाहरू सिकेर ऊ सामाजिक बन्दछ । “सुरु–सुरुमा बच्चालाई भोक लाग्यो भने रुन्छ, उसलाई उसको आमाले दूध ख्वाँउछिन् । बारम्बार रुनु र दूध खान पाउनु क्रियाले गर्दा उसले आफू रुँदा दूध खान पाइन्छ भन्ने सिक्दछ ।”[२६] यसरी मानसिक एवं शारीरिक विकासको साथसाथै समाजको रहनसहन, वेशभूषा, नैतिकता, धार्मिकता आदि सिक्दै जान्छ । यही प्रक्रियालाई नै सामाजिक विकास भनिन्छ ।

बालकको पूर्ण विकासमा सामाजिक सम्पर्कको ठूलो प्रभाव पर्दछ । बालकको पहिलो सामाजिक सम्पर्क आफ्ना नाता घर परिवारसँग हुन्छ । उसका बानी र व्यवहारहरू उसको घर परिवारबाट निर्धारित हुन्छन् ।

नर्सरी स्कुलका केही बालकहरूको आधारमा पोर्टनियरले गरेको अन्वेषण अनुसार, “घरको पृष्ठभूमि एक यस्तो मनोवैज्ञानिक शक्ति हुन जान्छ जसले बालकका प्रारम्भिक दिनहरूमा उसको व्यवहारको निर्धारणमा उसको व्यतित्व विशेष तथा सम्पूर्ण वातावरणप्रति व्यक्तिगत सम्बन्धको प्रमुख हात हुन्छ ।”[२७] त्यसैले घर बालकको पहिलो पाठशाला हो । जहाँ बालकको सम्पूर्ण विकासका पूर्वाधारहरू खडा गरिन्छ । यसरी बालबालिकाहरूको क्रमशः सामाजिक विकासलाई पाँच उमेर समूहमा राखी अध्ययन गर्न सकिन्छ ।

---

[२६] जगदानन्द पाण्डेय, **बालमनोविज्ञान**, पूर्ववत् पृ. ११३

[२७] सरयुप्रसाद चौबे, पूर्ववत् , पृ. १३

क. ० – ३ वर्षको समूह

बालक जन्मदा न सामाजिक न असामाजिक हुन्छ तर उसले सामाजिकताका व्यवहारहरू सिक्दै र देखाउदै जान्छ । बालक दुई महिनाको हुँदा अति गहन उद्दीपक जस्तै तीब्र ध्वनि र कडा स्पर्शमा आफ्नो प्रतिक्रिया देखाउने गर्दछ । यो समयमा ऊ मान्छेको ध्वनि र अरू प्राणीको ध्वनिमा अन्तर छुट्याउन सक्दैन । त्यस्तै तीन महिनाको शिशुमा सामाजिक विकास स्पष्ट देखिन्छ । ऊ एक्लै हुँदा रुने र अरूका साथमा रहदा सन्तुष्टिको भाव व्यक्त गर्दछ । पाँच-छ महिनामा शिशुले मायाले बोलाएको स्वर गाली गरेको स्वरलाई छुटयाउन थाल्दछ । ८, ९ महिनामा शिशुले अरूको बोलीको अनुकरण गर्न लाग्दछ । बाह्र महिनामा बालकलाई छुन निषेध गर्दा आफ्नो हातलाई हटाउने गर्दछ । बाहिरी व्यक्तिलाई देख्दा डराउने, रुने जस्ता सामाजिक व्यवहार गर्दछ ।

बालक दुई वर्षको हुँदा उसलाई खेलौनाप्रति रुचि बढ्छ । दुई वर्ष पार गरिसके पछि शिशुहरू अन्य शिशुप्रति आर्कषित हुन्छन् । यसरी बालबच्चाहरू तीन वर्षमा टेक्दा सामाजिक खेलहरूमा रुचि राख्ने हुन्छन् । यसरी बालबच्चाहरू सामाजिक क्रियाकलापमा भाग लिन्छन् ।

ख. ४ –६ वर्षको समूह

यो उमेर समूहका बालबालिकामा सामाजिक विकास द्रुत गतिमा देखापर्दछ । यी बालकहरूले आफूभन्दा साना र आफूभन्दा ठूलाप्रति गर्ने व्यवहार सिक्दछ । यो उमेरका बालबालिका आफूभन्दा वृद्धावस्थाका व्यक्तिहरूसँग खेल्न रुचाउँदैनन् । बरु आफ्नै उमेरसमूहका साथीभाइहरूसँग खेल्न रुचाउँछन् । यतिखेर उनीहरूमा सामाजिकताको विकास बढ्दै गएको हुन्छ । साथीहरूसँग मिल्ने, खेल्ने आफूभन्दा ठूलाको प्रशंसा पाउने अभिलाषा राख्दछ । ऊ आफ्नो काम आफै गर्न तयार रहन्छ । यस उमेर समूहका बालकलाई निर्देशनको मात्र आवश्यक हुन्छ । बालक ६ वर्षको अवस्थामा पुग्नु भनेको विद्यालय प्रवेश गर्ने उमेर हो । यस अवस्थामा बालक पठनपाठनमा संलग्न रहनका साथै साथीहरूसँग मित्रताको व्यवहार गर्ने, खेलमा रुचि देखाउने र सामाजिक वातावरणमा घुलमिल हुन मन पराउने हुन्छन् ।

ग. ७ – ९ वर्षको समूह

यो उमेरसमूहका बालबालिकाहरू सामाजिक क्रियाकलापमा धेरै नै अगाडि बढेको देखिन्छ । यो समयमा उनीहरू विद्यालय शिक्षामा व्यवस्थित भैसकेका हुन्छन् । पारिवारिक सदस्यहरूसँग टाढा हुँदै बाहिरी विद्यालयीय साथीहरूसँग हेलमेल बढाउने,

खेलकुद, विभिन्न प्रतियोगिताहरूमा भाग लिन मन पराउने जस्ता सामाजिक व्यवहारहरू उनीहरू देखाउँछन् । शारीरिक विकास र भाषिक विकास तीब्ररूपमा हुने भएकाले आफूलाई लागेका कुराहरू व्यक्त गर्ने हुन्छन् । यिनीहरूको सामाजिक क्षेत्रमा विस्तार हुँदै आउँछ ।

## घ. १० – १२ वर्षको समूह

यो उमेर अवस्था भनेको मनेवैज्ञानिक भाषामा अन्तिम बाल्यावस्थाको समय हो । यो समयमा बालबालिकाहरू आफ्नो लिङ्गसमूहको गुट बनाउँछन् र उनीहरूसँग बस्न मन पराउँछन् । यो उमेरमा यौनचेतनाको तीब्र विकास भैरहेको हुन्छ । उनीहरू साथीहरूसँग गाढा सम्बन्ध बनाउने हुन्छन् । जुन सम्बन्ध दीर्घकालीन बन्न जान्छ । सामूहिक खेलहरू,सामूहिक क्रियाकलापमा भाग लिन मन पराउने हुन्छन् । यो उमेरका कतिपय बालकहरूमा नेतृत्व गर्ने क्षमताको विकास भएको देखिन्छ भने कतिपय बालबालिकाहरू एकाँन्तप्रिय हुन्छन् । कतिपय बालबालिकाहरू अरूलाई दुःख दिएर सन्तुष्टि लिन मन पराउने हुन्छन् । यस अवस्थाका बालकले दया, माया, साहस, रक्षा विरोध आदि विभिन्न भावअनुसारका व्यवहारहरू देखाउँछन् । तिनमा सामाजिक विकासका साथ आत्मविश्वास र आज्ञाकारिताको पनि विकास हुन्छ ।

## ङ. १३ – १५ वर्षको समूह

यो उमेर समूहका बालबालिकालाई किशोर अवस्था भनिन्छ । यो उमेरसम्ममा त्यस्ता बालबालिकाहरूमा सामाजिक व्यवहारहरू परिपक्व रूपमा देखा पर्दछन् । यौन परिपक्वताले पूर्णता प्राप्त गर्दछ । यतिखेर संवेगहरूको तीव्रतर रूपमा वृद्धि हुन पुग्दछ । जसले गर्दा ऊ असमाजिक व्यवहारहरू देखाउन पुग्दछ । यो उमेर बालकको भविष्य निर्धारणको उमेर हो । तसर्थ बालबालिकालाई आमाबुबाले साथीको जस्तो व्यवहार गरी उचित बाटोमा ल्याउनु पर्दछ । उनीहरूको भावना, इच्छा संवेगलाई घर परिवारको सदस्यले बुझ्नुपर्दछ । उनीहरूको सामाजिक क्षेत्रको विकास भएको हुन्छ । यो उमेरका प्राय बालबालिकाहरू विभिन्न क्लब र समितिहरूमा सदस्य बन्न पुग्दछन् । यसबाट उनीहरूको सामाजिकताको उन्नति हुन्छ । रेडियो, चलचित्र, आदिको सहायताबाट परिवार, गाउँ प्रान्त, देश आदिको सीमा बढाएर विश्वसँग उनीहरूको सामाजिक सम्बन्ध बढ्न पुग्छ ।

**तेस्रो परिच्छेद**

# बालमनोवैज्ञानिक उपन्यासको ऐतिहासिक रूपरेखा

## ३.१ बालमनोवैज्ञानिक उपन्यासको पृष्ठभूमि

आधुनिक नेपाली उपन्यास परम्परामा रुद्रराज पाण्डेको रूपमती उपन्यास (१९९१) प्रकाशनमा आएपछाडि नेपाली उपन्यास विभिन्न चरणहरूमा, विभिन्न नयाँ प्रवृत्ति र धाराहरू लिएर अगाडि बढेको छ । नेपाली उपन्यास परम्परामा बालमनोविज्ञानको प्रयोग भई उपन्यास लेख्ने परम्परा धेरै पछाडि देखापरेको छ । बालमनोविज्ञानको उद्देश्य लिएर, बालपात्रहरूको प्रयोग गरेर लेखिएको एकमात्र उपन्यास सर्पदंश (२०२५) हो । यसरी नेपाली उपन्यासले सर्पदंशसम्म आइपुग्दा विभिन्न काल, धारा प्रवृत्तिहरूलाई बोक्दै आएको छ यो नै नेपाली बालमनोवैज्ञानिक उपन्यासको पृष्ठभूमि हो ।

आधुनिककालीन उपन्यासको पूर्वरूप भनेको प्राचीनकालीन तथा मध्यकालीन आख्यान साहित्य हो । शक्तिवल्लभ अर्यालको 'विराटपर्व' नेपाली भाषामा लेखिएको हालसम्म प्राप्त पहिलो आख्यान हो.। "सम्वत् १८२७ देखि १९४६ पूर्वको समयलाई लोककथा परम्पराको आख्यान अथवा नेपाली उपन्यास लेख्ने पूर्वाधारको सृजनाकाल मानिन्छ ।"[२८] यस समयावधिमा लेखिएको शक्तिवल्लभ अर्ज्यालको 'हास्यकदम्व' (१८५५) (संस्कृतबाट नेपालीमा रूपान्तर),भानुदत्तको 'हितोपदेश मित्रलाभ'(१८३३) (संस्कृतबाट नेपालीमा रूपान्तर) यसै समयमा बेनामे 'पिनासको विनाश' (वि.स. १८७२), 'दशकुमार चरित' (वि.स १८७५) 'स्वस्थानी ब्रतकथा' (१८७८), सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्यगाथा', (वि.स १८९०) 'अध्यात्म रामायण' (वि.सं १९८६) आदि जस्ता कृतिहरू परवर्ती उपन्यासका लागि पृष्ठभूमि वा आधारका रूपमा देखिन्छन् । यस समयावधिमा लेखिएका आख्यानहरू," धार्मिक चेतनाबाट प्रेरित पौराणिक उपख्यान होस् वा मनोरन्जनको दृष्टिले असधारण लाग्ने लोककथा होस् यिनीहरूको मूलमा प्रायः शिक्षाप्रद नीति उपदेश र नैतिकताका कुराहरू नै अन्तनिर्हित भएका हुन्छन् ।"[२९]

वि. स १९४६ देखि १९९० सम्मको अवधिलाई नेपाली उपन्यासको माध्यमिक काल भनिन्छ । वीरसिक्का यसको प्रारम्भविन्दु हो । यस समयावधिमा लेखिएका आख्यानहरू हरिहर शर्माको 'शुकबहत्तरी' (वि.सं. १९५०), अज्ञात लेखकको

---

[२८] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, दोस्रो संस्करण, काठमाडौं, साझा प्रकाशन, २०४३, पृ २० ।

[२९] पूर्ववत् , पृ. २४

'लालहिराको कथा' (वि.स १९५०), शम्भुप्रसाद ढङ्गेलको 'हात्तिमताई' (वि.स १९८१) सदाशिव शर्माको 'चन्द्रकान्ता सन्तति' (वि.स १९५६, अनुवाद) र नरेन्द्रमोहनी (वि. स १९८८ अनुवाद) र उनकै आफ्नो मौलिक उपन्यास, 'महेन्द्रप्रभा' (१९५९) प्रकाशित भएको देखिन्छ । त्यस्तै गिरिशवल्लभ जोशीको, 'वीरचरित्र'(१९६०), विज्ञानविलासको 'डा. सूर्यप्रसाद' (१९७२ अपूर्ण), 'महारानी प्रियम्वदा' (१९७३),पहलमान सिंह स्वाँरको 'एक लाख रूपैयाको चोरी' (१९७४), 'पंद्मकुमारी' (१९४७), वेदनाथ आचार्यको 'दयाकी भावी' (१९७९) महानन्द सापकोटाको 'त्रिवेणी' (१९८५) अम्वालिका देवीको 'राजपूत-रमणी' (१९८९) आदि रहेका छन् ।

माध्यमिक कालमा एकातिर प्राथमिककालीन अनूदित रूपान्तरित धार्मिक, पौराणिक, नैतिक औपदेशिक प्रवृत्तिको आख्यान परम्परा पछिसम्म नै कायम रहेको देखिन्छ भने अर्कोतिर बङ्गला हिन्दीका माध्यमबाट नेपालीमा भित्रिएको पश्चिम एशियाली साहित्यमा अरबी फारसी र उर्दू स्रोतका जासुसी, तिलस्मी तथा ऐयारी प्रवृत्तिका आख्यान उपाख्यानहरू पनि देखापरेको पाइन्छ ।

वि. स १९९१ सालमा रुद्रराज पाण्डेको रूपमती उपन्यासले आधुनिकताको उद्घोष गरेपश्चात् पाश्चात्य साहित्य परम्परामा देखापरेका विभिन्न धारा-उपधाराहरू नेपाली उपन्यासमा देखिदै आएका छन् । यसै क्रममा नेपाली उपन्यास क्षेत्रमा फ्रायड एडलर र युङ्गले प्रतिपादन गरेको मनोवैज्ञानिक धारालाई प्रथमपल्ट गोविन्द बहादुर मल्ल गोठालेले 'पल्लो घरको झ्याल' (२०१६) उपन्यासमा प्रयोग गरेको भेटिन्छ । यसरी मनोवैज्ञानिक धाराका उपन्यासहरू नेपाली साहित्यमा धेरै नै देखिए पनि मनोविज्ञानको महत्त्वपूर्ण शाखाका रूपमा रहेको बालमनोविज्ञानको उद्देश्यले लेखिएका उपन्यासहरूको सङ्ख्या अत्यन्त न्यून रहेको पाइन्छ । यसरी 'पल्लो घरको झ्याल' (२०१६ साल)देखि सुरु भएको मनोविश्लेषणात्मक उपन्यासले व्यक्तिका इच्छा, आकांक्षा र जीजिविषालाई आफ्नो कथ्य बनाएको देखिन्छ भने त्यसैगरी बालमनोविज्ञानको उद्देश्यले लेखिएका उपन्यासहरूमा बालबालिकाहरूका इच्छा, चाहाना, संवेग जुगुप्सा, उत्सुकतालाई उपन्यासको कथ्य बनाएको पाइन्छ । सम्पूर्ण रूपमा बालमनोविज्ञाानको उद्देश्यले अभिप्रेरित भएर लेखिएको उपन्यास तारिणीप्रसाद कोइरालाको सर्पदंश (२०२५) पहिलो नेपाली उपन्यास हो ।

## ३.२ बालमनोवैज्ञानिक उपन्यासको विकासक्रम

उपन्यास विधा आधुनिक विश्वसाहित्यमा चर्चित विधा हो । अन्य विधाका तुलनामा पछिल्लो चरणमा विकास भएको उपन्यास विधाले विश्वसाहित्यमा पुग न

पुग तीन सय वर्षको ईतिहास बोकेको छ । सामाजिक जनजीवनका विविध विषयवस्तु, राम्रा नराम्रा पक्षहरू, व्यक्तिका अन्तस्तलमा रहेका मानसिक द्वन्द्वलाई उपन्यासले आफ्नो विषयवस्तु बनाएको हुन्छ । व्यक्तिले भोगेको यथार्थ जीवनको प्रतिबिम्ब उपन्यासमा प्रतिबिम्बित हुन्छ । तसर्थ अन्य विधाका तुलनामा उपन्यास धेरै पाठकहरूको मन जित्न सफल विधा बन्न पुगेको छ ।

मानिसको सम्पूर्ण जीवनको महत्त्वपूर्ण आधार बाल्यजीवन हो । बाल्यजीवनमा भोगेको अनुभव, शिक्षा र वातावरणले भावी जीवनको दिशानिर्देश गर्दछ । बालबालिकाहरू आमाबाबुको उचित माया र सम्भार नपाउँदा र आफ्नो तृष्णा चाहानाहरू पूरा हुन नपाउँदा गलत बाटो समाउन पुग्छन् । यिनै बालबालिकाहरूको संवेगलाई बुझेर र तिनीहरूको भावनालाई बुझेर विभिन्न बालपात्रहरू प्रयोग गरेर बालमनोवैज्ञानिक उपन्यास लेखिन्छ ।

नेपाली उपन्यास परम्परामा बालमनोविज्ञानको उद्देश्यले अभिप्रेरित भएर लेखिएका उपन्यासहरू एकदमै न्यून भेटिन्छन् । २०२५ सालमा तारिणीप्रसाद कोइरालाले कम्मु, निम्मी जस्ता बालपात्रहरू राखेर 'सर्पदंश' उपन्यास लेखेपछि बालमनोवैज्ञानिक धाराको सुरुवात भएको हो । बालमनोवैज्ञानिक उपन्यासलेखनको सुरुवात २०२५ बाट सुरु भएर २०६६ सम्म आइपुग्दा यसले जम्मा एकचालीस वर्षको अवधि पार गरेको छ । यो समयावधि भनेको उपन्यास लेखनको हिसाबले छोटो समयावधि हो । यो समयावधिभित्र बालमनोविज्ञानसम्बन्धी उपन्यासलेखन दुई ढङ्गले अगाडि बढेको पाइन्छ । प्रौढहरूका लागि लेखिएको बालमनोवैज्ञानिक उपन्यास र बालकहरूको निम्ति लेखिएको बालमनोवैज्ञानिक बालउपन्यास यस आधारमा बालमनोवैज्ञानिक उपन्यासको परम्परालाई दुई चरणमा राखेर अध्ययन गर्न सकिन्छ ।

### १. **प्रथम चरण** (**२०२५ सालदेखि २०३६ सालसम्म**)

यस चरणलाई बालमनोवैज्ञानिक उपन्यासलेखनको प्रारम्भिक चरण मान्न सकिन्छ । यस समयावधिमा प्रौढहरूका निम्ति लेखिएको उपन्यासमा सामान्य रूपले बालपात्रहरूको प्रयोग गरी तिनको सामान्य मनोविश्लेषण गर्ने प्रयाससम्म भएको पाइन्छ भने सम्पूर्णरूपमा बालमनोवैज्ञानिक हेतुले बालकहरूको मनोग्रन्थिलाई नै आधारित मानी नै लेखिएको एकमात्र बालउपन्यास सर्पदंश मानिन्छ । २०२५ सालदेखि बालमनोवैज्ञानिक उपन्यास लेखनको प्रारम्भ भएपनि यसभन्दा अगावै पनि झिनो रूपमा विजय मल्लको अनुराधा (२०१८) मा बालमनोविज्ञानको प्रयोग भएको पाइन्छ । अनुराधा ठूली भएर अनुराधामा अहम् सृजना हुनुमा र कुनैपनि लोग्ने मानिससँग

प्रेममा सर्मपण हुन नसक्नुमा बाल्यकालीन वातावरणको प्रभावलाई स्वयम स्वीकारेकी छिन् : “मास्टर मास्टरनीहरू मलाई केटाकेटीमा अति सुन्दर अतिप्रीय मानेर काख काखमा लिई म्वाई खान्थे, खेलाउँथे, मेरो रूप र सौन्दर्यको मेरो सम्मुख प्रियनै उनीहरू प्रशंसा गर्थे र मलाई बाटा बाटामा बोकेर हिड्न उनीहरूलाई सरम र तकलिफ हुँदैनथ्यो, यसले गर्दा अहिले मलाई लाग्छ, त्यस बखतदेखि नै म आफूलाई अरू आफ्ना संगीसंगातीहरूभन्दा ‘विशेष श्रेणी’अथवा भिन्नै केही हुँ भन्ने लाग्दथ्यो र तिनीहरूको सामुन्ने आफूलाई ठूलो मानिस सम्झिन्थेँ ।”[३०] यसरी अनुराधामा झिनो रूपमा भएपनि बालमानसिकतालाई केलाउने प्रयास गरिएको छ ।

त्यस्तैगरी बालमनोविज्ञानको झिनो प्रयोग भएको उपन्यास विश्वेश्वरप्रसाद कोइरालाको, ‘नरेन्द्र दाइ(२०३६) हो । यसको नायक नरेन्द्र र नायिका मुनरियाको प्रेमप्रसङ्ग अनि भाउजूको छटपटीको आभास सानोबाबूको चरित्रबाट पाइन्छ । त्यस प्रकारको आभासलाई सानोबाबुले संस्मराणात्मक ढङ्गमा प्रस्तुत गरेको छ ।

यसबाट के थाहा हुन्छ भने “यौनपरक क्रियाकलापप्रति बालबालिकाहरूले थाहा नपाइने प्रकारले रुचि लिन्छन् । गौरी भाउजूले म पात्रलाई गर्ने मायामा पनि वात्सल्यभन्दा रागात्मक वृतिको प्राधान्य हुनाले यस गुप्त सुखलाई सानोबाबुले कसैको आँखामा पर्न नदिएर लुकाउनु परेको छ ।”[३१]

आधुनिक नेपाली उपन्यासमा बालकलाई नै सर्वोपरि ठानेर बालमनोविज्ञानको चित्रण गरिएको एउटै मात्र उपन्यास चाहिँ सर्पदंश (२०२५) नै हो । यसमा सात वर्षको कम्मु र उसकी छ वर्षकी बहिनी निम्मीको चित्रण छ । कम्मुले उसकी बहिनीलाई हेरेर, छोएर, सुँघेर उसको कपालको रौं मुखमा हालेर र उसले पिसाब गरेको आवाजलाई सुनेर रागात्मक सन्तुष्टि लिने प्रयास गरेको छ “गुप्तकालमा दबिएर जानुपर्ने रागात्मक प्रवृत्ति नदबिएर छिरोलिएको हुनाले सुखात्मक इगो प्रबल भएकोले उसका सबै ज्ञानेन्द्रियहरू सुखका खोजीमा हुनाले सुरक्षात्मक प्रवृत्ति कमजोर भएर गएको छ ।”[३२] यसरी सातवर्षको कम्मुमा रागात्मक वृद्धि बढ्दै जानुमा आफू सानो छँदा आमाले बहिनी पाइदिएकाले र आमाबाट पाउनुपर्ने यथेष्ट माया नपाएकोले कम्मुले आफ्नो एकालताको संसार निर्माण गरेको छ, जहाँ उसलाई स्वर्गीय आनन्द प्राप्त हुन्छ ।

---

[३०] विजय मल्ल, **अनुराधा**, काठमाडौं : साझा प्रकाशन, नवौ संस्करण, २०५९, पृ.९८

[३१] राम पौडेल, **आधुनिक नेपाली कथामा बालमनोवैज्ञानिक पात्र**, विद्यावारिधि शोधप्रवन्ध, २०६०, पृ.३५

[३२] पूर्ववत् पृ.१३६

लीलबहादुर क्षेत्रीको अतृप्त (२०२६) मनोविश्लेषणात्मक प्रयोगका दृष्टिले महत्त्वपूर्ण उपन्यास हो । मेघराज यसको केन्द्रीय पात्र हो । उसले रीता, सुधा, जुनेलीसँग सम्बन्ध गाँसेको छ तर ऊ कसैसँग पनि सन्तुष्ट हुन सकेको छैन । मेघराज हीनताग्रन्थिले ग्रस्त देखिन्छ । उसको त्यस्तो व्यक्तित्वको विकास हुनुको कारणमा उसले, "बाल्यकालमा मैले सदैव समवयस्क मित्रहरूबाट सदैव पन्छिएर रहनुपरेको छ, म हुर्के सिपाहीहरूको व्यारेकमा ........ स्कुलका साथीहरूसित स्कुलमा मात्र भेट हुनथ्यो र त्यसभन्दा बाहिर उनीहरूसित मिसिने मलाई मौका भएन ।"[३३]

यिनै कुराहरूलाई मेघराजले आफूमा हीनभावना उत्पन्न हुनुको कारण ठान्दथ्यो "बाल्यकालमा मेरो आर्थिक स्थिति पनि राम्रो थिएन । राम्रो लुगाको निम्ति सधैं थुक निल्नुपर्थ्यो । रुखोसुखो जे पाइन्छ त्यही खाएर मैले शिक्षालाभ गर्नुपर्थ्यो ।[३४] यिनै विविध कारणहरू बाल्यकालमा विताएको अभाव, कडा अनुशासनमा बस्नुपरेका बाध्यताहरूले उसमा हीनताबोध र आत्मबलको कमी भएको व्यक्तित्वको विकास भएको छ ।

त्यस्तै लाटो साथीको 'हामीभित्रको म (२०३६) उपन्यासमा थोरै मात्र भएपनि मनोविष्लेषणात्मक' प्रयोग पाइन्छ । यस दृष्टिले प्रतिभा, अनुराग र पार्वती उल्लेखनीय रहेका छन् । मुख्यतः यस उपन्यासमा नारीको यौन अतृप्तिलाई मनोविश्लेषणात्मक ढंगले विश्लेषण गर्न खोजेपनि केही हदसम्म प्रतिभाको छोरा 'अनुराग' बालपात्रको मनोविज्ञानलाई पनि केलाउने प्रयास गरिएको छ ।

अनुराग आफ्नो बाबुआमाको माया नपाएर तड्पिएको छ र ऊ भन्छ," आमाको दूध अमृत हुन्छ भन्छन्,पूरा एक महिना पनि त्यसको स्वाद पाइन, बाबुको काख स्वर्ग हुन्छ भन्छ त्यसको अनुभव मलाई क्षणमात्र पनि हुन सकेन ...... म आफूलाई कृत्रिम गर्भाधानद्वारा टेस्टट्युबबाट जन्म लिएर लेक्सो र आडोरियाको नीरस पाउडर दूधमा हुर्किएको एक व्यक्ति ठान्छु ।"[३५] भनेबाट उसको मानसिक स्थितिलाई बुझ्न सकिन्छ । आमाबाबुको स्नेह विना हुर्केको हुनाले उसमा सानैदेखि पिसाब फेर्ने बानी बस्दछ र होस्टलका साथीहरूले गिज्याउँदा किताब च्यात्छु, भित्ता फोरदिन्छु भन्नु र झ्यालको ऐना फोरिदिने जस्ता विद्रोही भावना उसको मनमा पैदा हुन्छ र पछि हिप्पीहरूको सङ्गतले ऊ कुलतमा फस्दछ । बाल्यकालीन अवस्थामा परिवारका सदस्यबाट माया नपाउँदा आफू कुलतमा फस्नुपरेको विडम्वना उसले भोगेको छ ।

---

[३३] लीलबाहादुर क्षत्री, **अतृप्त**, काठमाडौं : साझा प्रकाशन, दोस्रो संस्करण, २०३३, पृ.१०

[३४] ऐजन पृ.११

[३५] लाटो साथी , **हामीभित्रको म**, काठमाडौं साझा प्रकाशन, २०३६ पृ. ६६

त्यस्तै यस उपन्यासमा अर्को बालविधवा पात्र पार्वती छिन् । सानैमा पति गुमाउनुपरेकोले उसको यौन अतृप्तिले बाटो पाउन खोजेको छ । सानीले आफ्नो मालिक्नीको भित्री लुगा लगाएर ऐनामा हेर्दै आफैं लजाउदै " यो नाइटीभित्रको सर्वाङ्गबाबुले देख्न पाए कसरी मलाई माया गर्नु हुने थियो ।"[३६] भनेर सोच्नु उसको बाल्यअवस्थामा विधवा हुनुपरेकोले उसभित्रको यौन आकाङ्क्षाले तृप्ति नपाउनु हो ।

२. **दोस्रो चरण** (**२०३७ सालदेखि हालसम्म**)

नेपाली बालमनोवैज्ञानिक उपन्यासको यस चरणलाई बालबालिकाहरूको निम्ति लेखिएको बालउपन्यासअन्तर्गत पनि बालमनोविज्ञानको नै प्रयोग भई लेखिएको कालको रूपमा लिन सकिन्छ । यस कालमा पनि बालसाहित्यका अन्य विधाहरूको तुलनामा बालउपन्यास धेरै कम मात्रामा लेखिएको छ । "बाल उपन्यासका माध्यमबाट बालबालिकाहरूलाई ज्ञान, सूचना र यथार्थ संसारको बृहत् जानकारी रोचक तरिकाले दिन सकिन्छ ।"[३७] भन्ने ठानी बालक्षेत्रमा कलम चलाउने केही उपन्यासकारहरूले बालबालिकाको भाषिक क्षमता, रुचि अनुकूल उपन्यास लेखेको पाइन्छ । बालउपन्यासहरू विभिन्न विषयवस्तुमा आधारित भएर लेखिन्छ जस्तो कि सामाजिक, ऐतिहासिक, वैज्ञानिक, रहस्यात्मक, साहसी अबोधमनस्थिति आदिको सूक्ष्म चित्रण गरेर बालबालिकाको रुचि अनुकूल बालउपन्यास लेखिन्छ तर यस्ता विविध विषयवस्तुभित्र पनि खासगरी बालकको मानसिक अवस्थाको चित्रण गरी लेखिएका बालउपन्यासहरू यस अवविधमा पनि नगन्य रूपमा भेटिन्छन् ।

"नेपाली बालउपन्यासको क्षेत्रमा पहिलो मौलिक उपन्यास वि.स २०२९ मा प्रकाशित शेष मानन्धरको 'सिरुको बाखी' र अन्जनादेवी भट्टराईको 'रामु र श्यामुको बाहादुरी' हो ।"[३८] भने प्रथमपल्ट बालसुलभ अबोध मानसिकताको चित्रण गरी लेखिएको उपन्यास एस.एस बस्नेतको 'कलिला सपनाहरू'(२०३७) हो । बस्नेतको यस उपन्यासमा घरको जुवातास खेल्ने पारिवारिक वातावरणको कारण सुशिल स्कुल गएपनि घर फर्कन मान्दैन र ऊ निराश हुन्छ । बुबा तास खेलिरहनु भएको होला रात परेपछि बुईगलमा गएर चुरोट सल्काउन पठाउनु हुन्छ मलाई डरलाग्छ मलाई त्यो घर जानै मन लाग्दैन ।"[३९] त्यस्तै अर्को बालपात्र शशी पनि आफ्नो आमाले आफूमुनि चार पाँच भाइबहिनी पाइदिंदा आफूले खाली भाइबहिनी खेलाएर बस्नुपर्ने भएकोले न राम्ररी

---

[३६] पूर्ववत् , पृ.७०

[३७] प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास**, नगर फाउन्डेशन नेपाल ,२०५७, पृ.१०७

[३८] पूर्ववत् , पृ.१०९

[३९] एस.एस बस्नेत, कलिला सपनाहरू, रत्नलाल मानन्धर र शान्तराज पुरी संयुक्त प्रकाशन, (२०३७)

पढ्न पाइन्छ, न खेल्न पाइन्छ कतै बाबाआमाले मलाई धेरै पढाउन त नसक्ने हो भन्ने उनको मानसिक चिन्तालाई उपन्यासमा राम्ररी केलाइएको छ । अभिभावकको क्रियाकलापले बालबालिकाहरूमा पर्ने असरबारे चित्रण गरिएको 'कलिला सपनाहरू 'कथावस्तु तथा सरल र रोचक प्रस्तुतिका कारणले उल्लेखनीय बनेको छ ।

त्यस्तै नेपाली बालउपन्यास लेखन क्षेत्रमा बालमनोविज्ञानको प्रयोग गरी लेख्ने प्रेमा शाहका 'रामेको कथा' (२०४२), 'मनु र भँगेरा,' (२०४३), 'आनन्दको अविष्कार' (२०४३) उपन्यासहरूमा बालमष्तिष्कका विभिन्न मनोवेगहरूलाई केलाइएको छ । 'रामेको कथा' उपन्यासमा रामले २ वर्षको उमेरमा आमाविहीन भएपछि सौतेनी आमा र फुपूको अन्यायपूर्ण व्यवहार खेप्नु परेको छ । बालकहरूप्रति समान व्यवहार गरिएन र उनीहरूलाई उचित माया दिन सकिएन भने उनीहरूमा हीनताबोधको सुरुवात हुन्छ । एउटा बालक घरपरिवारबाट डराएर आफूप्रति गरेको असमान व्यवहारको प्रतिकार गर्न नसकी मनमा उब्जिएका भावनाहरू भित्रै गुम्साएर मानसिक रूपमा दुःखी बन्न पुग्छ भन्ने तथ्यलाई रामेको अबोध मानसिकताले भोगेको दुःखदायीपूर्ण घटनाका माध्यमबाट रामेका विभिन्न संवेगहरूलाई यस उपन्यासमा केलाइएको छ ।

प्रेमाशाहको 'मनु र भंगेरा (२०४३) मनोवैज्ञानिक दृष्टिकोणले महत्त्वपूर्ण बालउपन्यास हो । प्रमुख पात्र मनु चन्चल स्वभावका कारण भऱ्याङबाट लडेर लङ्गडो भएको हुँदा आफ्ना साथीभाइहरूसरह खेलेर-कुँदेर हिँड्न नपाउँदा उसमा हीन भावनाको सृर्जना भएको छ ।

यस उपन्यासको बालपात्र मनु आफू लङ्गडो भएको कल्पना गर्दै, "काखीमुनि वैशाखी च्यापेर टकटक गर्दै मनु स्कुल जान्छ । बलिया सोझा खुट्टा भएका साथीहरूका अगाडि ऊ दयनीय देखिन्छ । कक्षामा लाजले मनु सबैभन्दा पछिल्लो बेन्चमा गएर बस्छ । अनि स्कुलभरि ऊ सबैको 'विचरा' हुन्छ ।"[४०] ऊ आफूलाई दुखित बनाई रुने गर्दछ र बालबालिकाहरूमा अरूभन्दा निर्बल र दुर्बल हुँदा उसमा हीनभावना उत्पन्न भई ऊ दुःखी बन्दछ । त्यस्तै उसको झ्यालबाहिर एउटा लङ्गडो चराले साहसपूर्वक आफूलाई उडाउन र बाँच्न सघर्ष गरको देखेर मनुमा आशा पलाएको र उसको मानसिकतामा आफू पनि चाँडै सबल भई खेल्न कुद्न सक्छु भन्ने भावनाको विकास भएको देखाइएको छ ।

प्रेमा शाहको अर्को उपन्यास 'आनन्दको अविष्कार' (२०४३) बालउपन्यास पनि बालमनोविश्लेषणात्मक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । यस उपन्यासको मुख्य पात्र

---

[४०] प्रेमा शाह, **मनु र भँगेरा**, रत्न पुस्तक भण्डार, वि.स २०४३ पृ.६

आनन्दले आफ्नो आमाको मुखबाट, 'राजा मिदासको' कथा सुनेको छ । राजा मिदासले छोएको सबै वस्तु सुन हुने कुराको मानसिक प्रभाव उसमा परेको थियो । ऊ आफू पनि राजा मिदास भएको कल्पना गरी सूर्यको विहानी किरणमा आफ्नो हात फिजाउँछ । आफ्नो हात सुन भएको अनुभूत गर्दछ । राक्षसको कथा सुन्दा ऊ सिउडीको रुखलाई समेत राक्षसको भएको कल्पना गरी डराएको छ । यसरी बालकहरू जुन कुराबाट प्रमावित हुन्छन् त्यसलाई मनमा खेलाएर आफू पनि त्यसै बन्ने कल्पना गर्न पुग्दछन् भनी बालकको तीब्र कल्पनालाई व्यक्त गरेको छ ।

त्यस्तै मोदनाथ प्रश्रितको नानी उपन्यास भनेर लेखिएको 'चोर' उपन्यासमा पनि कृष्ण भन्ने बालक पात्रको वास्तविक भोगाइलाई उपन्यासले कथावस्तु बनाएको छ । लेखक स्वयमले जेलजीवन व्यतीत गर्दा सिन्धुपाल्चोक जिल्लाको कृष्ण भन्ने तामाङ बालकलाई आफूले जेलमा भेटेको र उसले आफू कुन अवस्थाले चोर्न बाध्य भयो ? हाम्रो सामाजिक रीतिरिवाजले कानुन केवल गरिवलाई मात्र लाग्ने व्यवस्थाले धनीहरूले गरिबहरूको पसिनालाई कसरी लुटेको छ त्यसको विरोध गर्दा, आफ्नो आमाको ज्यान बचाउन लाग्दा बाध्य भएर चोर्न विवश भएको बालकले आफ्नो वास्तविक भोगाइ लेखकलाई सुनाएको छ । त्यही सामाजिक दर्दनाक कथाले उपन्यासको जन्म भएको छ । सामाजिक बाध्यता र विवशताले आफू चोर्न विवश भएको सामाजिक कथामा आधारित उपन्यासमा बालकको सामाजिक मनोविज्ञानलाई केलाउने प्रयास भएको छ ।

त्यस्तै गरी २०३७ यता नेपाली उपन्यास परम्परामा प्रौढहरूका निम्ति लेखिएको उपन्यासमा झिनो रूपमा भएपनि बालपात्रहरूको प्रयोग गरी तिनीहरूको संवेगलाई प्रस्तुत गर्ने काम गरिएको पाइन्छ । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले 'मोदिआइन' (२०३६)मा बालमनोवैज्ञानिक दृष्टिकोणले बालकको मनोभावनालाई केलाउने उद्देश्यले नलेखेको भएपनि आफ्नो बाल्यावस्थाको संस्मरण गरेर उपन्यासमा आठ, दश वर्षको म पात्र श्रोताको रूपमा प्रस्तुत गरेका छन् भने मोदिआइनलाई कथावाचकको रूपमा प्रस्तुत गरेका छन् । थकित अवस्थामा बालकको मन पनि थाक्ने हुनाले कमजोर र भयग्रस्त अवस्थामा अन्य असम्वन्धित कुरा पनि सपनामा सजिलै सम्बन्धित हुन आउँछन् भन्ने कुरालाई संङ्केत गर्ने यस लघुउपन्यासले नायिका मोदिआइनले बालकलाई ठूलो होइन असल मान्छे हुन पछि लाग्न अराएकी छिन् । "बालक स्वयम कुनै विशिष्ट उद्देश्य लिएर अगाडि नबढ्ने र कुनै विशिष्ट

उदाहरणबिना नै समाजले उसलाई ठूलो मान्छे हुनुपर्छ भन्ने कुरा तेस्याईदिदा ऊ अल्मलिन्छ भन्ने कुरातिर लेखकले सङ्केत गरेका छन् ।"[४१]

परिजातको उत्कृष्ठ उपन्यासहरू मध्येको एक उपन्यास 'परिभाषित आँखाहरू ( २०४६) हो । यो उपन्यास बालकको मात्र संवेगलाई केलाउने ढंगले नलेखिएको भए पनि यस उपन्यासमा प्रयुक्त बिज्जी भन्ने पात्र बालिका पात्र हो । उसलाई धर्मबाउ भन्ने भनाउँदाले त्यस्तै पाकेटमार साथीहरूको सङ्गतमा लगाईदिदा बिज्जी पनि फिल्महलमा गई टिकट ब्ल्याक गर्ने र पाकेट मार्ने भएकी छे । बाल्यावस्थामा पाएको वातावरण र साथीसङ्गतिले बालबालिकाहरू त्यही स्वभाव अनुरूपका बन्दछन् ।

हिजोसम्म बिज्जीले जसलाई बुबा भन्दै ठानेकी थिई आज उनै बुबाले बलत्कार गरेको सम्भदा, "मात्र फिल्म हेरेको भरमा अर्थ लगाउँछे । यो मेरो बुबा होइन,यो लोग्नेमान्छे हो र म........? म आइमाई जाति यो बुबा होइन,बुबाले छोरीलाई यस्तो काम मरे गर्दैन ।"[४२] यस्तो दर्दनाकपूर्ण घटनाले बिज्जीमा प्रत्येक लोग्नेमान्छे देख्नेवित्तिकै डराउने, निद्रामा बर्बराउने संवेग उत्पन्न भएको छ ।

बालक पत्रिकाको चैत्र वैशाख, २०४५,२०४६ अङ्क १ देखि माघ फागुण २०४६, अङ्क ६ सम्म धारावाहिक रूपमा प्रकाशित भई वि.स २०५८ मा पुस्तककारमा निस्केको 'रिसको भागी' शीर्षक उपन्यास शङ्कर कोइरालाद्वारा लेखिएको बालमनोविज्ञानमा आधारित बालउपन्यास हो । नेपाली समाजको सामाजिक पृष्ठभूमि नै रुढिबादी संस्कारले जेलिएको छ । यस्तो सामाजिक वातावरणमासँगै खेल्ने साथीहरूलाई त्यो नीच कुलमा जन्मेको, अछुत फोहोरी जात त्यसले पूर्वजन्ममा पाप गरेको हुनाले त्यस्ता अछूतहरू सँग खेल्न, डुल्न र तिनलाई साथी बनाउन हुँदैन भनी परिवारका सदस्यले एउटा अबोध बालकमाथि दबाब दिँदा उसको मन-मष्तिकमा कस्तो किसिमको प्रभाव पर्छ भनी बाल उपन्यासमा केलाइएको छ । "बालमनोविज्ञानमा आधारित प्रस्तुत उपन्यासको धरातल सामाजिक छ ........ अस्पृश्य निम्नमध्यम वर्गीय परिवारको सदियौँदखि मानिएका माथि कस्तो धाराणा रहेको छ र राख्छन् भन्ने कुरा यसमा पाइन्छ ।"[४३]

त्यस्तैगरी शर्मिला खड्का(दाहाल) को बालमनोवैज्ञानिक बालउपन्यास, सानी (२०६०) मा आमा हुँदा र नहुँदा बालबालिकाको मनोविज्ञानमा पर्ने फरकलाई प्रमुख पात्र सानीको माध्यमबाट कथात्मक ढङ्गले देखाइएको छ ।

[४१] विश्वेश्वरप्रसाद कोइराला, **मोदिआइन**, उपन्यास, साझा प्रकाशन, ललितपुर, २०३६, पृ १३६

[४२] पारिजात, **परिभाषित आँखाहरू** (२०४६), निर्माण प्रकाशन,पृ३९२

[४३] फणिन्द्रराज खेताला, 'शङ्कर कोइराला र उनको बालउपन्यास, रिसको भागी', **दायित्व** मासिक, वर्ष १५, पूर्णाङ्क ४१, कात्तिक, २०५८, पृ.७५-७६ ।

त्यस्तैगरी कविता पौडेलको २०६२ सालमा प्रकाशित 'बालचित्कार' उपन्यास शीर्षकले गर्दा बालमनोविज्ञान उपन्यास जस्तो लागेपनि बाल्यावस्थाको मात्र चित्रण नभएर प्रौढअवस्थासम्मको चित्रण गरिएको छ ।

बाल्यावस्थामा बाबुआमा नहुँदा र आफ्नै आफन्तीहरूबाट अपहेलित तिरस्कृत दुःखदपूर्ण जीवन भोगेका वरुण र तुल्कीले संस्मरणात्मक रूपमा आफ्ना दुःखका कथाहरू बालसङ्गी रामप्यारीलाई सुनाएर कथानक सिद्धिएको छ । वरुणले कानपुरमा साहुहरूको घरमा रातदिन काम गर्दा पनि उसको पारिश्रमिक नदिदा बाध्य भएर चोर्नेजस्ता कार्यमा संलग्न भएको छ "त्यस सेठले मलाई एक वर्षसम्म काम गराएर पैसा दिएन । मलाई घर जान मन लागेर यो कपडा चोरेको हुँ मलाई छोडिदिनुस् बरु मलाई पैसा चाहिएन भन्दै चित्कार गरिराखेको छ ।"[४४] यसरी बालबालिकाहरू चोर्न किन बाध्य हुन्छन् र आफ्नो भोकबाट बाँच्नको निम्ति कति संघर्ष गर्छन् ? त्यो सघर्ष गर्दा उत्पन्न भएको मानसिक अवस्थालाई उपन्यासमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

त्यस्तैगरी कविता सापकोटाको २०६३ सालमा प्रकाशित 'पर्खिएकी जुकी' उपन्यासमा बालबालिकाहरू जुन वस्तुप्रति आर्कषित हुन्छन्, त्यो वस्तु नपाएसम्म मनमा त्यसको बारेमा सोच्छन् चिन्ता लिन्छन्,भन्ने बालकको मनोविज्ञानलाई केलाएकी छिन् । यहाँ जुकीलाई आफ्नो घरअगाडि आएको सेतो परेवा मन परेकोले त्यो परेवा उसले पाउन कुवा, जङ्गल जङ्गल जहाँतहीँ खोज्दै हिडेकी छे, परेवा नपाउनाले बिरामी समेत भएकी छे ।"कुहिरोबाट तपतप पानीको थोपा खसिरेहेका थिए । टाढाटाढासम्म स्पष्ट देख्न सकिदैनथ्यो । जुकी परेवालाई कुहिरोभित्र खोज्न तल्लीन थिई । उसका आँखा कुहिराको पर्दालाई छिचोल्नमै व्यस्त थिए।"[४५] भनेबाट उसको मन हरपल परेवा खोज्नमै तल्लीन र उसको मन मस्तिष्कनै परेवा खोज्न एकाग्र थियो भन्ने बुझिन्छ । बालबालिकालाई जुन कुराले छुन्छ त्यो सधै पाउन उसको मनमस्तिष्कले चाहन्छ भन्ने तथ्यलाई,पर्खिएकी जुकी'मा उपन्यासकारले बताउन खोजेकी छिन् ।

## ३.३ बालमनोवैज्ञानिक उपन्यासकारहरू

### ३.३.१ तारिणीप्रसाद कोइराला

आधुनिक नेपाली कथाविधाको पहिलो पहरमा देखिएका तारिणीप्रसाद कोइरालाको जन्म वि.स १९७९ सालमा वनारसमा भएको हो भने मृत्यु २०३२ सालमा

[४४] कविता पौडेल, **बालचित्कार**, दोभान प्रकाशन, २०६२, पृ. १०२ ।

[४५] कविता सापकोटा, **पर्खिएकी जुकी**, बालसाहित्य सदन, काठमाडौं, नेपाल, २०६३, पृ. ६ ।

भएको हो । आफ्नो विद्यार्थीजीवनमा राजनैतिक गतिविधिमा सक्रिय कोइरालाले आफ्नो जीवनको अन्तिम – अन्तिम घडिमा कारावास जीवन व्यतित गरेका थिए । १९९२ साल चैत्रमा 'शारदा' (साहित्यिक मासिक) मा 'आमाको हृदय' शीर्षक कथा छापिएपछि तारिणीप्रसाद कोइराला कथाकारका रूपमा चिनिन थालेका हुन् ।"[४६] उनको रातो स्वेटर (२०३७) कथासंग्रह छापिएको छ भने २०१७ सालपछि कारावास जीवन बिताउने क्रममा लेखिएका दुईवटा उपन्यासहरू सर्पदंश (२०२५) र 'फालिएको सामान' (२०४६) प्रकाशनमा आएका छन् ।

खासगरी कथालेखनमा यौन मनोविश्लेषणलाई आधार बनाएर रचना गर्ने तारिणीप्रसाद कोइराला थोरै कथा लेखेर निकै नाउँ कमाउने कथाकार हुन् । "यौन भावनालाई मार्मिक रूपमा प्रयोग गर्ने उनका कथानक घतलाग्दा र मर्मस्पर्शी देखिएका छन् ।"[४७] तारिणीप्रसाद कोइरालाले खासगरी बालबालिकाका निम्ति साहित्यिक खुराक, बौद्धिक खुराक प्रदान गर्ने पुस्तकहरू लेखेका छैनन् । तैपनि आफ्नो कारावास जीवन बिताउने क्रममा उनले बालबालिकाहरूलाई नै मूल पात्र बनाएर प्रौढ एवम् वौद्धिक पाठकहरूको निम्ति बालमनोवैज्ञानिक उपन्यास सर्पदंश(२०२५) लेखेका छन् । स – सना उमेरका बालबालिकामा पनि यौजप्रवृत्तिगत क्रियाकलापहरू देखापर्दछन् भनी उनले बालबालिकाको यौन मनोविज्ञानलाई उपन्यासको कथावस्तुको आधार बनाएका छन् । उपन्यासको बालपात्र सातवर्षीय कम्मु आफू एकवर्षको छँदा उसकी आमाले बहिनी निम्मी पाइदिएकोले उसले आमाबाट पाउनुपर्ने अपार माया प्राप्त गर्न सक्दैन अनि अनेक असङ्गत र अस्वाभाविक क्रियाकलाप गरी आफ्नो अभावलाई पूरा गर्ने चेष्टा गर्दछ भन्ने बालबालिकाको मनोविज्ञानलाई लेखकले केलाउने प्रयास गरेका छन् । यो उपन्यासमा बालक र बालिका पात्रहरूको प्रयोग भएपनि यो बालबालिकाले बुझ्न नसक्ने जटिल उपन्यास हो ।

### ३.३.२ कविताराम श्रेष्ठ

बालबालिकाका लागि आफ्नो कलम अविरलरूपले चलाउने कवितराम श्रेष्ठको जन्म वि.स २००४ साल माघ ११ गते सगरमाथा अञ्चल, ओखलढुङ्गाको रामबजारमा पिता नन्दराम श्रेष्ठ र माता मनमाया श्रेष्ठको सुपुत्रको रूपमा भएको हो । "घरबाट नै सामान्य लेखपढ गरी अध्ययनको सुरुवात गरेका कवितारामले वि.स २०२० सालमा धरानबाट एस. एल. सी उतीर्ण गरे भने सन् १९९७ मा "Sociocultural Aspect of

---

[४६] रघु घिमिरे, **सृजना र दृष्टि** कथाकार तारिणीप्रसाद कोइरालाको समालोचकीय दृष्टिकोण,साझा प्रकाशन, २०५१

[४७] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृति**, भूमिका प्रकाशन, २०५३, पृ. ९३ ।

the Gap between knowledge and practice amongs Home caretakers of childhood Diarhoea in Rural Nepal) विषयमा विद्यावारिधि हासिल गरे ।"[४८]

उनको खास नाम रामबहादुर श्रेष्ठ भएपनि धरानमा अध्ययन गर्दा कक्षामा चारजना राम नामका विद्यार्थी भएकोले शिक्षकले "कविता लेख्ने राम"भन्दाभन्दै "कविताराम" हुन पुगेका हुन् । नेपाली साहित्यलेखनका क्षेत्रमा अस्वीकृत जमातका एक सशक्त लेखक कविताराम भन्छन्, "स्वभाववादी चिन्तन स्पष्टतः एउटा सामाजिक चिन्तन हो । यस चिन्तनलाई प्रस्तुत गर्न साहित्यलाई माध्यम मात्र बनाएको छु ।[४९] यिनले साहित्यका विविध विधामा कलम चलाएका छन् भने आफू बाल्यअवस्थामा रहदा बालसाहित्य पढ्न नपाएको पीडाबाट उत्प्रेरित भई कवितारामले बालसाहित्यतर्फ 'वनदेवी' (२०३६), 'पानीको थोपा' (२०४८), 'कमिलाको कथा' (२०४८), 'बुद्धिबङ्गराको फोन' (२०५८), 'अनौठो यात्रा' (२०५८), 'मावलीको यात्रा' (२०५९) बालउपन्यास लेखेका छन् ।

आफू बाल्यावस्थामा छँदा बालबालिकालाई हजारौँ वर्ष पुराना जीवन उपयोगी नीतिकथा अगाडि तेर्स्याएर त्यसको मूल्यमान्यताअनुसार बालबालिकाको आचरण र सोचाइ निर्माण गर्ने गरिन्थ्यो तर उनी भन्छन् :

बालबालिकालाई आजको आवश्यकताअनुरूप सामाजिकीकरण गर्ने वा आउँदा सांसारिक हाँकविरुद्ध उठ्न सक्षम बनाउन प्रयासरत पुस्तकहरू नेपालमा थिएनन् । लोककथाका संगालाले के गर्न सक्छ ? त्यसैले यसतिर कलम चलाउने प्रयत्न गरेँ ।" आधुनिक बालसाहित्यको महत्त्व बुझी बालउपन्यासको क्षेत्रमा वैज्ञानिक चेतनाको आवश्यकतालाई महशुस गरी प्रथम पटक प्रवेश गराउने बालउपन्यासकार कविताराम श्रेष्ठ हुन् । उनका विचारमा,"बालबालिकाहरू नयाँ तथ्य पत्ता लगाउन उत्सुक हुन्छन्, जिज्ञासु हुन्छन् यस्तो स्वभाव र जिज्ञासा भएका बालबालिकाहरूलाई सुरुदेखि नै वैज्ञानिक आधारमा लेखिएका र उनीहरूले नै देखीबुझी आएका र सामान्य ठानिएका कुराहरू नै आधुनिक बालशिक्षाका लागि उपयुक्त विषय हुन्छन् ।[५०]

उनले लेखेका सबै उपन्यासहरू विज्ञान विषयमा आधारित छन् । बालबालिकालाई विज्ञानको तथ्य – सत्यपरक जानकारी दिन खोजिएको हुन्छ । उनको 'वनदेवी' (२०३६) बालउपन्यास अन्तराष्ट्रिय फरेष्ट्री प्रोजेक्टद्वारा सन् १९८० मा

---

[४८] यशोदा सुवेदी, **कविताराम श्रेष्ठको बालउपन्यासको अध्ययन**, अप्रकाशित शोधपत्र, एम.ए. नेपाली, त्रि.वि., २०५८ ।

[४९] प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास**, पूर्ववत्, पृ.२४६ ।

[५०] पूर्ववत् पृ.२४७

उत्कृष्ट पुस्तकको रूपमा पुरस्कृत छ । यस उपन्यासमा वनफडानी हुँदा हुने हानी, वनजङ्गलको उपयोगिता र महत्त्व दर्साउदै यसको संरक्षण गर्नुपर्ने चेतना दिने कार्य यस बालउपन्यासले गरेको छ । त्यस्तै उनको दोस्रो बालउपन्यास 'पानीको थोपा' (२०३८) अन्तराष्ट्रिय बालवर्ष सन् (१९८३) को उपलक्ष्यमा सर्वोत्कृष्ट पुस्तकका रूपमा पुरस्कृत भएको थियो । यसमा पानीको स्वरूप र महत्त्वमाथि प्रकाश पारेको छ । त्यस्तै उनको तेस्रो बालउपन्यास 'कमिलाको कथा' लाई पनि वि.सं. २०४९को सर्वोत्कृष्ट लेखनको लागि बालसाहित्य समाजले पुरस्कृत गरेको छ ।

यसमा कमिलासम्बन्धी शास्त्रीय ज्ञान प्रदान गरी बालबालिकालाई समाजमा आफ्नो कर्तव्य पूरा गरी बाँच्नुपर्ने सल्लाह दिएको छ । यौनसम्पर्क बाहेक अन्य कारणले पनि एड्स रोग सर्न सक्छ भन्ने चेतना अनौठो यात्रा (२०५८) ले दिएको छ । पुराना थोत्रा, अनुपयोगी मूल्य मान्यतालाई वैज्ञानिक तर्क दिई काट्ने कार्य 'मावलीको यात्रा' (२०५९) मा भएको छ ।यसमा भूतप्रेतसम्बन्धी जनविश्वासलाई तर्कपूर्ण रूपले निरर्थक तुल्याएको छ ।

उनका सम्पूर्ण उपन्यासहरू बालउमेर, बालरुचि र बालउत्सुकतालाई ध्यानमा राखेर बालभाषाको प्रयोग गरी लेखिएको हुनाले र उनका बालउपन्यासले अन्तराष्ट्रिय स्तरमै पुरस्कार जितिसकेका हुनाले उनको बालमनोविज्ञानमा आधारित उपन्यास लेखनमा उनको स्थान उच्च रहिआएको छ ।

### ३.३.३ प्रेमा शाह

आफ्नो साहित्यिक यात्राको उत्तरार्धमा बालमनोविज्ञानको अध्ययन गरी बालसाहित्य लेख्न तल्लीन प्रेमा शाहको जन्म वि.स २००२ साल असार २९ गते हालको नारायणी अञ्चल पर्सा जिल्लामा पर्ने वीरगंजको श्रीपुरमा भएको हो । "प्रेमा शाहले वि.सं. २०१६ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरी आइ.ए र बी. ए सम्मको अध्ययन भारतको पटना कलेजबाट र वि. स. २०२६ सालमा एम. ए को अध्ययन त्रि. वि कीर्तिपुरबाट गरेकी हुन् ।"[५१] नेपाली साहित्य फाँटमा यौनमनोविश्लेषणात्मक कथाहरूबाट चर्चित बनेकी प्रेमा शाहको बालमनोविज्ञानको महत्त्वलाई बुझी बालरुचिअनुरूप बालकथा र बालउपन्यासहरू लेखेकी छिन् ।

वि.स २०३७ देखि बालसाहित्यलेखनमा सक्रिय रहेकी प्रेमा शाह, "नेपाली बालसाहित्यमा काल्पनिक एवम् परीकथाहरू मात्रै लेखिएकाले बालबालिकाहरूले पोषण

[५१] ध्रुवकुमार घिमिरे, **प्रेमाशाह , जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित शोधपत्र, एम.ए. नेपाली, त्रि.वि., २०४३, पृ१२

प्राप्त गरी मानसिक विकास गर्ने विश्वास नलागेकोले आफू बालसाहित्यको क्षेत्रमा लागेको"[५२] भन्ने जानकारी दिने प्रमोद प्रधानका अनुसार उनी आफ्ना विचारमा दृढ रही मौलिक र बालमनोविज्ञानलाई प्रमुख आधार बनाएर बालसाहित्यको सृर्जना गर्ने बालमनोवैज्ञानिक आख्यानकार हुन् भन्न सकिन्छ ।

बालसाहित्यतर्फ उनको 'जिन्की र जोकर' (२०४०), 'मन्टुको बज्यैको कथाको पेटारो' (२०४०), 'इन्द्रधनुष' (२०४२), 'रङ्गीचङ्गी कथाहरू' (२०४५), 'राम्रो काम' (२०५०) र 'रे' का केही कथा' (२०५१) गरी छ वटा कथासङग्रह र 'रामेको कथा' (२०४२), 'आनन्दको अविष्कार' (२०४३) र 'मनु र भँगेरा'(२०४३) तीनवटा उपन्यास तथा बालगीत - भाग १ २०४५) र बालगीत -भाग २ (२०४५) गरी दुईवटा बालकवितासंग्रह उनका प्रकाशित कृति हुन् ।

प्रेमा शाहले आफ्नो बालमनोवैज्ञानिक उपन्यासहरूमा भिन्न–भिन्न बालमनोविज्ञानलाई केलाउने प्रयास गरेकी छिन् । उनको 'रामेको कथा '(२०४२) बालउपन्यासमा आफू आमाविहीन टुही हुँदा रामेले सौतेनी आमा र फुपूको हेलाइ खेप्नुपरेको छ । उसको बालसुलभ मानसिकताले सुख कस्तो हुँदोरहेछ, अरू बच्चासरह मैले पनि मीठो खान किन पाउँदिन, मेरा फुपूका छोराहरूसरह म पनि स्कुल पढ्न किन पाउँदिन भन्ने दुःखदायी संवेग र संवेदनाहरूलाई उनले केलाएकी छिन् । त्यस्तै उनको 'मनु र भँगेरा' बाल उपन्यासमा लङ्गडो भएर एकठाउँमा बसिरहने मनुको मानसिक संवेगलाई उनले केलाउने प्रयास गरेकी छिन् भने आनन्दको अविष्कार बालउपन्यासमा बच्चाहरूले कुनै कुरा सुनेपछि त्यसबाट आफूमा परिवर्तन गर्न खोज्छन् भन्ने तथ्यलाई मनोवैज्ञानिक ढङ्गले विश्लेषण गर्न खोजेकी छिन् । उनका सबै बालउपन्यासहरू बालकको बालमनोविज्ञानलाई बुझी रचिएको हुनाले उनलाई हामी बालमनोवैज्ञानिक उपन्यासकार भन्नसक्छौं ।

### ३.३.४ मोदनाथ प्रश्रित

नेपाली साहित्य फाँटमा निबन्ध र कविता विधामा सशक्त रूपले कलम चलाउने, मोदनाथ प्रश्रितको जन्म वि.स १९९९ साल आषाढ ६ गते शनिवारका दिन पण्डित घनश्याम पौडेल र माता बालिकादेवीका कोखबाट लुम्बिनी अञ्चल अर्घाखाँची जिल्ला खिदिम हर्राबोटमा भएको हो ।"[५३] आफ्ना बुबा संस्कृत विषयका अध्यापक भएकाले पाँचै वर्षको उमेरबाट संस्कृत पाठशालामा भर्ना भएका प्रश्रितले "२०१६

[५२] प्रमोद प्रधान , पूर्ववत् पृ.२१६

[५३] शिवप्रसाद उप्रेती, **मोदनाथ प्रश्रितको जीवनी व्यक्तित्व र कृतित्व**, अप्रकाशित शोधपत्र, एम.ए., नेपाली, २०५८ , पृ ७

सालमा संस्कृतमा पूर्वमध्यमा र २०१८ सालमा उत्तरमध्यमा गरे भने २०२० सालमा संस्कृत साहित्यमा शास्त्री र २०२१ सालमा आर्युवेद विषयमा आचार्य गरेका छन् ।"[५४]

२००९ सालमा 'दशअवतारको स्तुति' पहिलो कविता लेखी साहित्यिक यात्रा थालनी गरेका प्रश्रितले द्वन्दात्मक भौतिकवादी अर्थात् मार्क्सवादी दृष्टिकोण राखी साहित्यिक सृजनाहरू गरेका छन् । नेपाली साहित्यका खासगरी निबन्ध र कविता विधामा सशक्त रूपले कलम चलाउने प्रश्रितले बालबालिकाको मनोविज्ञान बुझी 'नानीहरूलाई कसरी असल बनाउने' (२०४४) निबन्ध संग्रह र 'चोर' बालउपन्यास (२०४४) लेखेका छन् । 'नानीहरूलाई कसरी असल बनाउने' निबन्ध संग्रहमा बालबालिकालाई कसरी असल बनाउन सकिन्छ ? अभिभावकले आफ्नो नानीहरूप्रति कस्तो व्यवहार गर्नुपर्छ? भन्ने जस्ता विविध प्रश्नको उत्तर खोजेका छन् । प्रश्रितले आफ्ना पुस्तकमा,"नानीहरूलाई गरिने माया, विवेक र कर्तव्यले युक्त हुनुपर्छ,साँचो माया भनेको तिनका समस्याहरू राम्ररी बुझेर समाधान गर्दै ठीक ढङ्गले हुर्काउने प्रयास गर्नु हो" भनेका छन् ।[५५]

त्यस्तै प्रश्रितले प्रगतिवादी सोच राखी वास्तवमा बालबालिकाहरू किन चोर्न पुग्दछन् र समाजमा कसरी चोर हुन पुग्दछन् भनी मनोवैज्ञानिक तथ्यको अध्ययन गरी बालमनोवैज्ञानिक उपन्यास 'चोर' (२०४४) लेखेका छन् ।

### ३.३.५ विजय चालिसे

विविध व्यक्तित्वका धनी एवम् नेपाली साहित्य फाँटमा विविध विधामा कलम चलाएका " विजय चालिसेको जन्म वि. स २००८ साल असार २२ गते आषाढ शुक्ल तृतीयाका दिन काठमाडौं जिल्लाको उत्तरपूर्वी गाउँ आरुबारीमा भएको हो ।"[५६] उनले आफ्ना अग्रजहरूले स्थापना गरेको व्यत्तित्वपरम्पराभन्दा केही पर हटेर वैज्ञानिक चेतनापरक युगानुकूल सोच र विषयवस्तुमा सृजना गरेर आफ्ना बालसाहित्यिक कृतिहरूलाई सजाएका छन् । आफ्ना बाबु रमेश विकलको साहित्यिक व्यक्तित्वबाट प्रभावित एवम् प्रेरित रहेका चालिसे बालसाहित्यक्षेत्रतर्फ आफ्नो विशेष स्थान बनाउन सफल भएका छन् ।

बालबालिकाको रचनात्मक कल्पनाशीलता विकसित गर्न र नयाँ युगमा भोलि उनीहरूले गर्नुपर्ने जीवनका चुनौतीहरूको सामना गर्न सक्ने सोच विकसित गर्न

---

[५४] पूर्ववत् पृ.८

[५५] मोदनाथ प्रश्रित, **नानीहरूलाई कसरी असल बनाउने**, लिशन प्रकाशन, २०४४, पृष्ठ ३३

[५६] विष्णुकुमार खत्री, **नेपाली बालसाहित्यमा विजय चालिसेको योगदान**, अप्रकाशित शोधपत्र, एम.ए रत्नराज्यलक्ष्मी क्याम्पस २०५८, पृ ८

सघाउने गरी मानसिक रूपमा तयार हुन मद्दत गर्न सक्नु आजको बालसाहित्यको अपेक्षित पक्ष हो भन्ने मान्ने चालिसेले बालसाहित्यका क्षेत्रमा बालकथाहरू, चित्रकथा, निबन्ध र बालउपन्यास लेखेका छन् । जसमध्य यिनका कृतिहरू 'दयालु राजकुमार', चित्रकथा (२०४३) 'बादलका बुट्टाहरू' नाटक (२०५२), 'हाम्रो वरिपरिका विज्ञान' प्रबन्ध संग्रह (२०५२), 'हराएको मूर्ती' बालकथा (२०५६) र बालउपन्यास 'मङ्गलग्रहमा विज्ञान' प्रकाशित छन् । बालउपन्यास एउटा मात्र लेखेको र बालबालिकाको वैज्ञानिक चिन्तनअनुरूप मात्र लेखेको भए पनि उनले बालबालिकाको वैज्ञानिक चिन्तन अनुरूप सोच विकास गर्नको निम्ति विभिन्न ग्रह उपग्रहहरूको जानकारी दिन खोजेका छन् । यस उपन्यासमा विज्ञान नामक बालकको विज्ञानप्रतिको रुचिलाई बालमनोवैज्ञानिक ढङ्गले समाधान गर्नको निम्ति रातको समयमा मङ्गलग्रहबाट नै अनौठा मानवहरू आई यानमा चढेर चन्द्रमा, विभिन्न तारा-नक्षत्रहरू, सौर्यमण्डल र मंगलग्रहको बारेमा ज्ञानहरू विज्ञानलाई बताउँदै उसका हरेक जिज्ञासा प्रश्नहरूलाई मङ्गलग्रहका मानवहरूले समाधान गर्ने प्रयास गरेका छन् । "यो केको डोब होला?" धूलोमा मानिसको जुत्ताकै जस्तो डोब देखेर विज्ञानले सोध्यो ? यो डोब पक्कै पनि तिम्रो पृथ्वीबाट आएका यात्री निल आमस्ट्रङ्गको हुनुपर्छ ।"[५७] उपन्यासभरी बालक विज्ञानले थुप्रै पृथ्वी र ग्रहहरूका बारेमा प्रश्नहरू गरेको छ । ती प्रश्नहरूको बालमनोवैज्ञानिक ढङ्गले समाधान गर्ने प्रयास यस उपन्यासले गरेको छ ।

## ३.४ मनोविज्ञानका परिवेशगत विभिन्न मनोवृतिहरू

बालकको मनोविज्ञानलाई बुझ्नु कठिन हुन्छ । उनीहरूको संवेदनशील मनस्थितिमा विभिन्न मनोभावहरू रहेका हुन्छन् । समाजका विभिन्न परिवेशमा बालकहरूका विभिन्न मनोलोकहरू सृजना भएका हुन्छन् । साधरणतया बालबालिकाहरू आफूभन्दा ठूलाको माया चाहान्छन् भने आफूभन्दा सानालाई माया गर्छन् । बालकले समाजबाट जस्तो किसिमको सामाजिक वातावरण पाउँछ त्यस्तै किसिमको उसको मनोवृति तयार भएको हुन्छ ।

मनोविज्ञानका विभिन्न मनोवृतिहरूमध्ये अपराध मनोवृति पनि एक हो । मानिसहरू किन अपराध गर्छन् ? भन्ने सवालमा "साथीभाइसँगको भनाभनमा,आफ्नो मनपरेकीसँग विवाह गर्न नपाएकोमा, आफ्नो मनस्थिति काबुमा राख्न नसक्ने अति संवेगात्मक अवस्थामा पुगेपछि त्यसको परिणामको विचारै नगरी अपराध गर्छन् ।"[५८]

---

[५७] विजय चालिसे, **मङ्गल ग्रहमा विज्ञान**, काठमाडौं : साझा प्रकाशन, पृ.३९

[५८] गार्गी शर्मा, **गोबिन्द बहादुर मल्ल(गोठाले) का बालपात्रहरू**, लघु अनुसन्धान परियोजना (२०४०-२०४९) पृ.१३

अपराध गरिसकेपछाडि जब चेतना आउँछ अनि पश्चताप गर्न पुग्छन् । यस्तो किसिमको मनोवृति कतिपय बालबालिकाहरूमा भेटिन्छ । धेरै बालबालिकाहरूमा आफ्नो हठ पूरा गर्ने बानी हुन्छ । आफूले भनेजस्तो साथीले भनेको नमानिदिँदा साथीलाई कुट्नेपिट्ने गर्छन् र अपराध गर्न पुग्छन् यस्तो किसिमको मनोवृति आर्थिक रूपले सबल भएका घरपरिवारको परिवेश पाएका बालबालिकामा भेटिन्छ । कहिलेकाहीँ बालबालिकाहरू आवश्यकताभन्दा बढी संवेलनशील भइदिँदा पनि विभिन्न मानसिक दुर्बलताहरू उत्पन्न हुन्छन् । यिनै मानसिक दुर्बलताको कारणले विभिन्न अपराधहरूमा संलग्न हुन पुग्दछन् ।

मनोविज्ञानको अर्को मनोवृत्ति हीनमनोवृत्ति हो । हीनवृत्ति खासगरी आर्थिकरूपले कमजोर सामाजिक परिवेशमा हुर्केका बालबालिकाहरूमा भेटिन्छ । परिवारको आर्थिक स्थितिले उसको चरित्र र व्यक्तित्व स्वभाव आदिमा ठूलो प्रभाव पर्दछ । सदैवजसो खानलाउन समस्या भएको, धनाढ्य परिवारको बालबालिकाले जस्तो आफूले रमाइलो गर्न नपाउँदा उनीहरूमा हीनवृत्ति गड्न पुग्छ । यस्तो हीन मनोवृत्तिले गर्दा मानिस तथा बालबालिकाको व्यक्तित्व विकास हुन सक्दैन । मैले यो काम गर्न सक्छु र ? यस्तो काम मैले गर्न सकुँला र ? भन्ने आत्मविश्वास उत्पन्न नहुने हुन्छ यस्तो हीन मनोवृत्तिले बालबालिकाहरू दुःखी र चिन्तित अवस्थामा रहने हुन्छन् ।

त्यस्तै उच्च घरपरिवारमा हुर्केका बालबालिका तथा मानिसहरूमा सामन्ती मनोवृत्तिको विकास भएको हुन्छ । सामन्ती मनोवृति भएका मानिसहरू कहिल्यै अरूलाई मानवका रूपमा हेर्दैनन् । तिनीहरू अरूलाई होच्याउने, हियाउने, तुच्छ ठान्ने मनोवृति भएका हुन्छन् । त्यसैले उच्च घरपरिवारमा हुर्केका बालबालिकाहरू उद्दण्ड स्वभावका हुन्छन् । आफूभन्दा गरिब दरिद्र बालबालिकालाई हेय र हेपाहाको दृष्टिकोण राख्छन् । आफ्नो काम स्वयम् नगरी अह्राउने, आफूले अह्राएका सम्पूर्ण आदेशहरू पूरा गरे हुन्थ्यो भन्ने सोच यी बालबालिका राख्दछन् । यस्ता बालबालिकामा हैकमवृति टड्कारो रूपमा रहेको हुन्छ ।

मनोविज्ञानमा परपीडन प्रवृत्ति भन्नाले अरूलाई दुःख दिएर आफूले सन्तुष्टि लिने प्रवृत्तिलाई भनिन्छ । यस्तो किसिमको प्रवृत्तिको विकास खासगरी अर्काको डाह गर्ने र मानसिक रूपले नै अर्कालाई दुःख दिएर खुसी र रमाउने स्वभावका मानिसहरूमा भेटिन्छ । कतिपय बालबालिकामा पनि यस्तो किसिमको परपीडन प्रवृत्ति रहेको हुन्छ । आफूसँगका दुई साथीहरूलाई लड्न लगाएर, तछाड र मछाड गर्न लगाएर आफू तिनीहरूको लडाइँ हेरेर सन्तुष्टि लिने खालको स्वभाव तिनको हुन्छ ।

मनोविज्ञानमा अहम् वृत्ति भन्नाले आफूमा मजस्तो अरू कोही छैन, मजतिको जान्ने सुन्ने बुझ्ने र म जस्तो प्रतिभावान् अरू कोही छैन भन्ने प्रवृत्ति बुझिन्छ । यस्तो अहम् प्रवृत्तिले गर्दा कतिपय मानिसहरू कसैसँग नमिल्ने प्रवृत्तिले गर्दा समाजमा ऊ एक्लो हुन पुग्छ । अहम् स्वभावको कारणले गर्दा ऊ साथीसंगीहरू बीच एक्लो हुन पुग्दछ । त्यस्तो अहम् प्रवृत्ति भएका मानिसलाई कसैले नरुचाउने हुन्छ ।

त्यस्तै यौनप्रवृत्तिलाई जीवनका विभिन्न प्रवृत्तिहरूमध्ये एक महत्त्वपूर्ण प्रवृत्ति मानिन्छ । यौनवृति वाल्यअवस्थामा देखिदैन जब बालबालिकाहरू यौन अवस्थामा प्रवेश गर्छन् । तब बालबालिकामा यौन अङ्गहरूको विकास भएको हुन्छ । यौन अङ्गहरूको परिपक्वतासँगसँगै उनीहरूमा यौन अङ्गहरूको बारेमा जान्ने बुझ्ने उत्सुकता जागृत हुन्छ । यस सन्दर्भमा सर्वप्रथम मनको गहन विश्लेषण गर्ने मनोविश्लेषणकर्ता फ्रायडले "मानिसका सम्पूर्ण क्रियाकलापहरू सन्चालन हुनुमा यौन लिबिडो प्रमुख हुन्छ" भनेका छन् । यौनवृत्तिलाई जीवनको एक महत्त्वपूर्ण प्रवृत्ति मानिन्छ र चेतन मनलाई समेत त्यही रतिरागात्मक प्रवृत्तिले जित्छ भन्ने कुरा यसले सामाजिक मर्यादा उलङ्घन गरेकैबाट प्रस्ट हुन्छ ।

शारीरिक सौन्दर्यले पनि बालविकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । ज्यादै गरिबी र कुरूपताको कारणले पनि माया पाउनुको सट्टा आफ्नो समकक्षी साथी र शिक्षकबाट घृणा र परपीडन प्रवृत्तिको अगाडि ऊ हार स्विकार्छ र स्कुल छोड्न समेत बाध्य हुन पुग्दछ । यसरी बालबालिकाले पाएको परिवेशले पनि उसको व्यक्तित्व निर्माणमा अहम् भूमिका खेलेको हुन्छ । कुनै पनि व्यक्ति जन्मजात अपराधी, चोर, ठग, अन्यायी अथवा डाकु हुने होइन, विभिन्न परिवेशले बालहृदयमा कुण्ठा जम्छ र पछि गएर त्यही विकसित हुन्छ । यही मनोवैज्ञानिक कारणमा आजका बालक जे देख्छन्, जेजे भोग्छन् । त्यसैबाट उनीहरूको मनोदशा निर्माण हुन्छ र त्यही उनीहरू भोलि देखापर्दछन् ।

सम्पन्न आर्थिक स्थितिमा हुर्केका बालकहरूमा चोरी, ठगीजस्ता अपराध प्रवृत्ति ज्यादै कम पाइन्छ । बरु उनीहरूमा अहम् मनोवृत्ति हुन्छ । अर्थको कारण हीन मनोवृत्ति हुँदैन । आत्माभिमान हुन्छ, परपीडन हुनसक्छ, तर दास प्रवृत्ति हुँदैन । बालचरित्र निर्माण तथा व्यक्तित्व विकासमा अन्धपरम्परा र अन्धविश्वासको प्रभाव छिट्टै पर्दछ । बालकहरू बढी संवेदनशील हुन्छन् र ज्यादै छिटो प्रभावित हुन्छन् । हाम्रो अन्धपरम्पराअनुसार कुनै बालकको जन्मले घरमा आम्दानीवृद्धि अथवा मानपदवी प्राप्ति भएमा उक्त बालक शुभ लक्षणको मानिन्छ । यदि परिवारमा कतै मरो परो परेमा

अथवा अरू हानी भएमा अशुभ लक्षणको मानिन्छ । अप्रिय घटनाको सम्पूर्ण आरोप बालकलाई लगाइन्छ । बालबालिकाको उपनाम नै ‘आमा टोकुवा’ ‘बाबु टोकुवा’ अथवा बाजे-बजै टोकुवा भनी राखिन्छ जसले गर्दा उनीहरूको बालसुलभ मस्तिष्कले मेरो कारणले मेरो बाबुआम वित्नुभयो भनी सोच्छन् र आफूलाई दोषी ठान्छन् ।

घरको स्कुलको परिवेशगत वातावरणसँगसँगै साथीसंगातिको परिवेशगत वातावरणले पनि बालबालिकाको मनोवृत्तिहरू तयार हुन भूमिका खेलेको हुन्छ । खास गरेर समवयस्क साथीहरूको जमघटमा आफू-आफूमा प्रतिस्पर्धाको भावना बढी हुन्छ । ‘को भन्दा को कम को मनोवृतिले गर्दा आफू सर्वश्रेष्ठ देखाउन उनीहरू अनेक उपाय रच्दछन् । यही प्रतिस्पर्धामा आफ्नो अवस्था हीन तथा तल्लो स्थानमा नपरोस् भनेर नै उनीहरूमा विभिन्न मनोदशाको निर्माण हुन्छ ।

यसरी विभिन्न सामाजिक वातावरणमा, भिन्न–भिन्न परिवेशले बालबालिकामा भिन्न – भिन्न मनोवृत्तिहरूको निर्माण भएको हुन्छ ।

**चौथो परिच्छेद**

# बालमनोविज्ञान प्रयोग भएका उपन्यासका बालपात्रको बालमनोवैज्ञानिक अध्ययन

## ४.१ 'सर्पदंश' उपन्यासको बालमनोवैज्ञानिक विश्लेषण

### क. कृति परिचय

सर्पदंश उपन्यास नेपाली उपन्यास परम्परामा नै प्रथम पटक सम्पूर्ण रूपले बालमनोविज्ञानको उद्देश्य राखी लेखिएको उपन्यास हो । आफ्नो साहित्यिक जीवन कथालेखनबाट सुरुवात गरेका तारिणीप्रसाद कोइराला सफल मनोविश्लेषणात्मक उपन्यासकार हुन् । आफ्नो जेलजीवनको समयमा उपन्यास लेखिएको स्वीकार्ने तारिणीप्रसाद कोइरालाले यस उपन्यासमा बालबालिकामा हुने गरेका रागात्मक वृत्तिहरूलाई मनोविश्लेषणात्मक ढंगले केलाउने प्रयास गरेका छन् । उपन्यासमा वृद्ध पात्र र बालपात्र दुवैको उपस्थिति रहेको छ तापनि कम्मु सात वर्षको बालक र निम्मी छ वर्षे बालिकाको क्रियाकलापलाई उपन्यासको कथावस्तुको मूल आधार बनाइएको छ । उपन्यासमा कम्मु, निम्मी र कम्मुको आमा मूल पात्रका रूपमा देखिएका छन् भने अन्य पात्रहरू विनोद, दलवीर, डल्ली, सरितादी, सन्तु, निमेष आदि उपन्यासमा गौण पात्रका रूपमा रहेका छन् ।

### ख. कृति विश्लेषण

बालबालिकाले सानो उमेरमा आमाबाट पाउनुपर्ने यथेष्ट माया पाउन सकेनन् भने उनीहरूमा हीनमनोग्रन्थि उत्पन्न हुन्छ । मूलतः बालबालिकाहरू मायाका भोका हुन्छन् । तिनीहरू आमाको मायाप्राप्तिको निम्ति भौतारिन्छन् अनि अनेक नराम्रा सङ्गत र क्रियाकलाप गरी आफ्नो संसारमा रमाउन पुग्छन् । यस्तै कथावस्तु सर्पदंश उपन्यासले बोकेको छ । प्रस्तुत उपन्यासमा कम्मु र निम्मीका माध्यमबाट शैशविक कामुकताको उद्घाटन गरिएको छ । यस उपन्यासमा कम्मुको सर्वाधिक महत्त्वपूर्ण भूमिका रहेको छ । उपन्यासको सम्पूर्णजसो घटना कम्मुबाट सञ्चालित भएको छ । सात वर्षको कम्मु पनि आफू एक वर्षको छँदै बहिनी निम्मीको जन्म भएकोले आमाबाट पाउनुपर्ने अपार माया प्राप्त गर्न सक्दैन । त्यसको क्षतिपूर्तिस्वरूप ऊ अनौठो क्रियाकलाप गरी आनन्द प्राप्त गर्न खोज्दछ । उपन्यासको सुरुवात पनि यस्तै क्रियाबाट सुरु भएको छ । छवर्षीय बहिनी निम्मी मस्तसँग पलङ्गमा निदाइरहेकी छे ।

निम्मीको निधारमा झरेको कपाल पङ्खाको हावाले फ्रिक – फ्रिक गरी नाचेको देख्दा सातवर्षीय कम्मुलाई उसको कपाल चलाउन मन लाग्छ । ऊ खाटबाट ओर्लेर बहिनीको नजिकै पुग्छ, नाचिरहेको कपाललाई मुसार्छ, त्यतिले चित्त नबुझेर तकियामा छरिएको कपाललाई बटुलेर मुट्ठीभरी समाउँछ र केही सुनिन्छ कि भनेर कान थाप्छ, "सुन्न त उसले केही सुनेन तर नाकले भने बैनीको कपालको बासना पक्रिहाल्यो, उसलाई मीठो लाग्छ बैनीको कपालको गन्ध"[५९] बैनीको कपालमा तेल नहालेको भएपनि उसलाई बैनीको कपाल चिप्लो – चिप्लो नरम लाग्छ उसलाई आफ्नो आमाको कपालको गन्ध र सरितादीको कपालको गन्धभन्दा बैनीको कपालको गन्ध मीठो लाग्छ । उसलाई बैनीको कपालको बास्नाको रूपचाहिँ हावाले तरेली पारेको मसिनो बालुवाजस्तो लाग्दछ । आमाको कपालको गुच्छा मुखमा हाल्दा आमाले गाली गर्ने हुँदा निम्मीले भने उसले मन पराउने कार्यमा साथ दिने हुँदा "बैनीसँग एक्लै भएको बेला उनको नरम कपाललाई आफ्नो अनुहारभरि छरेर सुँघ्छ र यति लामो सास तान्छ कि कहिले त विचरो निसासिन्छ पनि"[६०] उसलाई रमाइलो लाग्छ बैनीको कपाल मुखमा छर्न, खेलाउन र मुठो पारेर मुखभित्र कोच्न । ऊ निदाइरहेकी बहिनीको तिघ्रामुनि हेर्दछ र डेढ वर्षकी बहिनीको गुप्ताङ पनि हेर्दछ ।

उसलाई पढ्न जान पनि मन लाग्दैन, अरू खुसी–खुसी पढ्न गएको देख्दा पनि अचम्म मान्छ आफूलाई पढ्न नगएको थाहा पाए भने बाबु, आमा र विनोददा रिसाउँदा दुःख लाग्छ । कम्मु आफू दाजु भएपनि बहिनी निम्मीलाई पिट्ने हकारने जस्ता कार्य गर्दैन किनकि निम्मीले दाजु खुसी हुने हरेक क्रियाकलापमा साथ दिन्छे । उपन्यासमा निम्मीको भूमिका दाजुको हरेक क्रियाकलापमा साथ दिने रहेको छ । कम्मुलाई आफ्नी बहिनी अरूसँग खेलेको मन पर्दैन र ऊ पनि अरूसँग खेल्न मन पराउदैन ।

"कम्मु एकान्तप्रेमी छ, अरू केटाकेटहरूलाई जस्तो खेलकुद मन पर्दैन । घरबाट बाहिर गएर रल्लिरहने मन पनि हुँदैन उसलाई"[६१] सधै आफ्नो धुनमा मस्त रहिरहन्छ आफ्नो घर पछाडिको कागतीको बोटवरिपरि न्याउरी मुसाले बनाएको दुलोहरूमा हात छिराइरहन पाए उसलाई पुग्थ्यो । यसरी कम्मुले दुलामा हात छिराइरहन पाउँदा

---

[५९] तारिणीप्रसाद कोइराला, **सर्पदंश**, वाराणसी, प्रतिनिधि साहित्य प्रकाशन, २०२५ पृष्ठ ३ ।

[६०] पूर्ववत्, पृ. ३–४ ।

[६१] पूर्ववत्, पृष्ठ ९

स्वप्निल आनन्द प्राप्त गरेको महसुस गर्थ्यो ।त्यसरी न्याउरीमुसाको प्वालमा हात हुलेर स्वप्निल आनन्द लिइरहेको बेला कसैले देखेर उसलाई हप्कायो भने “ऊ झसङ्ग हुन्छ र दुःखैदुःखले भरिएको संसारमा उसको चेतना पछारिन्छ ।”[६२]

कम्मुको उट्पट्याङ्ग र अस्वाभाविक क्रियाकलापप्रति उसका बाबु,आमा, दाजु दिदीले हकारे पनि निम्मी भने उसको कार्यप्रति साथ दिन्थी । निम्मीले न्याउरीमुसाको प्वाल खोजिदिएर,कपाल सुँघ्न दिएर कम्मुलाइृ खुसी पार्दछे । न्याउरीमुसाको प्वालमा हात हुल्दै र निम्मीको कपाल सुँघ्दै गर्दा उसलाई नौलो किसिमको आनन्द प्राप्त हुन्छ । त्यसोगर्दा, “उसलाई लाग्यो कि पाताललोककी अप्सरा उसलाई माया गर्दै उसको कपालको म्वाई खान उसलाई तानिरहेकी छिन् ।”[६३]

त्यसबखत उसले बैनीको कान पनि मुखभित्र हुल्दछ र बैनीले पिसाब फेरेको आवाज सुन्दा,“ त्यो बेसुरा आलाप ताल मिलेको सुरिलो रागिनीबाट छुट्टिएर मानो दिगदिगान्तर भौतारिदै छ ।”[६४] बैनीले पिसाब फेरेको आवाज सुन्न मन पराउने हुंदा बहिनीलाई पिसाब फेर्ने ठाउँ बनाइदिन्छ र पिसाब फेर्ने आग्रहसमेत गर्दछ । सरितादी र डल्लीले पिसाब फेरेको आवाज सुन्दा पनि ऊ आनन्दित हुन्छ । न्याउरीमुसाको प्वालमा हात हुलेको देख्दा सबैले गाली गर्ने हुँदा ऊ सधै एकान्तस्थल खोज्दै हिड्छ र पनि उसको गुप्तस्थल काली कुकुर्नीबाट छिप्न सक्दैन । कालीलाई देख्नासाथ, “उसलाई झडङ्ग रिस उठ्यो । एकपलको लागि उसलाई डाँको छोडेर रोइदिऊँ जस्तो भयो ।”[६५] काली कुकुर्नी लाडे परेर उत्तानो पर्दा काली कुकुर्नीका दूधका मुन्टा खेलाउन थाल्दछ, “त्यस बेला उसलाई एउटा रोमाञ्चकारी स्पर्शको बोध भएको थियो ।”[६६] आमाको काखमा बस्दा आमाको तिघ्रामा हात चिप्लाउदा पनि उसलाई असीम आनन्द प्राप्त हुन्छ । कम्मुलाई तोरीको गेडा खेलाउँदा तोरीको बोरामा हात घुसाउँदा पनि “साह्रै नै अवर्णनीय सुःखद अनुभूति हुन्छ ।”[६७]

साथी – साथी आफू-आफू विवाह गर्ने खेल खेल्दा पनि कम्मुले “ म आमासँग विवाह गर्छु [६८] भन्छ । घरमा आएर पनि “चाहे अरूले जे सुकै भनुन् आमासँग विवाह

---

[६२] पूर्ववत्, पृष्ठ ११
[६३] पूर्ववत्, पृष्ठ १५
[६४] पूर्ववत् पृ.१८
[६५] पूर्ववत् पृ.२६
[६६] पूर्ववत् पृ.२७
[६७] पूर्ववत् पृ.४९
[६८] पूर्ववत पृ ७९

गर्छु – गर्छु गरेरै छाड्छु ।"[६९] भनेर अठोट गर्छ । आमाले छोडेको साडी र ब्लाउजलाई अंगालो मार्छ, ब्लाउजको काखीनिर रङ खुइलिन खोजेको ठाउँमा सुँघ्दासुँघ्दै धेरै बेरसम्म लोभलाग्दो गरी त्यसलाई हेरेर उसले जिब्रोको टुप्पाले छोयो र एकचोटी राम्ररी नै चाट्यो ।"[७०] उसले असम्हार आनन्दको बेहोशीमा आमाको साडी र चोलोलाई अँगालोमा किचिमिची पार्दछ ।

कम्मु दिउँसो गोठमा गएको बेला बाच्छीलाई फुकाइदिन्छ । गाईले गुहुत्याउदा गहुँत अँजुलीमा थाप्दछ । "गहुँत अँजुलीमा खसेको बडो मज्जा लाग्छ उसलाई । तर कस्तो खालको मज्जा त्यो चाँहि भन्न सक्तैन ।"[७१] बाच्छीले दूध चुसेको देखेर उसले "बाच्छीसँगै भिडेर टुक्रुक्क बसेर ठाडो मुन्टो पारेर राती गाईको एउटा थुनलाई

आफ्नो मुखमा हुलेर बाच्छीले जस्तै च्वाप् – च्वाप् गर्दै दूध चुसेझैँ गर्न लाग्यो ।"[७२] यसो गर्दा कम्मुलाई यति विध्न मज्जा आइरहेको थियो कि उसलाई अरू कुनै कुराको होश थिएन । मुखमा थुन हुल्न र त्यसलाई मुखभित्र खेलाउनमा ऊ निर्लिप्त थियो, बेहोश थियो ।

घरमा खसी काटेको दिन पनि कम्मुले खसी काटेपछि "भरखर काटेको त्यो तातो चिप्लो र सुकुमार ठाउँमा कम्मुले टप्प हत्कोला राख्यो । त्यसको स्पर्श हुँदा किन आनन्दले उत्तालिन खोज्छ त्यो ऊ भन्न सक्दैन ।"[७३] ऊ भरखर निकालेको आन्द्राभुँडीको थुप्रोभित्र हात गिजोल्न थाल्छ र उसलाई "आन्द्राभुँडीको त्यो गुलगुलाउँदो रेलोपेलोमा मुख गाडूँ, टाउको गाडूँ र लुकाइराखूँ"[७४] जस्तो लाग्छ । उसलाई सम्पूर्ण आफूलाई खसीको छातीभित्र हुल्न मनलाग्छ तर त्यसो गर्न नपाउँदा ऊ निराश हुन्छ ।

दिउँसो सरितादीसँग सुत्दा उसले दिदीको कपाल खेलाउँछ र ऊ दिदीको छातीभित्र हराउन चाहान्छ । उसले, "दिदीको छातीभित्र बस्न पाए !! अ...... हो !कस्तो आनन्द मिल्दो हो त्यहाँभित्र।"[७५] ग्रीष्म ऋतुको प्रथम वर्षापछि आउने माटोको गन्ध पनि कम्मुलाई आनन्ददायक लाग्दछ । "दगुर्दादगुर्दै कम्मुको नाकले यस्तो अद्भुत् सुवास

---

[६९] पूर्ववत् पृ ७२
[७०] पूर्ववत् पृ ७९
[७१] पूर्ववत् पृ ७९
[७२] पूर्ववत् पृ ७९
[७३] पूर्ववत् पृ ८०
[७४] पूर्ववत् पृ १०२
[७५] पूर्ववत् पृ १०७

प्रक्र्यो कि ऊ टक्क अड्यो र आफू वरिपरि पल्याक्–पुलुक हेरेर गन्धलाई खोज्न लाग्यो ........माटोनजिक मुख जोतेर ऊ सुघ्न लाग्यो ।"[७६] कम्मु त्यसरी आनन्दित भइरहेको बेला निम्मीले उसलाई कागतीबारीमा, त्यहाँ गैसकेपछि न्याउरीमुसाको प्वाँलमा हात पसाउन प्रेरित गर्दछे र कम्मुले सोही बमोजिम गर्दा ऊ सर्पदंशको सिकार हुन्छ ।

त्यस्तै यस उपन्यासमा अर्को बालपात्र निम्मी रहेकी छे । निम्मीको भूमिका यस उपन्यासमा दाजुको प्रत्येक क्रियाकलापप्रति साथ दिने रहेको छ । उसको आफ्नो स्वयम् भूमिका भने छैन । दाजुले निम्मीको कपाल सुँघ्न, मुठीभरी कपाल लिएर मुखमा कोच्न मन पराउने हुँदा उसले कम्मुलाई "ई लेऊ कम्मुदा,सुङ भनेर माया गर्दै दाजुलाई कपाल दिने गर्छिन् निम्मी"[७७] कम्मुलाई उसको घरपरिवारका अन्य सदस्यहरूले गाली गर्ने भए पनि बैनी निम्मीले भने उसले गर्ने कार्यप्रति हौसला थप्ने गरेकी छे । न्याउरीमुसाको प्वालमा हात हाल्दा आमाले हप्काएको थाहा पाएपछि निम्मीले "आऊ कम्मुदा, सुपारीको गाछनेर मैले तिम्लाई प्वाल खोजिदिएको छु ।"[७८] "तिमी प्वालमा हात हाल्नु र मेरो कपाल पनि सुँघ्नु है"[७९] भन्दछे । त्यस्तै कम्मुले पिसाव फेरेको आवाज सुन्दा अवर्णनीय आनन्द प्राप्त हुने र कम्मुले निम्मीलाई पिसाव गर्न आग्रह पनि गर्ने हुनाले निम्मीले दाजुको आग्रह अनुसार पिसाव फेर्दछे । कम्मुलाई निम्मीको कान खान आनन्ददायक लाग्ने हुनाले निम्मीले "कान खाउ न"[८०] भन्दछे । ग्रीष्म ऋतुको वर्षापछि उसले "हिंड जाउँ कम्मुदा कागती बारीमा"[८१] भनेर कम्मुलाई लैजान्छे र "इ कम्मुदा याँ छ, ठिक्कको प्वाल छ"[८२] भनेर प्वाल पनि देखाइदिन्छे । त्यही प्वालमा हात घुसाउँदा कम्मुलाई सर्पले डस्दछ र कम्मुको मृत्यु हुन्छ ।

यसरी निम्मीको प्रोत्साहनको कारणले कम्मुको मृत्यु भएको छ । निम्मीले दाजुलाई असाध्यै माया गर्छे । त्यसैले आफ्नो दाजुको लागि आफ्नो साथी संगति सबै परित्याग गर्छे । उपन्यासमा निम्मीले कुनै घटना सृजना गरेकी छैनन् तर घटना सृर्जना हुनुमा साथ दिने कार्य भने गरेकी छिन् ।

---

[७६] पूर्ववत्, ।
[७७] पूर्ववत्, ।
[७८] पूर्ववत्, पृ. ४
[७९] पूर्ववत्, पृ १२
[८०] पूर्ववत्, पृ १३
[८१] पूर्ववत्, पृ. ४०
[८२] पूर्ववत्, पृ. १३

### ग. पात्रगत मनोविश्लेषणात्मक विश्लेषण

कम्मुको हरेक असङ्गत र अस्वाभाविक क्रियाकलापलाई हेर्दा ऊ सामान्य बालपात्र नभई जटिल पात्र हो । कम्मु सहज प्रकृतिको बालक होइन र उसका क्रियाकलाप व्यवहार र प्रवृत्ति सहज किसिमका पनि छैनन् । ऊ अरू केटाकेटीहरू जस्तो साथीभाईहरूसँग खेल्न पनि रुचाउँदैन । बरु सधैँ एकान्तमा आफ्नो दुनियामा रमाई के – के विचार गरेर बसिरहन्छ । उसलाई आफ्नो आमाको कपालको गन्ध, ग्रीष्म ऋतुको पहिलो वर्षापछिको माटोको गन्ध सुँघ्दा काली कुकुरनी र गाईको थुन खेलाउदा, घण्टौसम्म न्याउरीमुसाले पारेको प्वालभित्र हात हालिरहन, बाख्राको गिंडमा हात हालिरहन तोरीको बोरामा हात हुलिरहन, निम्मी, सरितादी र डल्लीले पिसाब फेरको आवाज सुन्दा उसलाई आनन्द लाग्छ । त्यस्तैगरी आफ्नो आमाको सारीलाई अंगालो मार्न, किचिमिची पार्न, ब्लाउजको काखीमुनिको भाग चाट्न मनपर्छ । आफ्नो बहिनीहरूको गुप्ताङ्ग हेर्न मनपराउँछ र आफ्नो बहिनीलाई प्रेमिकाको स्वरूपमा हेर्दछ । आफ्नो बहिनी अरूसँग खेलेको नरुचाउने उसका व्यवहारहरू हेर्दा ऊ असन्तुलित पात्र हो ।

ऊ साथीहरूसँग पनि समायोजित हुन नसक्ने पात्र हो । ऊ साथीहरूको सङ्गतबाट झन् – झन् टाढा हुँदै गैरहेको छ । ऊ सधै एकान्त बस्न र एकान्त खोज्न चाहन्छ । आफ्नो बहिनी "निम्मीबाट समेत एकान्त खोज्दा भने उसको सानो हृदयमा बैनीका प्रति अन्याय गरेको अनुभव भएर उसलाई ग्लानि हुनथ्यो,तर उसलाई लाग्थ्यो कि उसका आफ्ना अनुभव र त्यसको मिही माधुर्य बुझ्ने भएकी उसकी अभिन्न साथी उसकी बहिनी पनि होइन ।"[८३] उसलाई पढ्न जान पनि मन लाग्दैन "स्कुलतिर हिडिरहेको कम्मु कहिलेकाँही आफ्ना साथीहरूलाई विस्मित भएर हेर्छ,उसलाई लाग्छ, स्कुलतिर जाँदा पनि सब केटाकेटीहरू खुशी भएरै गएजस्ता छन् कस्तो अचम्म !"[८४] कम्मु पारिवारिक वातावरणसँग पनि समायोजन हुन नसकेको देखिन्छ । ऊ सधै आफ्ना आमाबाबु, दाजु दिदीसँग टाढा भई लुकीलुकी भागी एकान्त स्थलमा खेल्न रुचाउँछ । उसलाई लाग्छ उसले गरेका हरेक कार्यहरू कसैले रुचाउदैनन् । सबै परिवारहरू उसका बाधक हुन् । तसर्थ बाह्य संसार उसलाई मन पर्दैन दुःखैदुःखले भरिएको जस्तो लाग्छ ।

---

[८३] पूर्ववत्, पृष्ठ.७४

[८४] पूर्ववत् पृ. ५

कम्मु आफ्नो आन्तरिक आवश्यकताहरू सँग पनि समायोजित हुन नसकेको देखिन्छ । ऊ आनन्द र सन्तुष्टिको खोजीमा भट्किरहेको छ तर सन्तुष्टि लिने प्रकिया उसको उपयुक्त देखिदैन । उसले कसैबाट माया पाउन नसकेको अनुभव गर्नु "एकपटक आमाले उसलाई अँगालो मारेर छातीमा टाँसिदिए हुनेथियो ।"[८५] भन्ने उसले सोच्नु आमाबाट पाउनुपर्ने पर्याप्त माया उसले नपाएको अनुभव गर्नु हो । त्यसैले आफूलाई पातालपरीको बगैँचामा मृग बालकको रूपमा रहने इच्छा गर्दछ । आफू एकवर्षको छँदा आमाले बहिनी पाइदिएकोले सधै आमाको काखमा बहिनी हुनु र आफूले आमाको अँगालो र मायाबाट बन्चित हुनु परेकोले उसका इच्छाहरू कुन्ठित भएका छन् र ऊ आफ्ना अतृप्त इच्छाहरूलाई स्वभाविक ढङ्गबाट सन्तुष्टि तुल्याउन असमर्थ रहेको छ ।

त्यस्तै कम्मुको व्यक्तित्व पनि सन्तुलित किसिमको देखिदैन । ऊ सधै आनन्दको नियमद्रारा परिचालित भएको देखिन्छ । उसलाई जुन कार्य गर्दा आनन्द लाग्छ त्यो कार्यमा मात्र ऊ ध्यान दिइरहन्छ । त्यसैले उसका कार्यहरू उपाहमद्धारा निर्देशित भएको देखिन्छ । कम्मु उत्तरबाल्यावस्थामा रहेको छ । उसमा पनि लिङ्गको ज्ञान प्रबल बढ्दै गएको हुनाले उसमा यौनरुचि देखिन्छ । त्यसैले बहिनीहरूको गुप्ताङ्ग हेर्ने, पिसाब फेरेको आवाज सुन्ने, आमाको सारीलाई किचिमिची पार्ने, निम्मीलाई अँगालोमा बेर्ने, निम्मीको कान र गाईको थुन मुखभित्र हुल्ने र तिनबाट असीम आनन्द लिने जस्ता कार्यले उसमा यौनरुचि अविरल भएको देखिन्छ । तर कम्मु बाल्यअवस्थामा भएकोले नै ऊ स्वभाविक ढङ्गमा यौन सन्तुष्टि लिन सक्तैन । तर पनि उसका अचेतनका इच्छाहरू शान्त भएर बस्न सक्दैनन् र भिन्न तवरबाट बाहिर निस्कन्छ ।

न्याउरीमुसाको प्वालमा हात छिराउँदा उसलाई "कुनै अप्सराको सुकुमार, न्यानो मायाले पसिना आएको हातले उसको पाखुरालाई चपक्क समाएको छ ।"[८६] भन्ने अनुभव हुन्छ । आन्द्राभुँडी निकालेको खसीको खोक्रो गिंडभित्र हात छिराउदा उसले "आकाशको निसासिने अनन्त फुस्साभन्दा पनि बढ्ता रिक्तताको रहस्यमय आनन्द पाइदोरहेछ खसीको गीडंभित्र।"[८७] भन्ने बुझ्छ । उसका यी कार्यहरू प्रतीकात्मक रूपमा सम्भागक्रियाका रूपमा देखा पर्दछन् । उसलाई मोही पार्दा निस्कने आवाज सुन्ने अभिरुचि देख्दा पनि मोही पार्ने क्रियाले सम्भोग क्रिया र मोही पार्ने आवाज सुन्ने रुचिले यौनेच्छा प्रवल रहेको देखिन्छ ।

---

[८५] पूर्ववत् पृ. ६८

[८६] पूर्ववत्, पृ. १०

[८७] पूर्ववत्, पृ.१०४

यस उपन्यासमा कम्मु हीनताग्रन्थिले ग्रस्त भएको पात्रको रूपमा देखिन्छ । उसलाई "ऊ बाजत्रो ठूलो पनि हुन सक्दैन र त्यति पढ्न पनि सक्दैन ।"[८८] भन्ने लाग्छ उसले जे कार्य गर्दा पनि घरका मान्छेबाट गाली खाने हुँदा, "उसलाई लाग्छ, आमाबाबु दाजु, दिदी, बैनी सबजना छँदाछँदै पनि ऊ टुहुरो छ ।"[८९] घरका मान्छेहरूको गाली खानुपर्छ भनेर "ऊ मान्छेले देख्ने ठाउँमा बस्तै बस्दैन ।"[९०] साथीहरूसँग विवाहको खेल खेल्दा पनि कम्मुले आफू आमासँग विहे गर्ने कुरा व्यक्त गरेपछि सबैजना स्तव्ध भएको देखी, "उसलाई एक्कासी लाज लाग्यो भन्न नहुने कुरा भनिएछ भनेर ऊ खङरङ भयो ।"[९१] ऊ आफ्नो बहिनी अरूसँग खेलेको रुचाउँदैन । आफूले केही भन्न पनि सक्तैन बरु रोइदिन्छ । यी क्रियाकलापहरू हेर्दा ऊ आमाको मायाको अभावमा हीनताग्रन्थिले ग्रस्त भएको देखिन्छ । कम्मुमा मृत्युमूखी प्रवृत्ति टड्कारो रूपमा देखापर्दछ । उसका क्रियाकलाप हेर्दा यौन मूल प्रवृत्ति देखिए पनि ती चाहनाहरूको समाधान स्वभाविक ढङ्गमा पूरा हुन सक्तैन ।

वस्तुतः उसको त्यो आवश्यकता आमाको आवश्यकता हो । ऊभन्दा पछि दुईवटा बहिनीहरू जन्मेकाले उसको अन्तर्मानसिकताको आवश्यकता पूरा हुन सक्तैन । त्यसकारण उसका इच्छाहरू कुण्ठित भएका छन् । ती कुण्ठाको फलस्वरूप उसमा निराशा उत्पन्न हुन्छ र मृत्यमूल प्रवृत्ति विकसित हुन्छ । "बरु मरेर भएपनि पाताल परीको बगैँचाको मृग बालक भएर बस्न पाए कति खुसी हुनथ्यो कम्मु"[९२] भन्ने भनाइबाट उसमा निहित आमाको मायाको तृष्णा, निराशा, कुण्ठा मृत्युमूल प्रवृत्ति छर्लङ्ग देखिन्छ ।

कम्मु मूलतः मातृरति ग्रन्थिले ग्रस्त देखिन्छ, "कम्मु र निम्मीको सम्बन्ध दाजु – बहिनीको जस्तो नभएर प्रेमी – प्रेमिकाको जस्तो छ ।"[९३] आफ्नो आमाले उसलाई अँगालो मारेर छातीमा टासिदिए हुनेथियो भन्ने आकाँक्षा राख्नु, केटाकेटीहरूको खेलमा कसले कोसँग विहे गर्ने भनी सोध्ने र जवाफ दिने क्रममा कम्मुले अनायास "आमासँग बिहा गर्छु "[९४] भन्ने जवाफ दिन्छ र पनि " मै बिहा गर्छु मेरी आमासँग र आमाको

---

[८८] पूर्ववत्, पृ. ४
[८९] पूर्ववत्, पृ. २१
[९०] पूर्ववत्, पृ. ६१
[९१] पूर्ववत्, पृ ६१
[९२] पूर्ववत्, पृ. ११
[९३] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, पूर्ववत्, पृ. ८८ ।
[९४] तारिणीप्रसाद कोइराला, **सर्पदंश** पूर्ववत्, पृ. ६१

पातलो र न्यानो आँचलले ढपक्क छोपिएर आमासँग सुत्छु"[९५] भन्ने सोच्दछ । उसलाई अनुहार यति आर्कषक लाग्छ कि एक्कासी आमा भनेर ऊ आमालाई दुवै हातले बेर्दै पछाडिबाट अँगाल्छ तर उसले सधैं त्यो व्यवहार गर्न सक्दैन त्यसैले आमाका लुगाहरूसँग उसले आमासँग गर्न चाहेको व्यवहार गर्दछ । उसका यी क्रियाकलापबाट ऊ मातृरतिग्रन्थिले ग्रस्त देखिन्छ ।

कम्मुले आफ्ना संवेगहरूलाई रोक्न सकेको देखिँदैन । सङ्कोच, डर, लाज, लाग्दालाग्दै पनि आफ्नो अनौठा क्रियाकलापलाई भने रोक्न सक्तैन । उसले अरूको आँखा छलीछली एकान्त स्थलको खोजी गर्दै आफ्नो क्रियाकलाप गरिहाल्दछ । कम्मुको मानसिक अवस्था स्वभाविक र सन्तुलित किसिमको देखिँदैन । घरकै मान्छेहरूबाट टाढिन खोज्नु, सधैं एकान्तमा रमाउन खोज्नु, एक्लै कुरा गुनिरहनु, आफ्नो भावनामा हराइरहनु स्वस्थ मानसिकताको लक्षण होइन । ऊ मूलतः कामविकृतिले ग्रस्त देखिन्छ । सातवर्षीय शिशु भएर पनि उसमा तीव्र कामेच्छा रहेको पाइन्छ र उसले असङ्गत र अस्वाभाविक क्रियाकलापबाट यौन सन्तुष्टि लिने गर्दछ । उसका क्रियाकलापलाई बालसुलभ स्वभाव भन्न सकिए पनि उसले यौन सन्तुष्टिका अनेकौं यस्ता माध्यमहरू अपनाएको देखिन्छ कि कम्मुले त्यस्ता कार्यबाट अचेतन रूपमा यौन सन्तुष्टि लिएको पुष्टि हुन्छ र उसले विपरीतलिङ्गीका यौन अङ्गहरूको माध्यमबाट आफूमा रहेको अतृप्ति पूरा गर्न खोजेको देखिन्छ । यौनसँग सम्बन्धित अङ्गहरूलाई हेरेर, छोएर, सुँघेर, चाटेर सन्तुष्टि लिने कार्य असङ्गत हो । तसर्थ ऊ सामान्य बालक पात्र होइन । उसका ती हरेक क्रियाकलापलाई हेर्दा उसका प्रत्येक क्रियाकलाप अस्वाभाविक छन् । सातवर्षीय बाल्यावस्थामा भए पनि यौवन अवस्थामा पुगेपछि जागृत हुनुपर्ने यौन संवेगहरू उत्तर बाल्यावस्थामा नै छिरलिएको छ । आफू एक वर्षको छँदै आमाले बहिनी निम्मी पाइदिएकोले आमाबाट पाउनुपर्ने पर्याप्त माया नपाएकोले उसका मनभित्र रहेको कुण्ठाहरूलाई विश्राम दिने क्रममा उसले अनौठा उट्पट्याङ्ग क्रियाकलाप गर्दछ । घरका सदस्यहरूले गलत कार्य गर्न रोक लगाउँदा पनि उसका परिवार उसलाई दुश्मन जस्तो लाग्छ सिवाय बहिनी निम्मीलाई छोडेर...! उसमा डर, सङ्कोच लाजजस्ता संवेगहरू हुँदाहुँदै पनि आफ्नो कार्यलाई लुकीछिपी सञ्चालन गर्थ्यो, सधैं आफू आनन्दित हुने क्रियाकलाप बाहेक उसलाई अरू कार्य गर्न मन पर्दैनथ्यो । उसलाई साथीभाइ, आफ्नो परिवार, स्कुल केही मन पर्दैनथ्यो मात्र आफ्नै दुनियामा एकान्तमा रमाउन, आफ्नो उट्पट्याङ्ग कार्यलाई रोक्न नसक्दा

[९५] पूर्ववत्, पृ. ६६

एकदिन न्याउरीमुसाको दुलोमा हात छिराउँदा सर्पले डसेर उसको मृत्यु भएको छ । त्यसैले लेखकले उपन्यासको शीर्षक पनि सर्पदंश राखेका छन् । एउटा बालकमा मायाको अभावमा उत्पन्न भएका विकृत क्रियाकलापलाई उपन्यासमा मनोविश्लेषणात्मक ढङ्गले केलाउन खोजिएको छ । यी विभिन्न आधारहरूलाई हेर्दा सर्पदंश उपन्यासलाई एक सफल मनोविश्लेषणात्मक उपन्यास भन्न सकिन्छ ।

## ४.२ 'रिसको भागी' बालउपन्यासको बालमनोवैज्ञानिक विश्लेषण

### क. कृति परिचय

मनोविश्लेषणात्मक उपन्यास लेख्न सिद्धहस्त शङ्कर कोइरालाद्वारा लिखित 'रिसको भागी' बालउपन्यास बालपात्रहरूको प्रयोग गरिएको उपन्यास हो । साझा प्रकाशनबाट प्रथम पटक २०५८ सालमा र दोस्रो पटक २०६४ सालमा प्रकाशित भएको यस उपन्यासमा हाम्रो सामाजिक परम्परागत वातावरणले बालबालिकाको बालसुलभ मनस्थितिमा पार्ने असरबारे यस उपन्यासमा विश्लेषण गरिएको छ । हाम्रो समाजमा रहेका जातीय छुवाछुत, अनमेल विवाह जस्ता संस्कारले बालबालिकामाथि पार्ने असरबारे मनोविश्लेषणात्मक ढङ्गले व्याख्या गरिएको छ । एक, दुई तीन गरी छ खण्डमा कथानकलाई समेट्ने प्रयास गरिएको छ भने यस बालउपन्यासको मुख्य बालपात्र जनार्दन, उसका सानीआमा फिस्टुनानी,मामा खर्दार कान्ताप्रसाद, उसका दलित साथीहरू टुयूचा, भुयूचा आदि मुख्य रूपमा रहेका छन् ।

### ख. कृति विश्लेषण

बालबालिका जन्मदा जातपात, रुढिगत संस्कार बोकेर जन्मेको हुँदैन तर समाजले र हाम्रो सामाजिक संस्कारले बालबालिकामाथि जर्बजस्ती त्यस्ता असामाजिक कुराहरू थोर्पने प्रयास गर्दछ । सानो बालकले आफ्नो संगीसाथीलाई उही समान नजरले हेर्ने गर्दछ तर घरको अभिभावकले ती सानो जाति र फोहरी भनी खेल्न हाँस्न प्रतिबन्ध गरिदिदा पर्ने असर बाल्यपात्र जनार्दनले भोगेको छ । कथानकको सुरुवात पनि जनार्दन रात अबेरसम्म घर नआईपुग्दा उसको मामाले जनार्दनलाई गाली गर्दैबाट सुरु भएको छ । "यतिबेरसम्म नआउने बजियालाई के भात कुरिरहेकी बैनी ? त्यस्ता 'अछूत'का सङ्गतमा लागेकालाई पनि कुरेर साध्य हुन्छ ....... मैले त भनेकै हुँ त्यस्तो बिग्रेको केटालाई व्रतबन्ध गर्नु मात्रै हो ।खर्च मात्रै गर्नु हो भनेकै हुँ ।"[९६] फिस्टुनानीले जनार्दनलाई औधी माया गर्थिन् । उसकै लागि बाँच्नुको जीवनको सार खोजेकी थिइन् ।

---

[९६] शङ्कर कोइराला, **रिसको भागी**, काठमाडौं : साझा प्रकाशन, पृष्ठ २

ब्रतबन्ध गरिसकेपछि पनि जनार्दन आफ्ना दलित साथीहरूसँग खेल्न गई घरमा रातमा मात्र फर्कने यस्तो व्यवहार देखी दिक्क भएकोले उसलाई सम्झाउँथिन् । भोलिपल्ट उसको मामाले उसलाई गोदान नगरी भान्छामा र पूजा कोठामा पनि जान मनाही गरेकोले उसको बालसुलभ मानसिकताले बुझ्यो र मनमनै सोच्यो, "बाहुनले आफ्नो जात ठूलो भन्दो रहेछ ।"[१७] उसका आफ्ना दुई साथीहरू टुयूचा र भुयुचालाई देखेर उसमा तीव्र संवेदना उत्पन्न हुन्थ्यो र सोच्थ्यो कस्तो कठिन जीवन बाँच्छन् उनीहरू । ती कसरी फोहोरमैला बोक्ने टिन काटेर छाना बनाई झुप्रोभित्र बस्छन् । भोजभतेरमा फ्याकिएका जूठा भात, च्यूरा खानेकुरा बटुलेर ल्याउँछन् र खान्छन् घिनै नमानी, विष्णुमतीमा मारेर फ्याँकेका कुखुरा हाँस ल्याई भुत्ल्याई पकाएर मीठो मानेर खान्छन् । उसको मामाले भनेजस्तो उनीहरू नीच होइनन् बरु तिनीहरू महान् हुन् भन्ने सोच्थ्यो, उसको शिक्षकले भनेजस्तै '"जो काम अरूले सहजै गर्न सक्दैनन् त्यस्तो काम गर्ने व्यक्ति निश्चय नै महापुरुष हुन् ।"[१८]

जनार्दनको आफ्नो ब्रतबन्धमा पनि तुयूचा र भुयूचालाई लुकाएर खानेकुरा दिनुपर्दा र आफू ठूलो घरमा बस्ने र तिनीहरूलाई साथी भनेर सम्झदा उसले मनमनै लाज मानेको सम्झदा आफूलाई आत्मग्लानी भई फिल्म देखाउन लगेको थियो । तर उसको मामा भने तिनीहरू अपराधी हुन् किनभने तिनीहरूले अर्काको घरमा गई फोहोर बोक्ने कर्म गर्छन् ।पूर्वजन्मको कर्मले तिनीहरू नीच कुलमा जन्मेका रे तर बाहुन जातमा श्रर्वश्रेष्ठ रे !

जनार्दनले भाव बुझेकाले ती साथीहरूसँग छुट्टिनुपर्ने सम्झदा पनि तर्सन्थ्यो र उनीहरूको बारेमा सोच्थ्यो 'किन तिनीहरूले स्कुलमा शिक्षा नपाएका ? किन कोही तिनको पक्षमा बोल्न रुचाउदैनन् । किन तिनीहरू  गरिब भएकाले अथवा कि ती फोहोरी भएकाले ? त्यस रात ऊ पलङ्गमा पल्टिएर यही कुरा मात्र सोचिरहन्थ्यो । जनार्दनलाई रातदिन मामाले गाली गर्ने हुँदा ऊ स्कुलबाट फर्कदा तुयूचा र भुयूचालाई हेर्दै नहेरी पुलपारी पुग्दा ट्युचाले जनार्दन तिमी हामीसँग आज नखेल्ने भन्दा, मलाई नछो मेरो ब्रतबन्ध गरेको छ तिमीहरूलाई छुन हुन्न, मामाले गाली गर्नुहुन्छ भन्यो, उसोभए हामीसँग तिमी कहिल्यै नखेल्ने भनी तुयुचाले सोध्दा उसको भावमा मित्रताको माया मिसिएको थियो ।

---

[१७] पूर्ववत् , पृ. ४

[१८] पूर्ववत् ,पृ. ५

घर गएर खाजा खाएर फेरि जनार्दन आफ्ना साथीहरूको ममताले पुःन खेल्न जान्छ र साथीहरूसँग रमाई–रमाई भकुण्डो खेल्छ साँझ पर्नेवित्तिकै तुयुचा र भुयुचासँग बिदा भएर घरतिर लाग्छ अनि सुटुक्क पलङ्गमा खुट्टा नधोई घुसरिन जान्छ । फिस्टुनानीले जनार्दन सारै खराब भैसक्यो भनी कराउँदै फत्फताउदै गर्दा जनार्दनलाई देखेर उसको ओढ्ने तानेर एक झापड लगाउँदै, कहाँ–कहाँ खेलेर आएको खुट्टाले ओछ्यानमा आउने तँ, जा निस्की भन्दै बेस्सरी पिट्दा जर्नादन बेस्सरी क्वाँक्वाँ गरी घर थर्काई रुन थाल्दछ । मामा, माइजू, सुभद्रा, शकुन्तला सबैले उसलाई हप्कीदप्की गरे मामाले भने “यस्तो कुलङ्गघार कुसङ्गतमा परेको केटो कैले सप्रिन्थयो, दिउँसो स्कुलबाट सरासर घर आयो भनेर कति खुसी लागेको थियो जा बजिया यो घरबाट तेरो जनै पनि चुँडाइदिन्छु ।”[९९] माइजूले अबदेखि मान्छस् कि मान्दैनन् भनी कबुलाएर छाडिदिएँ भनिन् उसमा यतिखेर दुःखको तीव्र संवेदना जागृत भएको थियो । आँखाबाट अविरल आँसु बगिरहेको थियो ।

बिहानै उठेर जनार्दन सानीमाको पछि लागेर विष्णुमतीमा नुहाउन गयो । विष्णुमतीमा पानी सुकेर शोभाभगवतीघाटमा खाल्डा खनेर बाल्टिनले पानी उभाई नुहाउने गर्थे । पानी धेरैनै फोहोर थियो । नुहाउने र फोहोर फ्याँकिने कुण्डलाई पवित्र मानी धर्मात्माहरू नुवाइधुवाइ गरी लोहोटा कलशहरूमा चोखो पानी लैजान्थे । यो देखेर जनार्दन कत्रो अन्धविश्वास फोहोर पानीलाई पनि चोखो पानी मानेर पूजा गनुपर्ने,नुहाउनु पर्ने भनी सोचथ्यो तर ऊ विवश थियो । उसका सानीमाले नुवाईधुवाई गरी एउटा तामाको घल्चामा चोखो पानी उभाएर भगवतीको दर्शन गरी घरमा आई विष्णुमतीको धमिलो र फोहोर पानीलाई पूजा कोठामा चोखो पानीको रूपमा लिपपोत गरिन् र एकठाउँमा राखिन् । जनार्दन पनि सानीमाको लहलहैमा लागेर नुवाईधुवाई गरी आएर पूजाकोठामा बसेर गायत्री मन्त्र जप गर्दा पनि बल्ल – बल्ल मन्त्र पाठ सिध्याएँ भनी मनमनै सोच्थ्यो । पूजापाठप्रति जनार्दनको पूर्ण अन्धविश्वास रहेकोले बलबल मन नलागी गर्ने पूजापाठ गऱ्यो ।

आफ्नो वचनमुताविक जनार्दन सरासर स्कुल जानथ्यो आउथ्यो । आफ्नै घरको नोकर कृष्णेसँग फुटबल खेलथ्यो तर उसलाई कृष्णेसँग खेल्न पटक्कै मनै थिएन । ऊ त तुयुचा र भुयुचालाई सम्झिरहन्थ्यो । आफ्नो मामा-माइजूको विभेदपूर्ण व्यवहारले गर्दा उसको सानीमाको आँखामा आँसु देखेर, “सानीमा तपाईको सुनको कानपासा

---

[९९] पूर्ववत् पृ.१५

नहराएको भए अहिले कानपासा बन्धकमा राखेर सारी किन्न हुन्थ्यो हैं ?"[१००] जनार्दनको ब्रतबन्धको लागि भनेर फिस्टुनानीले बाँडाका बन्धकमा राखेकी थिइन्, त्यो कुरा फिस्टुनानीले जनार्दनलाई बताइनन् । तर अवला विधवाको सहारा बन्नु संसारमा कोही थिएन, थियो त जनार्दन र ऊ पनि टुलुटुलु हेर्न विवश थियो ।

धेरै दिनदेखि उसले आफ्ना मित्रहरू तुयूचा र भुयूचालाई भेटेको थिएन । विष्णुमतीको किनारमा सानो, ढिकुरो,सानो बाटो लस्करै काँचो इँटले बनाएका घरहरू थिएँ । कुनै घर अगाडि बूढा रोगाहरू खेकिरहेका थिए । अलि अगाडि उसका साथीहरू मरेका कुखुराहरू भुत्लाइरहेका थिए । आफ्ना अशिक्षित साथीहरूको यो अवस्था र वातावरण देखेर जनार्दनलाई कहाली लाग्छ । तुयुचाको घर पुगेर सोध्दा तुयुचा अंग्रेजको होटलमा काम गर्छ भनी सुन्दा जनार्दन त्यतै होटलतिर लाग्दछ ।

होटल अगाडिपट्टि रुखनिर बसेर तुयुचा कहिले होटलबाट बाहिर निस्कन्छ भन्दै कुर्दै बसिरहन्छ । तुयुचालाई साइकल चलाउँदै आफूतिर आएको देख्दा जनार्दन खुसी हुन्छ । तुयुचाले साइकलको पाइतल सकीनसकी मारेर चलाएको देख्दा जनार्दनलाई पनि साइकल सिक्न मनलाग्छ तर सिटमा बसेर तुयुचाले जस्तो गरी चलाउन नसक्दा हीनताको महसुस गर्दछ । तुयुचाले काम गर्ने होटलमा आफ्नो सुभद्रा दिदीलाई एउटा अमेरिकन हिप्पीसँग मोटरमा चढेर आएर हात समाती होटलभित्र छिरेको देख्दछ र अचम्म मान्दछ । आफ्नो सानीमालाई सुनाउने कि नसुनाउने भनेर दोधारको मनस्थितिमा बाधिन्छ । त्यहाँ होटलमा गएको थाहापाउनु भयो भने .........!

घरमा पुगेर फेरि मामाले यस्तो घाममा कहाँ पुगेर आएको त्यही पोडे केटाहरूसँग खेल्न गएको ? बाहुनको छोरो भएर त पढीलेखी ठूलो हुने बुद्धि पो लिनुपर्छ भन्नुभयो । मामाले यसो भनिरहदा आफ्नो साथी तुयूचाको अनुहार सम्झन्छ आज उसले होटल ब्वाय भएर काम गरेको छ । ऊ साइकल चलाउन जान्दछ, घरको आमाबाबालाई पाल्ने भएको छ, कसैले उसलाई पोडे भन्दैनन् तर उसैको विरोधमा उसले हप्की र धम्की पाइरहेछ र रिसको भागी हुनुपरेको सम्झिरहन्छ ।

मामामाइजूको मुखबाट आफ्नो सानीमाले कानपासा बन्धक राखेर ब्रतबन्ध गरेको कुरा सुन्दा उसको बालसुलभ मानसिकताले मलाई किन सानीमाले यसरी ढाँट्नुभयो होला भनी सोच्दछ ......? आफ्नो सानीमासँग रिसाउँदै म आज पनि तुयुचालाई भेटेर आएको, मेरो ब्रतबन्ध गरेर के विग्रियो त ? म अझ पनि उसलाई भेट्छु, सुभद्रा दिदी पनि अग्रेज ठिटोसँग होटलमा खानुहुन्छ । उहाँलाई बिग्रीयो भनेर त

---

[१००] पूर्ववत् , पृ २०

कसैले गाली गर्दैनन् "पोडेले, अङ्ग्रेजले छोएको खानुहुन्छ"[१०१] उसको कलिलो बुद्धिले देखेको कुरा गऱ्यो ।

मामामाइजूले जनार्दन होटलमा तुयुचालाई भेट्न गएको सुनेर, माइजूले हेर्नु फिस्टुनानी यस्तो पोडेलाई तिमीले लिएर जाऊ, "पूजापाठ गर्दा, भान्सामा खाँदा पनि च्यामेको घरजस्तो दिङमिङ लाग्छ कति सहनु यस्तो अपवित्र घरमा पनि कहिल्यै देवता बास गर्छन् ?"[१०२] सुभद्रा पो पढेलेखेकी जे गरेपनि सुहाउछ । जनार्दनको मस्तिष्कमा मामाले भनेका शब्दहरू गुन्जिरहन्छन् "पढेर पो ठूलो बुद्धि आउँछ, जे गरे पनि सुहाउँछ । अनि जे सुकै गर, सडक बढारे पनि, चर्पी सोहरे पनि तँलाई कसैले केही भन्दैन ।"[१०३] आमाबाबा वितेपछि टुहुरो हुनुको एकातिर क्षतविक्षत पीडा, आफ्नो सानीमा पनि विधवा भएर दाइभाउजूको कर्कशयुक्त पीडामा बाँच्नुपरेकोले आफूलाई त्यो रुढिगत संस्कारमा रुमलेको घरमा दुःखी पाउँछ । बालबालिकाहरूले परिवारबाट पाउने उचित माया प्राप्त गर्न सकेन भने घरभन्दा बाहिरको मान्छेप्रति विश्वास गर्न थाल्दछ । त्यसैले आफ्नो सानीमाको साथी विदुरकृष्णले उनीहरूको दुःख देखेर आफ्नो साथमा लैजान्छु भन्दा पनि सहजै विश्वास गर्दछ र बाँडाकाहाँ राखेको कानपासा दिँदै सानीमालाई 'जाऊँ विदुरकृष्ण दाईले बोलाउनुभएको छ । जाऊँ हामी दुवै जनालाई बोलाएको छ ।' यसो भनिरहदा फिस्टुनानीले दाईले अघिल्लो दिन भनेको सम्झन्छ, तिमीपनि यसलाई लिएर जाऊ, म कसैलाई गलगाँड बनाएर घरमा राख्न चाहान्न, भो म जादिन भन्दा म जाउँत, आजै हवाईजहाजमा विराटनगरमा जाने रे जाउँ न जाउँ त, फिस्टुनानी बाहिर जानलाई बाकसबाट सारी झिक्न लागिन् जनार्दन खुसी भयो । उसको यो खुसी स्वतन्त्राको खुसी थियो आफू र आफ्नो सानीमाले सुख र खुसी पाउने मुस्कान थियो ...........!

यसरी शङ्कर कोइरालाले आमाबाबु नभएको टुहुरो केटो जो आफ्नो मामाको घर बस्न विवश छ । अन्धविश्वासी वातावरणमा बाहुन संस्कारमा हुर्केको आफ्ना दलित साथीहरूप्रति समाज र आफ्नो मामाले गरेको घृणाले उसको बालसुलभ मानसिकतामा उब्जेका विभिन्न उतारचढावहरूलाई उपन्यासमा जनार्दनका माध्यमबाट देखाउन खोजिएको छ । आफ्ना छोराछोरी र मामाको छोराछोरीमा गरेको भेदभावहरूलाई जनार्दनले भोगेको देखेको छ । त्यसैले गर्दा ऊ सधै आफूलाई दुःखी पाउँछ र अन्तमा

---

[१०१] पूर्ववत् , पृ.४२

[१०२] पूर्ववत् , पृ. ४९

[१०३] पूर्ववत् , पृ.५०

पराई मान्छेलाई झट्ट विश्वास गर्छ यसरी बालकका मनोभावनाहरूलाई केलाइएको हुनाले 'रिसको भागी' एक सफल बालमनोवैज्ञानिक बालउपन्यास भन्न सकिन्छ ।

## ४.३ 'रामेको कथा' उपन्यासको बालमनोवैज्ञानिक विश्लेषण

### क. कृति परिचय

'रामेको कथा' बालमनोविश्लेषणात्मक उपन्यास लेख्न सिद्धहस्त प्रेमाशाहको उत्कृष्ठ उपन्यास हो । यस बालउपन्यासले निम्नवर्गीय परिवारको सामाजिक पृष्ठभूमिलाई आफ्नो कथानकको विषयवस्तु बनाएको छ । वि. स २०४२ सालमा, 'रत्नपुस्तक भण्डारबाट' प्रथमपटक र वि.स २०५१ सालमा दोस्रो पटक पुःन प्रकाशित यस बालउपन्यासमा गरिबी र टुहुरा हुनुको पीडालाई भोग्नुपर्दा रामेको बालसुलभ मानसिकतामा परेको प्रभावलाई मनोविश्लेषणात्मक ढङ्गले केलाइएको छ । नेपालको पहाड र तराईदेखि भारतको निश्चित क्षेत्र परिवेशलाई समेत समेटेको देखिन्छ । यस उपन्यासको प्रमुख बालपात्र रामे हो भने अन्य गौण पात्रहरूमा थोमस लामा, मोसेस डेबिड आदि रहेका छन् । यसैगरी प्रौढपात्रहरूमा रामेको सानीआमा, बुबा, फुपू र दानी जस्ता पात्रहरू रहेका छन् ।

### ख. कृति विश्लेषण

रामेको कथा बालउपन्यास बालमनोविज्ञानको दृष्टिकोणले उच्चकोटिको देखापर्छ ।यसको प्रमुख पात्र रामेको सम्पूर्ण बाल्यकालीन अवस्थालाई कथानकले समेटेको छ । यस उपन्यासमा समय र परिस्थितिअनुसार प्रमुख पात्र रामेको मानसिकताको चित्रण सहज र सफलताका साथ प्रस्तुत भएको छ । दुई वर्षको दुधे उमेरमा आफ्नो आमाको मृत्यु भएपछि आमाको स्नेहबाट बन्चित रामेले आफ्नो सौतेनी आमाको प्रताडनालाई सहनु परेको छ ।

बालकको सर्वाङ्गीण विकासका लागि घर-परिवार र विद्यालयबाट उचित माया र स्नेह प्राप्त गरेको हुनुपर्दछ । यदि बाल्यकालीन अवस्थामा बालबालिकाले उचित वातावरण प्राप्त गर्न सकेनन् भने उनीहरूको भावना कुण्ठित हुन पुग्दछ र उसले सधै आफूलाई एक्लो निःसहाय रूपमा पाउन थाल्दछ र सधै दुःखी बन्न पुग्दछ । उनीहरू एउटै घर परिवारभित्र रहेका बालबालिकामा पनि समान व्यवहार गर्न सकिएन भने तिनीहरूको मानसिकतामा चोट पुग्दछ । आफूप्रति गरेको असमान व्यवहारको प्रतिकार गर्न नसकी डरपोक हुन्छन् । आफ्ना मानसिक रूपमा उठेका भावनाहरू गुम्सिन पुगी दुःखी बन्न पुग्दछन् । यस्तै पारिवारिक सदस्यबाट पिल्सिन पुगेको रामेको सपनाबाटै उपन्यासको सुरुवात भएको छ । विगतका दिनहरूमा सौतेनी आमाले गरको

आफूप्रतिका अन्यायपूर्ण दुःखद व्यवहारहरूलाई सपनाबाट सोचिरहन्छ । सानीआमाले आफ्ना छोराछोरीलाई मकैको फुला दिंदा आफूले दैनिक रूपमा कालो बाक्लो डढेको कोदोको रोटी खानु परेको र मकैको फुला देखेर थुक निल्नुपरेकोमा उसको मनमा ठूलो आघात परेको कुरा सपनाबाट व्यक्त भएको छ । यस्तै मानसिक तनाबबाट कथानक अगाडि बढेको छ । तराईको गर्मीमा फुपूको घरमा बसेर गाई, भैंसी चराउने, गोठको गोबर सोहर्ने, पानी ओसार्ने जस्ता काम गरेर चारवर्षको समय बिताइसकेको छ । घरमा पनि सौतेनी आमाको थिचोमिचोलाई सहेर बस्नुपरेको अनि हक-अधिकार र स्वतन्त्रता गुमाएर बस्नुपरेकोले सपनाको माध्यमबाट लालीगुराँसमा झुम्मिएका माहुरीसँग खेल्दै गुराँसको रस पिएर स्वतन्त्रताको खोजी गर्न पुग्छ । घरपरिवारबाट मात्र नभएर अन्य गाउँघरका आइमाईहरूले पनि,“दुई वर्षैमा आमालाई टोकिहालिस् अनि कसले माया गर्छ त ?[१०४] भनेर धारे हात लगाएको देखेर ऊ आश्चर्यमा पर्थ्यो । उसको बालस्वभावअनुसार आमालाई पनि उही सौतेनी आमाले दिएको कालो रोटीसँग तुलना गर्दै त्यसरी नै आमालाई टोकेछु कि भन्ने कुरा सोच्न थाल्थ्यो र तर त्यही धारेहातको डरले कसैसँग पनि आफ्नो आमाको बारेमा सोध्न सक्दैनथ्यो अनि एकान्तको समयमा विविध कुराहरू सोच्दै धेरै ठाउँ र अतीतका स्थितिमा विचरण गर्न पुग्थ्यो । यतिका समयसम्म उसले आफूलाई स्नेह माया दिने व्यक्ति भेटेको थिएन । त्यसैले रामे सधैं निराश र समाजको दृष्टिकोणबाट समेत पिछडिएको एक्लो असहाय बालकको रूपमा रहेको छ । आफूले सकिनसकी ओसारेको पानी फुपूका छोराछोरीहरूले पोखेकोमा उसलाई दुःख लाग्छ । एक्लै आँगनमा बसेको बेला परेवा र कुखुराहरू एकआपसमा मिलेर चरिरहेको देख्दा आफू र फुपूका छोराछोरीका बीचको असमानतालाई लिएर घोरिन पुग्छ । फुपूका छोराहरू स्कुल जाने बेलामा रामे गाईभैसी चराउन जङ्गल जानुपर्थ्यो । एउटा सुका रोटीको भरमा एकदिन गुजार्नुपर्दा उसको मानसिकता नै छियाछिया हुन पुग्थ्यो । यस्तै मानसिक कुण्ठा, पीडा र वेदनाहरूका साथ रामे फुपूको घरमा बाँचिरहेको हुन्छ ।

बालबालिकामा आफ्नो उमेरअनुसार खेलतर्फको अभिरुचि बढ्नु स्वभाविक हो । रामेको पनि गाईभैसी चराउन लैजादा स्कुलमा विद्यार्थीहरूले फुटबल खेलेको देखेर उसप्रति पनि खेलको रुचि जागृत हुन्छ । विद्यार्थीहरूले फुटबल खेलेको हेर्दाहेर्दै अचेतन मनमा गुम्सिएका भावनाहरूबाट अभिप्रेरित भएर खेलाडीहरूका बीचमा फुटबल हान्न पुग्छ । घरपरिवारको वातावरणमा उसले खेल खेल्न पाएको भए यसरी अचेतन

[१०४] प्रेमा शाह, **रामेको कथा**, काठमाडौं : रत्न पुस्तक भण्डार , पृ. १२

अवस्थामा बल हान्न पुग्दैनथ्यो । खेल खेल्ने त कुरै छोडौं खेलेको हेर्न आउँदा समेत कसैको आँखा छलेर आउनुपर्ने रामेले फुटबल देख्नासाथ आफ्नो संवेगलाई रोक्न सक्दैन र त्यसको प्रतिक्रियास्वरूप बल भकुण्डो हान्न पुग्दछ । यसरी रामेले हानेको भकुण्डोबाट गोल हुन पुग्छ । जब रामेलाई आफूले हान्न पुगेको कुरा थाहा हुन्छ तब उसभित्र लाज र भयको संञ्चार हुन्छ । यसरी रामेले देखाएको खेलप्रतिको उत्सुकतालाई देखेर दानीले उसको नाम सोध्दा ऊ झस्कन पुग्छ । उसलाई कुनै ठूलो अपराध गरेजस्तो लाग्छ । यसरी डराइरहेको रामेले दानीजीको नरम, स्नेहपूर्ण बन्न पुगेपछि ऊ निर्धक्क भएर आफ्नो कथा बताउँछ । रामेको कथा सुनिसकेपछि दानीजीले ऊ माथि दया देखाउदै आफ्नो स्कुलमा पढ्न आग्रह गर्दा मानसिक सन्तुष्टि व्यक्त गर्छ । दानीजीको स्कुलमा रामेले सित्तैमा पढ्न पाउने कुरा सुनेपछि फुपूको अनुहार अँध्यारो भए पनि फुपाजू खुसी हुन्छन् । यसरी फुपाज्यूले आफूलाई दानीजीको स्कुलमा पढ्न पठाउने निधो गरेपछि फुपाज्यूको त्यस व्यवहारबाट सन्तुष्ट हुँदै, “हे भगवान् यसपाली फुपाजूको भैँसीले पाडी नै पाओस्, तोरी पनि थुप्रै फलोस् ।”[१०५] भन्ने भाव व्यक्त गर्छ । यसप्रकार रामेको आन्तरिक भावनामा झोला बोकेर स्कुल जाने धेरै पहिलेदेखिको धोको पूरा भएकोमा उसको खुसीको सीमा रहँदैन । यसरी खुशी हुनाको पछाडि उसको पिल्सिएको मानसिकताले प्राप्त गरेको ठूलो उपलब्धि हो भन्न सकिन्छ ।

दानीजीको स्कुलको छात्रावासमा पढ्न बसेको रामेले आफ्ना साथीहरूका बुबाआमाले छोराहरूलाई भेट्न आएको देख्दा उसको मनले आफ्ना बुबालाई खोज्न पुग्छ । त्यसैगरी निम्न आर्थिक अवस्था भएको परिवारमा रामे थोमस लामाको बुवाले उसलाई बीस रूपैया दिएर गएको कुरा सुनेर आश्चर्यमा पर्छ । यो उसको निम्न आर्थिक अवस्थामा गुज्रिएको मानसिकताको सङ्केत हो । रामेको बाल्यावस्थाको मानसिकता हिन्दू संस्कृतिबाट प्रभावित भएको देखिन्छ । बाल्यावस्थामा जुन प्रभाव पर्छ त्यसको असर जीवनको अन्त्यसम्म नै पर्छ भने रामे त बाल्यावस्थाको उत्तरार्द्धमा रामे त बाल्यावस्थाको उत्तरार्द्धमा छ । उसमा पूर्वबाल्यावस्थामा परेको प्रभाव उत्तरार्द्धमा आउँदा तीव्र रूपमा देखापर्छ । हिन्दू संस्कृतिको प्रभावमा परेको रामे दानीजीले खोलेको क्रिश्चियन स्कुलको वातावरणसँग घुलमिल हुन सक्दैन ।

उसको साथी डेबिडले प्रभुको नाम चलाउनको लागि दानीजीले तिम्रो बुबालाई पनि पैसा दिनुहुन्छ भन्दा रामेले आफ्नो बुबाको कोठामा झुन्डयाएका तस्वीरहरू,

---

[१०५] रामेको कथा, पूर्ववत् ,पृ.१२

"हाम्रा बाका त राम हनुमान हुनुहुन्छ । यहाँ पैसा लिन किन आउनुहुन्थ्यो ?"[१०६] भनेर नयाँ प्रभुप्रति घृणा देखाउँछ । त्यसैगरी दानीजीले उसको नाम 'रिचर्ड' राखिदिएकोमा रामेलाई रिस उठ्छ । दानीजीको प्रभुलाई एउटा छट्टु बानियाँको रूपमा सम्झन्छ ।

यसरी दानीजीको आफ्नो प्रभुको कथा विद्यार्थीहरूलाई सुनाउँदा रामेले रामायणका कथाहरू सम्झन थाल्छ । यसैगरी दानीजीले विद्यार्थीहरूको नाङ्गो खुट्टा र फाटेका कमिजको फोटो खिँचेर लैजाने र विदेशबाट अर्काको जडाउरी कपडा ल्याएर विद्यार्थीहरूलाई दिने जस्ता व्यवहारबाट रामेलाई आफ्नो अस्तित्व बेचिएको महसुस हुनथ्यो ।त्यसैले रामेको मनमा दानीजीको त्यो व्यवहारबाट घृणा उत्पन्न हुन्थ्यो । आफ्नो धर्म र संस्कृतिको आडमा आत्मगौरवका साथ बाँच्न चाहने रामेको मानसिकताले क्रिश्चियन धर्मको वातावरण स्वीकार गर्न सकेन । उसका निम्ति किश्चियन धर्म स्वीकार गर्नु भनेको आफ्नो अस्तित्वको पलायन हुनु हो भने भावनाबाट ऊ उत्प्रेरित देखिन्छ । प्रधानपञ्चको पद ओगटिसकेको दानीजीप्रति असन्तोष व्यक्त गर्दै रामेले आफ्ना साथीहरूसँग भन्छ, "नेता यस्तो हुँदैन, हेर न दानीजी हाम्रो भागको दूध बेच्छ । हामीलाई चाहिँ अर्काको भीखमा पाल्छ ।"[१०७] रामेले दानीजीको नेतृत्वलाई समेत स्वीकार गर्न सक्दैन । दानीजीका यस प्रकारका व्यवहारहरूबाट पीडित हुँदाहुँदै पनि रामे पढेर ठूलो मान्छे बन्ने इच्छाले त्यहाँ बसेको हुन्छ । अन्त्यमा दानीजीबाटै रामेमाथि अनर्गल दोषारोपण थुपारिन्छ । त्यस किसिमको दोषारोपण सहन नसकी घायल मानसिकताकासाथ ऊ मुग्लान पस्न बाध्य हुन्छ ।

यसरी एक्लै मुग्लान पस्दा रामले आफूलाई परिपक्व भएको ठान्दछ । पटना सहरमा चियाका जुठा कप माझ्ने काममा लागेको रामेलाई,"चिया पसलको मालिकले उसलाई बहादुर ! गिलास अच्छी तरह साफ करके आओ । बहादुर झाडु मारो,बहादुर गन्दा बाहर फेकदो भनेको ऊ सहन सक्दैन ।"[१०८]

यस्ता कुराबाट रामेले आत्मसम्मान गुमेको महसुस गर्छ । किशोर अवस्थामा प्रवेश गरेको रामेमा आत्मगौरवको भावना जाग्रित हुन पुग्छ । विदेशमा वस्दा उसलाई आफ्नो राष्ट्रप्रतिको मायाले सताउँछ । रामेका आँखाका अगाडि पहाडको लालीगुराँसका फूलहरू नाच्न थाल्छन् । उसको आन्तरिक भावनाले राष्ट्रियतालाई पछ्याउँछ । नेपाली बहादुरको काम विदेशीहरूको जुठो भाँडा माझ्ने नभएकाले आफ्नो अस्तित्व बचाउँनका निम्ति रामे स्वदेश फर्कन्छ ।

---

[१०६] रामेको कथा, पूर्ववत् पृ. २२

[१०७] रामेको कथा, पूर्ववत् पृ. २२

[१०८] रामेको कथा, पूर्ववत, पृ.२३

यसरी आफ्नो राष्ट्रिय अस्तित्व बचाउनका निम्ति स्वदेश फर्केको रामेले काठमाडौंमा आएपछि मोहनले गरेको चरेसको व्यापार र सेवन जस्ता नराम्रा व्यवहारबाट उसप्रति रिस र घृणाको भावना जागृत हुन्छ । जब ऊ धरहरामा पुग्छ त्यहाँ उसको मनले भीमसेन थापालाई देख्न थाल्छ । यसै क्रममा उसले अतीतका हाम्रा पुर्खाहरूको गौरवमय इतिहास सम्झन थाल्दछ । गौरवमय इतिहास बोकेका पुर्खाहरूका सन्ततिले गरेका व्यवहारहरू सम्झेर रामेको आँखा रसाउन थाल्छन् । कामको खोजीमा भौतारिएर थकित भएको रामे भोक र प्यासले आत्तिदा पनि अन्य केटाकेटीहरूले जस्तै विदेशीहरूसँग हात थाप्ने कल्पनासम्म गर्न सक्दैन । यो उनको आन्तरिक भावनाबाट उत्प्रेरित भएर देखाइएको स्वाभिमानपूर्ण व्यवहार भन्न सकिन्छ ।यसरी भोकभोकै काठमाडौंमा धेरै दिनसम्म भौतारिएर बालदिवसको समेत वास्ता नगरी आत्मगौरवका साथ बाँच्नका निम्ति आफ्नो जन्मस्थान तर्फ लाग्दछ ।

## ४.४ 'कलिला सपनाहरू' बालउपन्यासको मनोविश्लेषणात्मक विश्लेषण

### क. कृति परिचय

प्रथमपल्ट नेपाली बालउपन्यासको क्षेत्रमा पूर्णरूपले बालमनोविज्ञानको प्रयोग गरी एस. एस बस्नेतले,कलिला सपनाहरू'(२०३७) उपन्यास लेख्नुभएको छ । यो उपन्यास रत्नलाल मानन्धर र शान्तराज पुरीको व्यक्तिगत प्रयासमा वि. स २०३७ सालमा प्रकाशित भएको हो । लेखकको पहिलो प्रयास भए पनि यसमा अबोध मनस्थितिको सूक्ष्म चित्रण मनोवैज्ञानिक आधारमा गरिएको छ । "बालसंबेदनालाई लेखकले सहानुभूतिपूर्वक प्रस्तुत गर्न खोज्नुभएको छ ।"[१०९] यस बालउपन्यासमा साना –साना नानीहरूको चरित्रलाई अङ्कन गरिएको छ । यस बालउपन्यासमा मूलतः सुशीलको बालमनोविश्लेषणलाई केलाउन खोजिएको भए पनि सुशील, शशि, दीपक, सुरेश आदि बालपात्रहरू रहेका छन् भने सुशीलको मुमा – बुवा र शशीका मुमा – बुवाहरू वृद्ध पात्रहरू रहेका छन् । 'कलिला सपनाहरू' बालउपन्यासमा बालबालिकाको कलिला सपनाहरूलाई ५८ पृष्ठमा सजाइएको छ ।

### ख. कृति विश्लेषण

बालबालिकाको सर्वाङ्गीण विकासका लागि उसको घरपरिवारको पारिवारिक वातावरणले अहम् भूमिका खेल्दछ । जहाँ उसका इच्छा,भावना, रहरहरू पूरा हुन्छन् । त्यहाँ बालबालिकाले आफूलाई सधैं स्वतन्त्र पाउँदछन् । यदि बालबालिकाले परिवारबाट

---

[१०९] अशेष मल्ल, **भूमिका** लेखन, कलिला सपनाहरू, रत्नलाल मानन्धर र शान्तराज पुरी संयुक्त प्रकाशन, २०३७ ।

उचित माया स्नेह प्राप्त गर्न सकेनन् भने दुःखी भई घर परिवारबाट टाढा भाग्न खोज्दछन् र आफूलाई सधै निर्धो सम्भिmन पुग्दछन् । त्यस्तै यस बालउपन्यासको बालपात्र सुशील यस्तै समस्याले पीडित भएको छ र ऊ मानसिक रूपले दुःखी बन्न पुगेको छ । बालउपन्यासको कथानक पनि सुशील स्कुलको विदा भएपछि पनि घर फर्किन नखोजेको र उदास भएको प्रसङ्गबाट सुरु भएको छ ।

स्कुलका सबै विद्यार्थीहरू छुट्टी भएर रमाउँदै घरतिर फर्किसकेका छन् तर सुशील भने कहिले मिसले बनाएको चराको चित्र, कहिले बेन्चहरू हेर्दै गर्छ । उसलाई घर फर्कन पटक्कै मन छैन । पालेले ढोका लगाउँछु, बाहिर निस्की भन्दा मन नलाईनलाई निस्कन्छ र पनि ढोकामा उभिरहन्छ यसरी धोकामा उभिरहेको सुशीललाई देखेर मिसले सुशीललाई घर जानुपर्छ । नत्र तिम्रो बुवा तिमीलाई खोज्न यहाँ आउनुहुन्छ भन्दा उसले "आमा माइत जानुभच्छ, बुवा त तास खेलिरहनु भएको होला ?'"[११०] घरमा बाबुले सधै तास खेलिरहनुहुँदा रात परेपछि सुशीललाई बुईगलमा चढेर आगो लिएर आउनुपर्ने भएकोले घरको बुईगलको अँध्यारोभन्दा स्कुलको अँध्यारो कम छ भनी सोच्नु सुशीलको घरमा बुवाले स्थापाना गरेको घरको डरलाग्दो वातावरण हो । आमा माइत गए पनि आमासँग एक सुका मागी त्यही पैसाले सलाई किनेर राख्नुपर्ला भनेको त्यो पैसा पनि हराउँछ । राती बाबाले फेरि बुईगल चढेर आगो लिएर आउनुपर्छ मिस भनी मानसिक चिन्ता बताउँछ । मिसले पालेलाई बोलाई सलाई र मिठाइ किन्न लगाउँदा सुशीलको अनुहारमा खुशीको मधुरो हाँसो फैलिन्छ । यसरी खुशी फिजिनुमा उसको मानसिक चिन्ताले राहत पाउनु हो ।

सुशील बाटोमा हिड्दा पनि हिजोको घटना सम्भिmरहन्छ । बुवा र मुमा झगडा गरेको, आमाले मलाई मार्नोस् भनेको, उसको बुवाले चुलेसीले मुमालाई हान्न खोजेको,आफूले बुवाको खुट्टा समात्न पुगेको र बुवाले हुत्याइदिएको सम्झन्छ र झनै दुःखी हुन्छ । मुमा पनि तिम्रो परीक्षा नजिक आउँदैछ भनी एक्लै मामाघर गएको र आफू घरमा एक्लै हुनुपरेकोले झनै बुईगलमा राती चढ्नुपर्छ भनी डराएको, आमाबुवाको झगडा परेकोले आफ्नो पाठ पढ्न विर्सेकोले साथीहरूको सामुन्ने कान समात्न परेको आदि आदि कुराहरू सम्भिmन्छ र आफ्नो घरप्रति उसलाई झनै वितृष्णा उत्पन्न हुन्छ । मुमा नहुँदा आफ्ना बाबाले साथीहरू ल्याई रातभर तास खेल्ने गरी न पढ्न दिन्छन्, न सुत्न दिन्छन् । झन् चुरोट सलाई लेरा भनेर तसाइरहन्छन् । आज सलाई लिन बुईगल चढ्न नपर्ने भए पनि चुरोट किन्न अँध्यारोमा पसल त जानुपर्ने हैन भन्ने चिन्ताले सुशीललाई पिरोलिरहन्छ ।

---

[११०] एस.एस बस्नेत, कलिला सपनाहरू, रत्नलाल मानन्धर र शान्तराज पुरी संयुक्त प्रकाशन, २०३७, पृ. ३ ।

कहिलेकाँही सुशीलालाई आफ्नो भाइवैनी नभएकोमा पीर पर्छ तर उसको मामाघरमा शशि, रवि, शोभा, मीना अनि फुच्चे भाइ सबै छन् । तिनीहरू पनि धेरै हुँदा लड्ने पिट्ने झगडा गर्ने गरेको सम्झन्छ र धेरै छोराछोरी जन्माउनु पनि बेफाइदा हो भनी उसको बालसुलभ मानसिकताले सोच्दछ । यस्तै सोच्दै घर पनि आइपुग्छ, रातपर्छ । सधैजस्तो उस्तै मानिसहरूको जमघट अनि तासजुवा । तर ऊ ढुक्क छ आज सलाई सिरानमुनी राखेको छ त्यसैले निर्धक्क सुत्छ । बालबालिकाहरूको मनमा जुन डरले समातेको हुन्छ त्यो डर सपनाबाट पनि व्यक्त हुन्छ भनेजस्तै,"सपनामा पनि एक्लो भरेङ्ग उक्लेर बुईगलमा कुन्नि के खोजिरहेको बेला कता – कता टाउकोमा मुसा खस्छ र विरालो पनि ङ्याउ गर्छ । ऊ आत्तिएर चिच्याउँदा झल्यास्स व्युझन्छ र झन् बेस्सरी डराउँछ ।"[१११] ऊ सानोमा यस्तै घटनाले प्रभावित भएकोले त्यतिखेर आफ्नो आमाले बुईगलबाट उचालेर ल्याउनु परेकोले त्यहाँदेखि झनै अँध्यारो रात अनि बुँइगल सम्झेर डराउँछ यसरी ऊ डराउनुमा उसको मानसिकतामा बाल्यकालमा परेको प्रभाव हो ।

यस बाल उपन्यासमा सुशीलको साथसाथै शशीको बालमनोविज्ञानलाई पनि केलाउने प्रयास गरिएको छ । शशी सुशीलको मामाको जेठी छोरी हुन् । उनीमुनिका चार –चारवटा भाइबहिनीहरू आफूभन्दा साना भएकोले उसले कहिल्यै पनि मन लगाएर पढ्न र खेल्न पाउँदिन । आमाले भाइ खेलाएको बेला उसले काम गनुपर्दछ, आमाले काम गरेको बेला उसले भाइ खेलाउनु पर्छ । शशीमुनि चार–चारवटा भाई बहिनीहरू भएकोले उसले पढ्ने समयमा न मन लगाएर पढ्न पाएकी हुन्छे न खेल्न पाएकी हुन्छे, सधैं भाइ खेलाउनु पर्छ कि काम गर्नुपर्छ । यस्तो विडम्वना छ उसको जसले आफू स्वतन्त्रतापूर्वक पढ्न खेल्न नपाएकोले भगवानसँग प्राथना गर्दछ,"हे प्रभु, अब आमाले भाइवैनी केही पनि नपाउन् ।"[११२] यसरी उनले भगवानसँग यस्तो प्राथना गर्नुमा उसको धेरै भाइवहिनी भएका कारणले उब्जेको मानसिक समस्या हो ।

शशीलाई स्कुल बिदा भएको मन पर्दैन । स्कुलमा गए पढ्न पाइनथ्यो साथीहरूसँग खेल्न पाइन्थ्यो । दिनभरी भाइ खेलाउर बस्नु त पर्दैनथ्यो कि ? शशीलाई आफू ठूलो भएर आफूलाई पढाउने मिसजस्तो बन्नु रहेको छ । त्यसैले बिहान आफ्ना भाइबैनीहरूलाई पढाउँछे तर भाइबैनी धेरै भएकोले बाबाले पढाउन नसक्ने पो हो कि भन्ने उसलाई शङ्का लागिरहन्छ ।

---

[१११] पूर्ववत्, पृष्ठ ९ ।

[११२] पूर्ववत्, पृष्ठ ४

शशीको बालसुलभ मानसिकताले आफूभन्दा ठूलाले भनेका कुरा पनि राम्ररी बुझ्ने भएकी थिई । उनले अचेल टन्न पेट भरुन्जेल खाना पनि नखाएकीले आफ्ना बाबाले किन नखाएकी भन्दा "अँ अस्ति राति तपाईले नै आमासँग भन्नुमा हैन ? खाने धेरै भए, रिन बढ्दैछ के गरी बाँच्ने ? तपाईलाई रिनको भार बढी हुन्छ भनेर नखाएकी"[११३] भन्दा उनको कुरा सुनेर बाबुआमाको आँखामा आँसु आउँछ । बालबालिका संवेदनशील हुन्छन् र घरको समस्यालाई बुझ्ने हुन्छन् भन्ने कुरा शशी पात्रबाट बुझाइएको छ ।

यस्तै क्रमले कथानकलाई अगाडि बढाउने क्रममा फागुण महिना लाग्छ, नयाँ कक्षामा नयाँ लुगामा सबैजना विद्यार्थीहरू स्कुल गैरहेका हुन्छन् तर सुशील भने पुरानो लुगामा स्कुल गैरहेको छ । उसको साथी दीपक उसलाई तिम्रो लुगा त पुरानो भनेर जिस्काउँदा,"तै लगा न नयाँ लुगा"[११४] भन्ने जवाफ दिन्छ । उसलाई पुरानो लुगा लगाउनु पर्दा केही फरक पर्दैन तर तेरो बुबा 'बारमासे' भन्दा उसलाई चिन्ता पर्छ र के होला यो बारमासे भनेको भनेर घोप्टिरहन्छ । उसको बालमस्तिष्कमा उठेको जिज्ञासालाई उनको आमासँग सोध्दा "बारेमासे भनेको सधैं तास–जुवा खेलेर बिग्रेको तिम्रो बुबाजस्तो मान्छेलाई भन्दछन् ।"[११५] ऊ आफ्नो बुबालाई त्यसो भन्दा रहेछन् भनेर दुःख मान्दछ ।

एक दिन सुशीलको बुबा विरामी भएर बिस्तरामा पल्टिरहनुभएको छ । उसको आमाले सुशीललाई बुबासँग बस भन्दा बुवाको साथीहरूलाई बोलाएर लिएर आउँछु भन्दै दगुर्छ कहिले गोपालको काकालाई बोलाउँछ भ्याछैन आउदैन आउँदिन भन्ने जवाफ आउँछ ।

त्यसपछि रामदाईसँग जान्छ । त्यहाँ पनि भ्याउदैन भन्ने उत्तर पाउँछ, अचम्म मान्छ अनि सोच्छ । तास खेल्दा सबै दिनदिनै आधारातसम्म भ्याउँथे तर आज बुबा बिरामी हुँदा कोही हेर्नसम्म भ्याउँदैनन् भनी रिस उठ्छ । घरमा पुग्दा बुबाले आऊ सुशील नजिकै आऊ बस भन्दा पहिले बाबाले कहिल्यै माया स्नेह नदेखाएकोले बाबाको नजिक पुग्न पनि डराएको अनुभूति गर्छ । आज बुवाको मायाको आभास पाएकोले आफ्नो मुमासँग अचम्म मानी सोध्छ, "मुमा आज किन मलाई बुबाले माया

---

[११३] पूर्ववत् , पृ.१९

[११४] पुर्ववत् पृं

[११५] पूर्ववत् पृ.४४

गर्न लाग्नुभएको ?"[११६] बिरामी हुने वेला मात्र हैन अब सधै तिमीलाई माया गर्नु हुन्छ, आफ्नो छोराका बालसुलभ प्रश्नहरूले बाबुको आँखामा आँसु आउँछ । छोरालाई नजिकै बोलाएर, भरे छुट्टी हुनासाथ सरासर आऊ है छोरा भन्छन् भन्नुहुन्छ सुशील खुशी हुँदै हस् । सधै स्कुल छुट्टी भएपछि घर फर्कन दु:ख मान्ने सुशील आफ्नो बाबुको माया पाउने बित्तिकै खुसी हुँदै आज स्कुलबाट घर फर्कन हतार गर्छ । बालबालिकाहरूलाई माया र स्नेह दिएमा बालबालिकामा डरको भावना हराएर जान्छ भनेजस्तै सुशीलमा पनि डरको भावना हराएर जान्छ ।

सुशील स्कुल जाँदा उसका दुई साथीहरू मिलेर बारमासेको छोरा भन्दै गिज्याउँछन् । बारमासेले पनि कतै आफ्नो छोरालाई कलम किनिदिन्छ र भन्दा सुशीललाई रिस उठेर ढुङ्गाले उठाएर हिकाईदिदा दुवैजना मिलेर कुट्छन्, सुशील रुँदै घर जान्छ । आफ्नो बाबाले किन रोएको बाबू भनेर सोध्दा र मलाई सबैले बारमासेको छोरा भन्छन् 'भनेर भन्दा' बन्दिन बाबु बन्दिन बारमासे,"तिमीलाई छोएर किरिया हाल्छु अब कहिल्यै त्यो तास, जुवा खेल्दिन बाबु अब खेल्दिन ।"[११७] सुशील साह्रै खुशी हुन्छ उनीहरू बुबा, मुमा र आफू जीवनमा पहिलो पटक सँगै मामाघर जाँदा असाध्यै खुसी व्यक्त गर्दछन् । मेरो बुबा त कहिल्यै तास नखेल्ने रे, बुझ्यौ र हाम्रो आमा बाबाले पनि कहिल्यै भाइबैनी केही पनि नपाउने रे भन्दै खुशी हुन्छन् र उनीहरूको कुरा सुनेर बसिरहेका शशिको बाबा आमा र शुशीलको बुवामुमालाई पनि हाँसो उठ्छ । यसरी उपन्यासको कथानकलाई दुवै बालबालिकाको मानसिक चिन्तालाई हटाएर सिध्याइएको छ ।

यसरी सुशीलको घरमा सधै बाबुले तास खेल्ने वातावरण सृजना गरिदिएकोले सुशीललाई घर र आफ्नो बाबुप्रति उठेको वितृष्णा मानसिक कुण्ठाहरू र शशीको बाबुआमाले आफूमुनि धेरै भाइबहिनीहरू जन्माएकोले उसको मानसपटलमा उब्जेका कुण्ठाहरूको धेरै राम्रो विश्लेषण गरिएको छ र अन्तमा दुबै जनाको मानसिक समस्यालाई समाधान गर्ने प्रयास गरिएको छ । तसर्थ 'कलिला सपनाहरू' बाल उपन्यासको क्षेत्रमा पहिलो उपन्यास भएपनि सफल र उत्कृष्ट बालमनोवैज्ञानिक उपन्यास हो ।

---

[११६] पूर्ववत् पृ. ४६

[११७] पूर्ववत् पृ. ५२

## ४.५ 'मनु र भँगेरा' बालउपन्यासको बालमनोवैज्ञानिक विश्लेषण

### क. कृति परिचय

बालउपन्यासहरू लेख्न सिद्धहस्त प्रेमा शाहद्वारा लिखित 'मनु र भँगेरा' बालरुचिलाई आर्कषण बनाएर लेखिएको एक सफल बालउपन्यास मानिन्छ । प्रथम पटक २०४२ सालमा प्रकाशित 'मनु र भँगेरा' पुनः संसोधित भएर २०६३ सालमा छापिएको छ । प्रेमा शाहले यस बालउपन्यासमा मनु भन्ने सानो संवेदनशील बालपात्रको भर्याङबाट लडेर लङ्गडो भएर धेरै दिनसम्म एउटै पलङ्गमा बसिरहनु पर्दा उसको मानसपटलमा उब्जेका मानसिक पीडाहरूलाई देखाउन खोजेकी छन् । जम्मा सत्ताइस पृष्ठमा यसको कथावस्तुलाई सजाइएको छ । बालबालिकाको रुचिअनुरूप चित्रहरूको प्रयोग गर्दै कथावस्तुलाई उत्सुकता, रोचकता, जिज्ञासा बढाउने खालको छ र उपन्यासको अन्त पनि मनुको हौसला र उत्साह जगाएर समाप्त गरिएको छ । यस बालउपन्यासमा घर र घर पछाडिको वगैंचाको परिवेशले सम्पन्न घरपरिवारको आर्थिक अवस्था भएको मनु नामको बालपात्रको मनोभावना केलाउन खोजिएको छ । उपन्यासमा मनुको आमा, उसका दाजु र अन्य साथीभाइहरू भए पनि मूल रूपमा मनु र भँगेराको क्रियाकलापमा बालउपन्यास केन्द्रित छ ।

### ख. कृति विश्लेषण

बालस्वभाव प्रतिस्पर्धात्मक हुन्छ । अन्य बालसाथीहरूसरह उनीहरूको माभ्रमा उत्कृष्टता देखाउने स्वभाव बालकमा हुन्छ तर आफू अन्य साथीहरूसरह खेल्न डुल्न नपाई घरमा अपाङ्गजसरी बस्दा स्वतः त्यो बालकको मनमा हीनभावना उत्पन्न हुन्छ र ऊ आफूलाई दुःखी बनाई चिन्तित हुन्छ भन्ने तथ्यलाई बालउपन्यासमा मनुको माध्यमबाट देखाइएको छ भने भँगेरा पन्क्षीपात्रको माध्यमबाट यदि हिम्मत नहारी साहस जुटायौँ भने जस्तो काम पनि गर्न सकिन्छ भन्ने उर्जा थप्ने काम गरेको छ ।

मनुलाई भऱ्याङ्गबाट लडेर बायाँ खुट्टामा प्लस्टर लगाई धेरै दिनबाट घरको पलङ्गमा बसिरहनुपरेको छ । जसले गर्दा ऊ स्कुल जान पनि पाएको छैन । खेल्न, कुद्न गोलपोष्टमा फुटबल गोल हान्न उसको रहर मात्र भएको छ । बालस्वभावअनुसार खेल्न कुद्न नपाउँदा एक ठाउँमा आफ्नो पलस्टर लगाएको खुट्टालाई हेरिरहनु पर्दा दुःखको संवेग उत्पन्न हुनु स्वभाविकै हो । उसका स्कुलका साथीहरू आएर धेरै छिनसम्म हाँस्ने हसाउने गरेता पनि जब साथीहरू उसलाई भेटेर जान्थे ऊ शून्यताको महसुस गर्थ्यो र मनमनै सोच्थ्यो, "आफू पनि ठीक भएको भए

कति खेलिन्थ्यो .......“[११८] ओछ्यानमा पल्टिएर बसिरहनु पर्दा उसलाई दिक्क लाग्थ्यो । ओछ्यानमा उठेर बस्नुपर्दा पनि सहयोग चाहिन्थ्यो । उसको यस्तो अवस्थाले गर्दा उसलाई यस्तो पनि लाग्थ्यो कि, “अब यो भाँचिएको खुट्टा जोडिँदैन र ऊ सदाको लागि लङ्गडो हुन्छ ।”[११९]

उसको बालसुलभ कोमल मानसिकतामा कतै म सधैँ लङ्गडो हुने हूँ कि भन्ने डर र हीनताको संवेग उठ्नु पनि स्वभाविकै हो । कहिलेकाहीँ आफू लङ्गडो भएको कल्पना मनुको सानो मनमा उठिहाल्थ्यो । “काखीमुनि बैसाखी च्यापेर टकटक गर्दै मनु स्कुल जान्छ । बलिया सोझा खुट्टा भएका साथीहरूका अगाडि ऊ दयनीय देखिन्छ । कक्षामा लाजले मनु सबभन्दा पछाडि बेन्चमा गएर बस्छ अनि स्कुलभरि ऊ सबैको विचरा ! हुन्छ ।[१२०] ऊ यी कुराहरू सोच्दासोच्दै यस्तो लाग्छ उसका लागि खेलका मैदानहरू टाढा हुँदै गैरहेछन् र “ अकस्मात् मनुको घुँक्का छुट्छ ।[१२१] आफू लङ्गडो हुनुपर्ने र अरूसरह खेल्न कुद्न नपाइने मानसिकताले गर्दा ऊ रोइरहन्छ ।

मनुले आज बिहान आफ्नो झ्यालबाहिरको संसार हेर्‍यो । उज्यालो घाम, चराको चिरविर आवाज, बगैँचा अनि बगैँचामा फुलेको ढकमक्क फूलले उसलाई आनन्द दियो । उसले केही मात्रामा भएपनि आफू लङ्गडो हुनुको पीडालाई कम भएको महशुश गर्‍यो र सधै झ्यालबाहिर हेरेर खुशी हुन सिक्यो । मनुको झ्यालको सीधा नास्पतीको रुखमा भँगेराको गुँड थियो । भँगेरीले आफ्ना बचेराहरूलाई उडाउन सिकाउन थालेकी थिई । यसरी उड्ने शिक्षा लिइरहँदा, “सानो बचेरो अकस्मात् हाँगाबाट खस्यो ।”[१२२] यी सब हेरिरहेको मनुको कोमल भावना थर्रर काम्यो । बचेराको क्रन्दन मनुले सुन्यो किनभने ऊ पनि लडेर घाइते भएको छ । माऊ भँगेराले बचेरा भँगेरालाई उचालेर गुँडमा राख्न कति प्रयत्न गरी तर सकिन । बालबालिकाहरू सहयोगी हुन्छन् । यी सबै हेरिरहेको मनुले सोच्यो, “मेरा खुट्टा केही चलाउन पाएको भए बच्चालाई उठाएर गुँडमा राखिदिन्थेँ ।”[१२३]

अब त झनै मनुको काम नै नास्पतीको रुखमा बसेको भँगेराको गुँडमा हेर्ने काम भयो । सबै भँगेराहरू आफ्ना आमाबाबासँग उड्न सिकिरहेका थिए । लङ्गडो भँगेरो भने गुँडमै बसिरहन्थ्यो र बाहिर आफ्ना दाजुहरूलाई हेरिरहन्थ्यो ।

---

[११८] प्रेमा शाह, **मनु र भँगेरा**, काठमाडौं : रत्न पुस्तक भण्डार (२०४३) पृ.४

[११९] पूर्ववत् , पृ. ५–६

[१२०] पूर्ववत् , पृ. ६

[१२१] पूर्ववत् , पृ. ७

[१२२] पूर्ववत् , पृ. १०

[१२३] पूर्ववत् , पृ. ११

मनु आफू पनि लङ्गडो भएको र भँगेरो पनि लङ्गडो भएकोले "मनुलाई त्यो लङ्गडो बचेरो आफूजस्तै असहाय र एक्लो लाग्थ्यो, त्यसैले उसको मनमा त्यसप्रति असाध्यै माया थियो ।"[१२४]

मनुको दिन यसरी नै बित्दै थियो । झ्यालबाहिरको भँगेराको जीवनवृत्त हेरेर । साना – साना बचेराहरू आफैँ उड्न सक्ने भएका थिए । विचरो ! लङ्गडो भँगेरा भने गुँडमा नै थियो । उसलाई सबैले वास्ता गर्न छोडिसकेका थिए । एक दिन बिहान मनुले झ्यालतिर हेर्दा लङ्गडो भँगेरो बडो सर्तकतापूर्वक उभिन प्रयास गरिरहेको थियो । हाँगामा लहर लागिरहेका कमिलालाई टप्प –टप्प टिपेर खान थाल्यो, मनुले त्यो देखेर आफ्नो कितावमा पढेको सम्झिन्थ्यो । "ईश्वरले सबै प्राणीलाई बनाएका हुन् र उनैले तिनीहरूको आहार जुटाउँछन् ।"[१२५] लङ्गडो भँगेरो उभिने प्रयासमा सफल भएपछि भँगेरो उड्ने प्रयासमा पनि सफल भएको र आफू मनुले पनि लङ्गडो बस्नुपरेको कुण्ठाले गर्दा होला जब लङ्गडो भँगेरो उड्न थाल्यो, "उसलाई लाग्न थाल्यो, त्यो भँगेरो होइन, ऊ आफैँ उडेर उफ्रदै हावामाथि हिँड्दै छ ।"[१२६] भँगेरो उड्दा आफूपनि उडेको महसुस गर्नु, उसको दुखद मानसिकताले आफू पनि सुखद अनुभूति गर्नु हो । र मनुले सोच्न थाल्यो, "अब त्यो दिन टाढा छैन,ऊ पनि छिट्टै फुटवल ग्राउन्डमा ओर्लनेछ ।"[१२७] लङ्गडो चरो घाइते भएर पनि आफ्नो साहस, हिम्मत मेहेनेतले गर्दा उड्न सफल भयो म पनि अब चाँडै नै फुटबल खेल्न सक्ने हुनेछु भन्ने सोच्नु भँगेरोको जीवन देखेर प्रवाभित हुनु हो ।

मनु आफ्नो झ्यालको बाहिर भातका सिताहरू फ्याँकिदिनथ्यो अनि लङ्गडो भँगेरो रुखबाट झरेर भातका सिताहरू टिप्थ्यो । भँगेरो मनुको कोठाभित्र आएर पनि चर्ने टिप्ने गर्थ्यो । मनु र भँगेरो घनिष्ट साथी भैसकेका थिए । भँगेरको कारणले गर्दा मनु पनि आशावान्, धैर्यवान् र साहसी भैरहेको थियो । पहिले त ऊ आफ्नो पलस्टर गरेको खुट्टा हेरेर दुःखी र निन्याउरो हुन्थ्यो । तर मनु प्रसन्न भएर सोचिरहन्थ्यो । " अब थोरै दिनमै मेरा भाँचिएका हाड जोडिन्छन् ।"[१२८] एवम् रीतले धेरै दिनहरू बित्दै गए तर अचेल मनुको मन पटक्कै खुसी छैन उसलाई नरमाइलो लागिरहन्थ्यो । उसले बनाएको सानो साथी भँगेरो पनि धेरै दिनदेखि देखापरेको थिएन । उसलाई उसका साथीहरूले

---

[१२४] पूर्ववत्, पृ.१२

[१२५] पूर्ववत्, पृ.१५

[१२६] पूर्ववत्, पृ. १८

[१२७] पूर्ववत्, पृ. १८

[१२८] पूर्ववत्, पृ. २०

थुपारिदिएको पुस्तकप्रति पनि कुनै चासो थिएन । आफ्नो साथी भँगेरोको मधुरो चिर्र–चिर्र ची पनि सुन्न सकेन । बालबालिकाहरू जुन वस्तुप्रति माया गाँस्छन् त्यो गुमाउँदा हराउँदा सर्वस्व हराएको महसुस गर्छन् र दुःखी हुन्छन् । "कालो बादलको थुप्रो र नास्पतीको रित्तो हाँगो देखेर मनुको उदासी बढ्दै गयो ।"[१२९] र दुःखी मनले गितार बजाउन थाल्यो । मनु दुःखी भएको कारणले उसको कोठाबाट उदासीका धुनहरू बजिरहन्थ्यो ।

मनुले टुकटुक गरेको आवाज सुनेर झ्यालतिर आफ्नो साथी भँगेरो देख्छ । आफ्नो हराएको साथी देख्दा मनु अति नै खुशी हुन्छ । बालबालिकाहरूमा आफ्नो मन परेको वस्तु देख्दा खुसीका संवेगहरू उत्पन्न हुन्छन् । मनुले उसलाई हृदयदेखि स्वागत गऱ्यो । भँगेरो आफ्नो दाना टिपेर फेरि उड्यो । वर्षाले भँगेरको गुँड पनि भत्काइदिएको थियो । उसलाई लाग्यो अब फेरि भँगेरो आउदैन । धेरै दिनपछि त्यो लङ्गडो भँगेरो आफ्नो पोथी भँगेरो ल्याई गुँडमा बस्न थाल्यो त्यो देखेर मनु अचम्भित भयो । मनुको पनि पलस्टर खोल्ने दिन आयो । डाक्टरले मनुको प्लस्टर खोलिदिएर मनु अब ठीक भयो भनिरहदा, "मनुको आँखामा खुसीको आँसु भरियो ।"[१३०] जुन कुण्ठाले ऊ सधैं निराश र दुःखी हुन्थ्यो । त्यो दुःखबाट छुटकारा पाउँदा बालसुलभ आँखामा आँसु आउनु स्वभाविकै हो । मनुले खुट्टा अलि धर्मराउदै झ्यालतिर गएर भँगेरोलाई हेऱ्यो । उसले दुवै भँगेरा भँगेरीलाई कोठामा आउन दियो र रोटी मिचेर खान दियो । मनु आज असाध्यै खुसी थियो । मनुको मन पनि ती भँगेरा झै स्वतन्त्र भएको थियो । ऊ कतै निराश थिएन र ऊ आफूलाई फुटबल खेल्दै गरेको महसुस गर्दै थियो ।

यसरी बालउपन्यासको सुरुवात लङ्गडो हुनुपर्दा हीन मानसिकताको विकास भएको देखाएको मनुको मानसिकतामा लङ्गडो भँगेराको कारणले आफूपनि चाँडै नै सबल हुन सक्छु भन्ने खुसीको मानसिकताको विकास गराएर उपन्यास सिध्याइएको छ । यसरी बालमनोविज्ञानको कुशल समाधान यस बाल उपन्यासले गरेको छ ।

[१२९] पूर्ववत्, पृ. २०

[१३०] पूर्ववत्, पृ. २७

## पाँचौ परिच्छेद

# निष्कर्ष

बालमनोविज्ञानको सैद्धान्तिक अध्ययन गर्दा बालमनोविज्ञान बालबालिकाहरूको मानसिक विकास अध्ययन गर्ने शास्त्र हो । बालमनोविज्ञानको पृष्ठभूमि दर्शनशास्त्रको विकास सँगसँगै भएको मानिन्छ । दर्शनशास्त्रको अध्ययनसँगसँगै मनोविज्ञानको अध्ययनको सुरुवात भएको हो र मनोविज्ञानका विभिन्न शाखाप्रशाखाहरूको अध्ययन सँगसँगै बालमनोविज्ञानको पनि विकास भएको हो । बालमनोविज्ञानभित्र मूलतः बालविकासको अध्ययन पर्दछ । मानवजीवनको सबैभन्दा महत्त्वपूर्ण आधारशिला बाल्यावस्था हो । बालविकासअन्तर्गत भाषिक, संवेगात्मक र सामाजिक विकास पर्दछ । भाषिक विकासको सुरुवात बालकमा संकेत भाषाको माध्यमद्वारा हुन्छ । बालकले भाषालाई पैतृक सम्पत्तिका रूपमा प्राप्त गर्दैन बरु आर्जन गरेर सिक्दछ । शारीरिक विकाससँगसँगै जतिजति बालक आफ्नो परिवारसँग घुलमिल हुन्छ र सम्पर्कमा आउँछ त्यति त्यति उसले भाषा अनुकरण गरेर सिक्दछ । बालकको संवेगात्मक विकासभित्र आत्मरक्षासम्बन्धी संवेग, सन्तानसम्बन्धी संवेग, समाजसँग सम्बन्धित संवेग पर्दछ । आत्मरक्षासँग सम्बन्धित संवेग भन्नाले भोक, भय, क्रोध, आश्चर्य, रचनात्मक आनन्द, संग्रहभाव, घृणा, करुणा आदि हुन् भने, सन्तानसम्बन्धी संवेगभित्र कामुकता, स्नेह जस्ता संवेग पर्दछन् । समाजसम्बन्धी संवेग अर्न्तगत एकाकीपन, उत्साह, आत्महीनता, प्रसन्नता आदि संवेगहरू पर्दछ । यसरी बालकको शारीरिक र मानसिक विकास सँगसँगै विभिन्न प्रकारका संवेगहरूको विकास हुन्छ । उसले समाज र परिवारसँग घुलमिल हुँदै बढ्ने क्रममा सकरात्मक र नकरात्मक व्यवहारहरू सिक्दछ । तसर्थ बालकमा विकास भएका नकरात्मक व्यवहारहरू हटेर सकरात्मक व्यवहार सिर्जना हुनुमा बालसमस्याहरूको बालमनोवैज्ञानिक ढंगले समाधान भएको पाठ्यपुस्तक सहायक हुन्छ । त्यस प्रकारका पाठ्यसामग्रीअन्तर्गत बालमनोवैज्ञानिक ढंगले बालका समस्याहरूको समाधान भएको बालउपन्यास पनि सहायक हुन्छ ।

नेपाली बालमनोवैज्ञानिक उपन्यासहरूको विकासक्रमलाई हेर्दा एकदमै न्यून मात्रामा नेपाली उपन्यासमा बालपात्रहरूको प्रयोग गरेर तिनीहरूको मनोविज्ञानलाई केलाउने प्रयास गरिएको छ । मूलतः बालमनोवैज्ञानिक उपन्यासहरू २०२५ सालदेखि हालसम्म २०६६ सम्मको अवधिलाई दुई चरणमा राखेर अध्ययन गरिएको छ । २०२५ सालदेखि २०३६ सालसम्मको अवधिलाई प्रथम चरण मानिन्छ । यस अवधिमा वृद्ध पाठकहरूका लागि लेखिएको उपन्यासमा बालमनोविज्ञानको प्रयोग हुनु अध्ययनको

एक पक्ष हो भने २०३७ सालदेखि २०६६ सालसम्मको अवधिलाई द्वितीय चरण मानिन्छ । यस अवधिमा वृद्ध पाठकहरूका साथसाथै बालबालिकाहरूको निम्ति लेखिएको बालउपन्यासमा पनि बालमनोविज्ञानको प्रयोगको अध्ययन हुनु यस चरणको विशेषता हो । यसै आधारमा बालमनोवैज्ञानिक उपन्यासहरूको सर्वेक्षण गरिएको छ ।

यस अध्ययनभित्र समेटिएका प्रमुख उपन्यासकार र उनीहरूका उपन्यास कृतिहरू हुन् । तारिणीप्रसाद कोइराला र उनको उपन्यास 'सर्पदंश', शङ्कर कोइराला र उनको बालउपन्यास, 'रिसको भागी', एस.एस बस्नेत र उनको बालउपन्यास'कलिला सपनाहरू', प्रेमा शाह र उनको 'रामेको कथा' बालउपन्यास र 'मनु र भँगेरा' बालउपन्यास हुन् ।

यी मध्ये तारिणीप्रसाद कोइरालाको सर्पदंश (२०२५) बालपात्रहरूको प्रयोग भई बालकका समस्याहरूलाई केलाइएको एक सफल बालमनोवैज्ञानिक उपन्यास हो । सर्पदंशमा मनोविज्ञानका दृष्टिकोणले विभिन्न मनोगत वृत्तिहरूलाई सफल उपन्यास मानिनुका साथै यो उपन्यासको साहित्यिक मूल्यहरूलाई पनि बोकेको छ । साहित्यिक उपन्यासहरू समाज बदल्ने दिसातिर अघि बढेको हुनुपर्छ । एउटा सन्देश समाजलाई दिन सकेको हुनुपर्छ । सर्पदंश उपन्यासमा पनि बालकको मनोभावनाहरूलाई बुझ्ने कोशिस गर्नुपर्छ अन्यथा बालबालिकाहरू कुलतमा फस्न सक्छन् भन्ने सन्देश उपन्यासले दिन खोजेको छ ।

त्यस्तै 'कलिला सपनाहरू', 'मनु र भँगेरा', 'रामेको कथा', 'रिसको भागी', बाल उपन्यासहरू पूर्ण रुपले बालमनोविज्ञान प्रयोग भई लेखिएका बालउपन्यासहरू हुन् । यी बालउपन्यासहरू बालसाहित्यको निम्ति बौद्धिक खुराक बन्न पुगेको छ ।

माथि उल्लेख गरिएका उपन्यासहरूको अध्ययन गर्ने क्रममा जम्माजम्मी मुख्य रूपमा दश जना बालपात्रहरूको मानसिक स्थितिलाई केलाउने प्रयास गरिएको छ । अन्य गौण पात्रका रूपमा रहेका बालपात्रहरूका मनोवृत्तिहरूलाई पनि एकमुष्ट रूपमा देखाइएको छ । यी पात्रहरूमा हर्ष, चिन्ता आश्चर्य, रिस, विस्माद, चिन्ता, शोक, खुसी, उत्साह,घृणाजस्ता बालमनोविज्ञानसँग सम्बन्धित संवेगहरूको राम्रो प्रयोग उपर्युक्त बालउपन्यासमा भएको छ । यिनमा स्वपीडन, परपीडन र सहयोगी भावना जस्ता बालमनोवृत्तिहरूको प्रयोग समेत भएको पाइन्छ । बालकको उमेरअनुसारको विविध रुचि, चाहनाहरूलाई उनीहरूले गरेका क्रियाकलापबाट देखाइएको छ । साहस, धैर्य, वीरता, पराक्रम जस्ता गुणहरूलाई पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ भने घमण्ड,उद्दण्ड,चञ्चल स्वभावलाई बालमनोवैज्ञानिक ढङ्गबाट देखाउँदै उनीहरूलाई असल बन्ने प्रेरणासमेत दिइएको छ ।

यहाँ अध्ययन गरिएका बालउपन्यासका बालपात्रहरू धेरैनै संवेदनशील देखाइएको छ । खासगरी धेरै बालपात्रहरू निम्नमध्यम परिवारका पात्रहरू भएकोले तिनीहरूमा धेरै नै सोच्ने क्षमताको विकास भएको देखाइएको छ । तिनीहरू आफ्नो स्थिति र पारिवारिक स्थितिलाई बुझ्ने भैसकेका छन् । आफ्नो घरको पारिवारिक वातावरण राम्रा पक्ष र नराम्रा पक्षलाई छुट्याउन सक्ने भएका छन् यदि हाम्रो बाबामा यस्तो नराम्रो गुण नभएको भए, हाम्रो आमाले धेरै छोराछोरी नजन्माइदिएको भए जस्ता उच्च संवेदनशील सोचहरू तिनीहरूमा देखापरेको छ ।

धैर्य र आत्मविश्वास गुमाइसकेको बालकले पनि मानवेतर पात्रहरूको जीवनचर्याबाट आफूमा आत्मविश्वास र प्रेरणा पलाएको देखाइएको छ र जीवनप्रति निराशा जागिसकेको स्थितिमा पनि आशा पलाएको देखाइएको छ । काम र मामको खोजीमा देश-विदेश हन्डर खाँदै हिडेको बालकमा पनि आफ्नो मातृभूमिको मायाले तानेर देशतर्फ नै आर्कषित गरेको छ । उच्च संवेदनशीलता पनि त्यस्ता बालकमा देखाएको छ । मागेर खानेकाम भनेको लाछीहरूले गर्ने काम हो र आफ्नो पौरखको गीत गाएर, पाखुरी बजाएर खाने काम गर्नुपर्दछ भन्ने कुराको निष्कर्ष उपन्यासमा गराइएको छ ।

माथि उल्लिखित बालमनोवैज्ञानिक उपन्यासमा तीनैथरीका बालपात्रहरू देखाइएको छ । यिनमा खासगरी निम्नमध्यम वर्गका पात्रहरूको बाहुल्य रहेको छ भने उच्च वर्गका पात्रको प्रयोग भने भएको छैन भन्दा पनि उचित हुन्छ । मध्यमवर्गका पात्रहरूको प्रयोग पनि मध्यम नै रहेको छ । निम्नवर्गका बालपात्रहरू पनि आर्थिक विपन्नताको कारण अन्य साथीभाइहरूबीच हीनताबोधको शिकार बन्न पुगेका छन् भने घर परिवारबाट पनि उनीहरूको इच्छापूर्ति गर्न नसकेर प्रतिभा पलाएन हुन पुगेको देखाइएको छ । केही मध्यमवर्गका पात्रहरूमा घरपरिवारको राम्रो वातावरण पाएका बालबालिकामा सहयोगी भावनाको विकास भएको देखाइएको छ भने मध्यम परिवारमा हुर्केको भएपनि आमाको मायाको अभावमा विसङ्गत कार्यमा संलग्न भएको देखाइएको छ । प्रायशः निम्न घर परिवारमा हुर्केका बालबालिका आर्थिक अभावको कमीले गर्दा उनीहरूमा हीनभाव, चिन्ताजस्ता निराशाजनक प्रवृत्ति रहेको पाइन्छ । मध्यमवर्गका बालपात्रहरूमा सबै संवेगहरूको स्थिति मध्यम नै रहेको पाइएको छ ।

त्यस्तैगरी यहाँ विश्लेषण गरिएका उपन्यासहरूको परिवेशगत वातावरणले पनि उनीहरूको मानसिक प्रवृत्तिलाई प्रभाव पारेको छ । सहरी वातावरणमा हुर्केका बालबालिकामा परम्परागत कुसंस्कार रुढिगत मान्यताहरूको प्रभाव नपरेको देखाइएको

छ । आफ्नो घरपरिवारले रुढिगत परम्परालाई अँगाल्दा पनि त्यसको विरोधमा बालबालिकालाई उत्रेको देखाइएको छ भने गाउँले परिवेशमा हुर्केका बालबालिकामा आफूलाई गाउँलेले आमाटोकुवा भनेर लान्छना लगाउँदा आफूलाई आमाटोकुवा भन्ने रुढिगत मान्यतामा परेर बालकले आफूलाई दोषी ठहऱ्याएको देखाइएको छ । सहरी वातावरणमा हुर्केका बालबालिकाहरू साहसी, नयाँ ज्ञानसँग तुरुन्तै समायोजन हुने उत्साही मनोवृतिका देखाइएको छ भने गाउँले परिवेशमा हुर्केका बालबालिकामा हीनता र कुण्ठाले ग्रसित बाह्य वातावरणसँग सजिलै समायोजन हुन नसक्ने मनोवृति देखाइएको छ । सहरी वातावरणमाा हुर्केका बालबालिकाहरू बाह्य वातावरणसँग घुलमिल हुने हुनाले र ज्ञानको नयाँ – नयाँ प्रविधिसँग परिचित हुनाले उनीहरूमा सिर्जनशील मनोवृत्तिको विकास भएको देखाइएको छ ।

त्यस्तैगरी बालमनोवैज्ञानिक उपन्यासको अध्ययनबाट बालबालिकाका लागि घरपरिवारको वातावरणभन्दा स्कुलको वातावरण रुचिकर हुने देखाइएको छ । बालबालिकाले स्कुलबाट ज्ञानात्मक विकासका साथै भाषिक, संवेगात्मक सामाजिक विकास सजिलै सिक्दछ । मूलतः बालबालिकाको सर्वाङ्गीण विकासको निम्ति घर-परिवारको वातावरण शान्त, मायालु, हुनुपर्दछ । घर परिवारको वातावरण नराम्रो भएको खण्डमा बालबालिकाले नराम्रो बानी व्यवहारहरू सिक्दछन् जसले गर्दा उसको भविष्य अन्धकारमय हुन पुग्दछ । यी उपन्यासमा दीर्घकालीन अपाङ्ग बालबालिकाको प्रयोग नगरी सानो दुर्घटनाले केही समयको लागि अपाङ्ग हुन पुगेको बालकको प्रयोग पनि गरिएको छ । आफू अपाङ्ग हुनुपर्दा हीनभावनाले ग्रस्त हुन पुगेको तर पछि उसमा म चाडैँनै सपाङ्ग हुन्छु भन्ने आत्मविश्वास पलाएको देखाइएको छ । यी उपन्यासहरूमा बालिका र बालक पात्रहरूको प्रयोग गरिएको भएता पनि तुलनात्मक रूपमा बालिका पात्रभन्दा बालक पात्रको प्रयोग बढी मात्रामा भएको छ । बालक पात्र र बालिका पात्र दुवैमा समान रूपमा कल्पनाशीलता र सिर्जनात्मकतातर्फको झुकाव देखाइएको छ भने बालबालिकाको जिज्ञासु स्वभावलाई सबैभन्दा बढी प्रस्तुत गरिएको देखिन्छ ।

समग्रमा बालक र बालिका दुवै पात्रहरूको प्रयोग गरेर तिनै बालपात्रहरूको मानसिक स्थितिलाई बालमनोवैज्ञानिक ढङ्गबाट प्रस्तुत गर्दै हर्ष, विस्माद, शोक, चिन्ता, रिस, साहस, धैर्य, उल्लास जस्ता संवेगलाई देखाइएको छ । स्वपीडन, परपीडन, हीनताजस्ता मनोवृतिलाई पनि सहज ढङ्गबाट देखाइएको छ ।

बालउपन्यासहरूमा बालकबालिकाले बुझ्ने किसिमको भाषाको प्रयोग गरिएको छ । उनीहरूको रुचि अनुकूलकै चित्रहरूको प्रयोग गरेर उपन्यासको कथावस्तुलाई

अगाडि बढाइएको छ । वृद्ध पाठकहरूको निम्ति लेखिएको उपन्यासमा बालक पात्रहरूलाई नै प्राथमिकता दिएर उपन्यास लेखिएको भए पनि जटिल कथावस्तु, जटिल शव्दावलीहरूको प्रयोगले गर्दा सामान्य पाठकहरूको निम्ति उपन्यास बुझ्न गाह्रो परेको देखिन्छ । अध्ययनभित्र समेटिएका बालमनोवैज्ञानिक उपन्यासहरूमा प्रेमा शाहको 'रामेको कथा', र एस.एस बस्नेतको 'कलिला सपनाहरू' दुई बालउपन्यास बालमनोविज्ञानको प्रयोगको दृष्टिकोणले उत्कृष्ट देखिन्छन् भने अन्य बालउपन्यासहरू बालमनोविज्ञानका हिसाबले महत्त्वपूर्ण रहे पनि यिनीहरूको दाँजोमा पुग्न सकेको देखिँदैन । वृद्ध पाठकको निम्ति लेखिएको बालक पात्रहरूको प्रयोग गरिएको एक मात्र उपन्यास **सर्पदंश** उपन्यास बालमनोविश्लेषणात्मक दृष्टिकोणले एक उत्कृष्ट उपन्यास रहेको छ । बालउपन्यासलेखन बालसाहित्यको अन्य विधाभन्दा धेरै पछि मात्र लेख्न थालिएको हो । सुरु–सुरुमा लोककथाजस्ता लाग्ने,काल्पनिक साहसिक कथाहरू राखेर बालउपन्यासहरू लेखेको पाइन्छ । २०३७ सालमा आएर मात्र एस. एस बस्नेतले बालबालिकाको मानसिक समस्यालाई केलाएर उनीहरूको बालमनोवैज्ञानिक ढंगले समाधान गर्ने प्रयास गरेका छन् । नेपालीमा बालमनोवैज्ञानिक उपन्यासहरू औँलामा गन्न सकिनेभन्दा अझ कम लेखेको भेटिन्छ । बालबालिकाहरूको निम्ति लेखिने उपन्यासहरू लोककथाकिसिमको मानवेतर पात्रहरूको प्रयोग गरेर यथार्थभन्दा पनि काल्पनिकताका नजिक देखिन्छन् । तसर्थ लेखकहरूले बालबालिकामा मूल रूपमा देखिने समस्याहरूलाई बालमनोवैज्ञानिक ढङ्गले नै समाधान गर्ने प्रयास बालउपन्यासको क्षेत्रमा टड्कारो रूपमा देखिन्छ ।

**आगामी अनुसन्धानका लागि शीर्षक सुझाव**

नेपाली बालमनोवैज्ञानिक उपन्यासको अध्ययनका क्रममा देखिएका अनुसन्धान गर्न उपयुक्त शीर्षकहरू सुझावको लागि निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

१. नेपाली उपन्यासमा अपाङ्ग बालपात्रहरूको बालमनोवैज्ञानिक अध्ययन

२. नेपाली उपन्यासमा बालिका पात्रहरूको बालमनोवैज्ञानिक अध्ययन

३. नेपाली उपन्यासको क्षेत्रमा बालक पात्रहरूको बालमनोवैज्ञानिक अध्ययन

४. नेपाली उपन्यासमा वैज्ञानिक खोजको रूपमा बालपात्रको प्रयोगको अध्ययन

५. बालक र बालिकाका पात्रका बीच तुलनात्मक मनोवैज्ञानिक अध्ययन

## सन्दर्भग्रन्थ सूची


अचल, अयोध्याप्रसाद, **बालमनोविज्ञानको रूपरेखा,** मोतिलाल बनारसी दास, सन् १९५७ ।

उप्रेती, शिवप्रसाद, **मोदनाथ प्रश्रितको जीवनी, व्यक्तित्व**, अप्रकाशित शोधपत्र, एम.ए. नेपाली, त्रि.वि., २०५८ ।

कोइराला, विश्वेश्वरप्रसाद, **मोदि आइन,** ललितपुर : साझा प्रकाशन, २०३६ ।

कोइराला, तारिणीप्रसाद, **सर्पदंश**, वाराणसी : प्रतिनिधि साहित्य प्रकाशन, २०२५ ।

कोइराला, शङ्कर, **रिसको भागी**, काठमाडौं : साझा प्रकाशन, २०५१ ।

खत्री, विष्णुकुमार, **नेपाली बालसाहित्यमा विजय चालिसेको योगदान**, अप्रकाशित शोधपत्र, एम.ए., रत्नराज्यलक्ष्मी क्याम्पस, २०५८ ।

खेताला, फणीन्द्रराज, 'शङ्कर कोइराला र उनको बाल उपन्यास 'रिसको भागी' समालोचना', **दायित्व,** मासिक (वर्ष १५, पूर्णाङ्क ४१, कात्तिक, २०५८) ।

घिमिरे, धुव्रकुमार, **प्रेमाशाह जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित शोधपत्र, एम.ए. नेपाली, त्रि.वि., वि.सं. २०४३ ।

घिमिरे, रघु, **सृजना र दृष्टि**, 'कथाकार तारिणीप्रसाद कोइरालाको समालोचकीय दृष्टिकोण', काठमाडौं : साझा प्रकाशन, २०५१ ।

चालिसे, विजय, **मङ्गल ग्रहमा विज्ञान**, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०६० ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन, २०४३ ।

प्रधान, प्रमोद, **नेपाली बालसाहित्यको इतिहास,** बगर फाउन्डेसन नेपाल, २०५७ ।

प्रश्रित, मोदनाथ, **नानीहरूलाई कसरी असल बनाउने**, लिशन प्रकाशन, २०४४ ।

पारिजात, **पारिभाषित आँखाहरू**, निर्माण प्रकाशन, २०५७ ।

पाण्डे, जगदानन्द, **बालमनोविज्ञान**, तारा पब्लिकेशन, कामाच्छा, वाराणसी, सन् १९६६ ।

पाण्डेय, रामप्रसाद, **सामान्य मनोविज्ञान**, श्रीमती सिद्धेश्वरी देवी मुजफ्परपुर सन् १९५९ ।

पौडेल, राम, **आधुनिक नेपाली कथाका बालपात्रको मनोवैज्ञानिक विश्लेषण**, विद्यावारिधि शोधप्रबन्ध, २०६० ।

बराल, कृष्णहरि तथा एटम नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, साझा प्रकाशन, २०५६ ।

बस्नेत, एस.एस., 'कलिला सपनाहरू' **रत्नलाल मानन्धर र शान्तराज पुरी**, संयुक्त प्रकाशन, वि.सं. २०३७ ।

भाटिया, हंसराज, वाराणसी ज्ञानमण्डल लिमिटेड, (बनारस) वि.सं. २०१७ ।

मल्ल, विजय, **अनुराधा**, साझा प्रकाशन, नवौं संस्करण, २०५९ ।

शर्मा, एण्ड शर्मा, **शिक्षा मनोविज्ञान**, एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स, वि.सं. २०६२ ।

शर्मा, गार्गी, **गोविन्द बहादुर मल्ल गोठालेका बालपात्रहरू**, लघु अनुसन्धान परियोजना, २०४७-२०५९ ।

शाह, आत्मराम, **मनोविज्ञान**, राजकमल प्रकाशन, सन् १९६६ ।

शाह, प्रेमा, **मनु र भँगेरा**, रत्न पुस्तक भण्डार, वि.सं. २०४३ ।

_______, **रामेको कथा**, रत्न पुस्तक भण्डार, वि.सं. २०४२ ।

शाह, एम.ए., **मनोविज्ञान**, आगरा विश्वविद्यालय, आगरा सन् १९७९ ।

सापकोटा, कविता, **पर्खिएकी जुकी**, बालसाहित्य सदन, काठमाडौं नेपाल, २०६३ ।

सुवेदी, यशोदा, **कविताराम श्रेष्ठको बालउपन्यासको अध्ययन**, अप्रकाशित शोधपत्र, एम.ए. नेपाली, त्रि.वि., वि.सं. २०६० ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, भूमिका प्रकाशन, २०५३ ।

लाटो साथी, **हामीभित्रको म**, काठमाडौं : साझा प्रकाशन, २०३६ ।

क्षत्री लीलबहादुर, **अतृप्त**, दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन, २०३३ ।

श्रेष्ठ र अर्जेल, **बालमनोविज्ञान**, रत्न पुस्तक भण्डार, २०२६ ।